सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

• वर्ष १३ • अंक २ • काठमाडौं, शुक्रबार, जेठ ११, २०६४ • SAPTAHIK • Nepali Natio... ay 25 • पृष्ठ २४ • मूल्य रु. ८/-

SAGARMATHA ENGINEERING ACADEMY (SEA)
Admission Open for
B.E. ENTRANCE PREPARATION
Managed and run by a galaxy of highly experts in the related field.
Contact: SEA Office, Kupondole, Lalitpur ☎ 5531547
(Opposite to Micro Bus Stand)
25% Scholarship to First 100 Enrolment




# बेलायत पलायनको प्रभाव

● समीक्षा कोइराला

**पोखराको भीमसेनचोकमा** बुटिक सञ्चालन गरेर बसेकी सवी शेरचनलाई अहिले भ्याई-नभ्याई छ। उनी नयाँ साडी र कुर्ता-सलवार डिजाइन गर्न दिनहुँ व्यस्त हुन्छिन्। त्यसबाट उनको परिवार मात्र चलेको छैन, शेरचनले थप १० जनालाई रोजगारी पनि दिएकी छिन्। उनका अधिकांश ग्राहक भने लाहुरे समुदायकै हुन्। एउटा साडीमा बुट्टा भर्दा उनी २ हजारदेखि ५ हजारसम्म लिन्छिन्। '४ हजार रुपैयाँको साडीलाई डिजाइनिङ गर्दा त्यसको मूल्य आठ हजारसम्म पुग्छ,' सवी बताउँछिन्, 'त्यसैले पनि यस्तो काम हुनेखाने तथा लाहुरे समुदायका व्यक्तिले बढी गर्छन्।'

पोखरा बुटिक व्यवसाय मौलाएको राजधानीपछिको प्रमुख सहर हो। बुटिक व्यवसायकै कारण पोखरामा फेसनसम्बन्धी दुईवटा कलेज (डिजाइनिङ स्कुल साफ्ट र आईईसी कलेज) सञ्चालनमा छन्। त्यसो त पोखरामा लाहुरे समुदायलाई लक्षित गरी खोलिएको व्यवसाय यो मात्र होइन। ब्युटिपार्लरदेखि जग्गाको प्लटिङ, वित्तीय क्षेत्र, डिपार्टमेन्टल स्टोर, गहना पसल, अटोमोबाइलजस्ता व्यवसाय पनि लाहुरे समुदायमै बढी लक्षित छन्। लाहुरे समुदायको खर्च गर्न सक्ने क्षमताकै कारण यी व्यवसाय फस्टाएका पनि छन्। सवी भन्छिन्– 'तर अब नेपाली लाहुरेहरू बेलायतमै बस्ने कुराले चिन्ता लागेको छ।'

बेलायत सरकारले सन् १९९७ यताको ब्रिटिस लाहुरेलाई आवासीय सुविधासहितको सहुलियत दिने भएको छ। पछिल्लो पटक पेन्सन र तलबमा समेत ब्रिटिस सैनिकसरह सुविधा दिएपछि ठूलो संख्यामा लाहुरे समुदाय बेलायत पलायन हुने भएको छ। उक्त निर्णयपछि पोखरामा राम्रो घर बनाएर व्यवस्थित बसोबास गरेका लाहुरे पनि भकाभक उतै (बेलायत) सर्ने सुरमा छन्, जसका कारण मुलुकमा भित्रिने रेमिटेन्समा कमी मात्र आउनेछैन, त्यसले दीर्घकालीन रूपमा मुलुककै आर्थिक संरचनामा समेत प्रत्यक्ष प्रभाव पार्नेछ।

माओवादी द्वन्द्वले आर्थिक स्थिति खस्कँदासमेत पोखराको व्यवसायमा खासै असर परेको थिएन। त्यसको एक मात्र प्रमुख कारण यही रेमिटेन्स थियो। रेमिटेन्सको एउटा ठूलो हिस्सा ब्रिटिस र भारतीय लाहुरे वर्गले ओगटेको छ। 'माओवादी द्वन्द्वले हामीलाई कुनै असर पारेको थिएन,' सवी भन्छिन्, 'तर अहिले बेलायती सैनिकका परिवारसरह सुविधा दिएका कारण नेपाली लाहुरे पलायन हुने क्रम बढ्न थालेपछि भने ठूलै सङ्कट आउलाजस्तो छ।'


बाँकी पृष्ठ १७ मा











## क्यासेट

### वाउ



म्युजिक नेपालले जुम्ल्याहा गायक दाजुभाइ रामलक्ष्मण (ट्विन्स ब्यान्ड) को दोस्रो गीतिसंग्रह 'ट्विन्स वाउ' बजारमा ल्याएको छ। यो गीतिसंग्रहमा समावेश आठवटै गीतमा दाजुभाइको स्वर सुन्न पाइन्छ भने अधिकांश गीतका शब्द रचना र संगीत पनि उनीहरूकै छ। संग्रहका लागि दीपक थापा, रुस्तम तथा कल्याण ब्रोले सहयोग गरेका छन्।

### सहयात्रा



संगीतकर्मी दम्पती गणेश-यशोदा पराजुलीको पहिलो गीतिसंग्रह 'सहयात्रा' दर्शक-श्रोतामाभ्क आएको छ। धौलागिरी क्यासेट सेन्टरले बजारमा ल्याएको यो गीतिसंग्रहमा दम्पतीले स्वर दिएका छन्। यशोदा पराजुलीले गाएको लोकप्रिय गीत दिन ढल्यो अँधेरी रातमा .. लाई रि-रेकर्ड गरेर संग्रहमा समावेश गरिएको छ। सुगम संगीत प्रधान यो संग्रहमा शब्द बुद्धवीर लामा, ज्ञानेन्द्र गदाल, कृष्ण अविरल, घमराज लुइँटेल, कृष्णहरि बराल, रमेश दाहाल, शुभ मुकारुङ, इन्दिरा प्रसाईं, उषा भट्ट, रमेश पौडेलको छ भने संगीत गणेश पराजुली, दिनेश सुब्बा, डेनी निरौला, दीपक जङ्गम, शिलाबहादुर मोक्तान तथा सुशील विश्वकर्माको छ।

### विनायो बजाउँदै



लोकगायक दिलेन्द्र राईको दोस्रो लोकजुहारी गीतिसंग्रह 'विनायो बजाउँदै' दर्शक-श्रोतामाभ्क आएको छ। लय तथा शब्द संकलन दिलेन्द्र राईको रहेको यो संग्रहमा चारवटा गीत समावेश छन्। जसमध्ये विनायो बजाउँदै गीतमा राईलाई रिमा गुरुङले र मोलनमोल (लैबरी) मा आभा मुकारुङ र सरला राईले साथ दिएका छन्। धौलागिरि क्यासेट सेन्टरले उक्त संग्रहलाई बजारमा ल्याएको हो।

## ग्यालरी

**कलाकार** लय मैनालीले शिवलिङ्गलाई विभिन्न दृष्टिकोणबाट प्रस्तुत गर्दै तयार पारेका चित्रहरूको प्रदर्शनी गत शुक्रबारदेखि दरबारमार्गस्थित आर्टसपमा प्रारम्भ भएको छ। शिवलिङ्गको दोस्रो श्रृङ्खलाअन्तर्गतको उक्त एकल प्रदर्शनी जेठ १९ गतेसम्म चल्नेछ। 'शाश्वत' शीर्षक राखिएको उक्त प्रदर्शनीमा प्रस्तर जस्तो खँदिलो, ठोस तथा आयतनलाई महत्त्व दिएर रंग एवं मैनबाट बनाइएका २४ वटा कलाकृति राखिएका छन्।

**स्थापित** कलाकारहरू शंकरनाथ रिमाल, श्यामलाल श्रेष्ठ, गौतमरत्न तुलाधर तथा हरिबहादुर खड्काले सिर्जना गरेका चित्रहरूको प्रदर्शनी गत मंगलबार सम्पन्न भएको छ। बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा जेठ २ गते प्रारम्भ भएको उक्त प्रदर्शनीमा सामाजिक जनजीवन, रहनसहन तथा अन्य विभिन्न विषयवस्तुमा चार कलाकारले कोरेका मूर्त-अमूर्त चित्र प्रदर्शनीमा राखिएका थिए। कलाकार गौतमरत्न तुलाधरका चित्रमा विभिन्न जातजातिको जीवनशैलीका रमाइला दृश्य प्रस्तुत गरेका थिए भने शंकरनाथ रिमालले अमूर्त शैलीमा विभिन्न भाव तथा मनोदशालाई चित्रमा उतारेका थिए। त्यस्तै श्यामलाल श्रेष्ठका अर्धमूर्त चित्रमा सामाजिक, सांस्कृतिक तथा स्थानीय परम्परालाई चित्रण गरेका थिए। कलाकार हरिबहादुर खड्काका चित्रमा भने नेपाली जीवनशैलीलाई प्रमुख विषयवस्तु बनाइएको थियो।

**"मेरो** संसार मेरो विचार' शीर्षकमा १० जना बालबालिकाले खिचेका तस्बिरहरूको प्रदर्शनी ब्रिटिस काउन्सिल लैनचौरमा प्रारम्भ भएको छ। काउन्सिलको सहयोगमा आशा नेपालले एसओएस बालग्रामका विद्यार्थीलाई प्रयोग गरेर खिचिएका ती तस्बिरमा बालबालिकाले आफ्नो दृष्टिकोण एवं भविष्य खोजेका छन्। बालबालिकाले खिचेका तस्बिरलाई पुस्तकको रूपसमेत दिइएको छ। प्रदर्शनीबाट उठेको रकम बालबालिकाको सहयोगकै निम्ति खर्च गरिनेछ। गत सोमबार प्रारम्भ भएको उक्त प्रदर्शनी आगामी बुधबारसम्म चल्नेछ।

**चम्पापुर** कला महोत्सव-२०६४ को अवसर पारेर ललितपुरस्थित चापागाउँमा गत शनिबार करिब ६० जना कलाकारले विभिन्न सिर्जना तयार पारे। चम्पापुर जेसिज तथा नेपाल कमर्सियल आर्टिस्ट संघको आयोजनामा सम्पन्न उक्त कला महोत्सवमा वरिष्ठ कलाकारहरू उत्तम नेपाली, केके कर्माचार्य, राधेश्याम मुल्मी, श्यामलाल श्रेष्ठ, मदन चित्रकार, आईबी मल्ल, गौतमरत्न तुलाधर, नरेन्द्रबहादुर श्रेष्ठ आदि नयाँ पुस्ताका कलाकारको सहभागिता थियो। कला कार्यशालाका लागि ललितपुरका सांस्कृतिक एवं प्राचीन क्षेत्र चापागाउँ, बज्रवाराही मन्दिर परिसर, छम्पी, धापाखेल, आनन्द वन, ठेचो, भ्करुवारासी, सुनाकोठी आदि स्थानलाई छनौट गरिएको थियो। उक्त अवसरमा स्थानीय चम्पापुरका ऐतिहासिक तथा सामाजिक विषयवस्तुमा आधारित ७० थान कला सिर्जना भएका थिए।

## रंगमञ्च

-होटल बज्रको स्टुडियो सेभेनमा गत आइतबारसम्म अंग्रेजी नाटक 'द अनेस्ट थिप' अर्थात् इमान्दार चोर मञ्चन भयो। लगातार एक महिना मञ्चन भएको उक्त नाटक हास्यरसमा आधारित थियो। नेपाल बस्दै आएकी नाट्यकर्मी सविना लेहमेनले हरेक वर्ष नयाँ विषयवस्तुमा नाटक स्टुडियो सेभेनमा प्रस्तुत गर्दै आएकी छिन्। नाटकमा चरणदास नामका एक चोर प्रमुख पात्र हुन्छन्। उक्त चोरले चोरेका सामग्रीमध्ये आफूलाई आवश्यक राखेर अरू गरिबहरूलाई बाँडेको हुन्छ। चोर भए पनि उसले कहिल्यै ढाँट्दैन। चोरको इमान्दारिता देखेर उक्त राज्यकी महारानी उसको प्रेममा पर्छिन्। यद्यपि चरणदासले महारानीको प्रेमप्रस्तावलाई अस्वीकार गर्छन्। नाटकमा चरणदासले इमान्दारको मुखुन्डो भिरेर गलत काम गर्नेहरूप्रति व्यङ्ग्य गरेको दृश्य अत्यन्तै रोमाञ्चक हुन्छ। राजस्थानी लोककथामा आधारित यो नाटकलाई हबिब तनवीरले लेखेका हुन्।



# तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी

### मेष

समय त्यति अनुकूल देखिँदैन। रोग तथा शत्रुका साथै कुरा काट्नेहरू बढ्नेछन्। मन दुविधाग्रस्त रहनेछ। घरेलु समस्याले सताउन सक्छ। धनमाल पनि हराउन सक्छ। सोमबार, मंगलबार तथा बुधबार प्रसन्नता एवं व्यवसाय बढ्नुका साथै यात्रा हुने योग छ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने कुरालाई पनि नकार्न सकिँदैन।

### सिंह

बोलीको प्रभाव बढ्नेछ। अरूले पनि विश्वास गर्नेछन्। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अरूबाट प्रशंसा पनि पाउनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ। आफन्तहरूको सहयोग प्राप्त हुनसक्छ। खर्च गर्दा वा बोल्दा विचार पुऱ्याउनुहोला। स्वास्थ्यमा ध्यान दिनु आवश्यक छ।

### धनु

सुरुमा भाग्योदय हुनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। मानसम्मान पनि पाइनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम हात लाग्ने योग छ। व्यवसायमा लाभ प्राप्त हुनुका साथै यात्रा तथा धन आर्जन हुने देखिन्छ। घरेलु काममा भने अवरोध आउन सक्छ। स्वास्थ्यको ख्याल गर्नुहोला।

### वृष

समष्टिमा साता राम्रो छ। सुरुमा सोच्ने शक्ति एवं पराक्रमका साथै आफूप्रति अरूको विश्वास बढ्नेछ। अध्ययनमा सफलता एवं धन आर्जन गर्ने अवसर मिल्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। बोलीको प्रभाव बढ्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। शत्रुबाट सजग रहनुहोला। स्वास्थ्यको पनि ख्याल गर्नुपर्ला।

### कन्या

साता बलियो छ। सुरुमा मानसम्मान एवं भोजभतेरमा सामेल हुने अवसर मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मित्र तथा परिवारबाट पर्याप्त सहयोग जुट्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। आम्दानी पनि राम्रै हुनेछ। शत्रु पराजित हुनेछन् भने व्यवसाय बढ्नेछ।

### मकर

साता त्यति राम्रो छैन। सफलताका लागि प्रतिस्पर्धा गर्नुपर्ला। शत्रु बढ्नेछन्। मन दुविधाग्रस्त रहनेछ। विश्वास गरेकाहरूले धोका दिए पनि व्यवसायमा सफलता मिल्नेछ। पराक्रम बढ्ने योग भए पनि सफलता पाउन संयमित रहनुहोला। आर्थिक क्षेत्र बलियो छ।

### मिथुन

आफन्तहरूको पर्याप्त सहयोग मिल्नेछ। घरेलु कार्यमा रुचि, सोच्ने शक्ति एवं बोलीको प्रभाव बढ्नेछ। मानसम्मान प्राप्त हुनेछ। अध्ययनमा सफलता पाइनेछ। काममा मन जानेछ। यद्यपि शत्रु बढ्नुका साथै स्वास्थ्य पनि गडबड रहन सक्छ। भ्कूटा आरोप पनि लाग्न सक्ने देखिन्छ। लेनदेनमा विवाद हुनसक्छ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ।

### तुला

सुरुमा खर्च एवं विवाद बढ्नेछ। अरूबाट हुने आलोचनाले मन दुःखी होला। गलत विचारले सताउनेछ। व्यवसायमा समस्याहरू देखिनेछन्। समयमा निर्णय नहुँदा हात परेको काम फुत्कन सक्छ। सोमबारदेखि मानसम्मान मिल्ने, भोजभतेरमा सामेल हुने, पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### कुम्भ

सुरुमा व्यवसाय बढ्ने तथा यात्रा हुने योग छ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। सोच्ने शक्ति बढ्नेछ भने अध्ययनमा सफलता मिल्नेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। मानसम्मान पनि पाइनेछ। राम्रै आम्दानी हुन सक्छ। शनिबार, आइतबार तथा सोमबार स्वास्थ्यमा समस्या तथा काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ।

### कर्कट

समष्टिमा साता बलियो छ। सुरुमा पराक्रम एवं सोच्ने शक्ति बढ्नेछ भने अधुरा काम बन्नुका साथै नयाँ काम पाइने योग छ। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ। आम्दानीको तीव्रता कायमै रहनेछ। अध्ययनमा सफलता प्राप्त हुनेछ। घरेलु काममा मन जानेछ। विवादबाट टाढै रहनुहोला।

### वृश्चिक

समष्टिमा साता राम्रो छ। आँटेका कुरा पूरा गर्न सकिनेछ। मान-सम्मान प्राप्त हुनेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। भोजभतेरमा सामेल हुन पाइनेछ। मंगलबार तथा बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### मीन

ग्रहहरूले साथ दिनेछन्। परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। सोच्ने शक्ति एवं धार्मिक कार्यमा रुचि बढ्नेछ। मंगलबार तथा बुधबार स्वास्थ्यमा समस्या तथा काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ।

### यो साताको पञ्चाङ्ग

जेठ ११ गते सिठीपूजा, १२ गते औंसी, १४ गते दशहरा स्नान प्रारम्भ, १७ गते विश्व धूम्रपान विरोध दिवस।






## मुखाले

तत्काल वामएकता सम्भव छैन ।

**माधवकुमार नेपाल, महासचिव, (एमाले)**

माओवादीलाई अझै पनि अताङ्ककारी भन्ने मोरियार्टीले नेपालमा बसिरहन मिल्दैन ।

**मातृका यादव, वनमन्त्री**

कम्युनिस्टले गणतन्त्रको कुरा गर्नु उसको नीति नै हो । कांग्रेसले त्यही कुरा मान्दै उनीहरूको पछि लाग्नुपर्छ भन्ने छैन ।

**सुशील कोइराला, नेता, नेपाली कांग्रेस**

हामी गणतन्त्रवादी हौं । यति हुदाहुँदै पनि संविधानसभाअघि गणतन्त्र ल्याउन सकिने अवस्था छैन ।

**साहना प्रधान, परराष्ट्र मन्त्री तथा एमाले नेतृ**

हामीलाई नेतृत्व दिने हो भने तराई समस्या सजिलै समाधान हुन्छ ।

**प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)**

नेपालीको योजनामा हस्तक्षेप गर्ने एडीबी को हो ? एडीबी नभए पनि मेलम्चीको पानी काठमाडौंमा आउँछ ।

**हिसिला यमी, मन्त्री भौतिक योजना तथा निर्माण**

रायमाझी आयोगले राजालाई जोगाएको छ ।

**केपी शर्मा ओली, नेता, नेकपा (एमाले)**

# माओवादी हठका कारण नेपालको विकास धरापमा

**साप्ताहिक समाचार**

काठमाडौं, मेलाम्ची खोलाको पानी ल्याएर काठमाडौंको तिर्खा मेट्ने १५ वर्षे पुरानो सरकारी योजना माओवादीका कारण अवरुद्ध भएको छ । लोकतन्त्र प्राप्तिपछि सरकारले गरेको निर्णयलाई माओवादी मन्त्री हिसिला यमीले उल्टाएपछि काठमाडौंका जनताले भोग्दै आएको पानीको अभावसम्बन्धी अन्यौल अझ बढ्ने भएको हो । मन्त्री यमीको निर्णयलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय विज्ञहरूले नेपालको विकासमा ठूलो अवरोध ठहऱ्याएका छन् । अर्थमन्त्री रामशरण महतले मेलाम्चीको प्रमुख लगानीकर्ता एसायाली विकास वैंकले थप लगानी नगर्नुलाई एउटा योजनाको अवरोधका रूपमा व्याख्या गर्न नमिल्ने बताएका छन् । महत भन्छन्- यसले नेपालका ठूला योजनामा विदेशी रुचि घटेको सङ्केत मिलेको छ । महतको विचारमा यस्तो निर्णयले नेपालको विकासमा ठूलो अवरोध ल्याउन सक्छ । 'बूढी मरी भन्दा पनि काल पल्कियो भन्ने चिन्ता बढ्यो ।' डा. महतले पत्रकारहरूसँग भने, 'सरकारले गरेको पुरानो निर्णय (मन्त्री यमीले) उल्टाउनु हुँदैनथ्यो ।' यद्यपि भौतिक योजना तथा निर्माण मन्त्री यमीले आन्तरिक पुँजी प्रयोग गरेर पनि मेलाम्ची ल्याउने प्रतिबद्धता व्यक्त गरेकी छिन् । 'सरकारले एउटा बैंक, एउटा व्यापारिक कम्पनीको पछि लागेर आफ्नो देशको नीति बनाउनु हुँदैन भन्ने मान्यतामा म अडिग छु ।' मन्त्री यमी भन्छिन्, 'हामीले आफ्नै पुँजी र श्रमबाटै समस्या हल गर्नुपर्छ ।' त्यस्तो आन्तरिक स्रोत कसरी जुटाउने हो त्यो पनि स्पष्ट हुन सकेको छैन । यमीको यो भनाइले पनि नेपालका ठूला आयोजनाहरूलाई प्रभावित गर्ने विश्लेषकहरूको ठम्याइ छ ।

तीन अर्ब ३८ करोड रुपैयाँ बराबरको मेलाम्ची आयोजनामा एसियाली विकास बैंकले एक अर्बभन्दा बढी ऋण प्रदान गर्ने निर्णय गरेको थियो । यसका लागि काठमाडौंको खानेपानी व्यवस्थापन केही वर्षका लागि निजी क्षेत्रलाई दिनुपर्ने सर्त एसियाली विकास बैंकले राखेको थियो । उक्त सर्तलाई स्वीकार गर्दै लोकतान्त्रिक सरकारले बेलायती कम्पनी सेभर्न ट्रेन्ट वाटर इन्टरनेसनललाई काठमाडौंको खानेपानीको व्यवस्थापन दिने निर्णय गऱ्यो । गत महिना सरकारमा आएको माओवादीले सरकारको पुरानो निर्णयलाई उल्टाउँदै बेलायती कम्पनीलाई खानेपानीको व्यवस्थापन नदिने अडान राखेपछि एसियाली विकास बैंकले मेलम्चीको ऋण रोक्का गर्ने निर्णय गरेको हो । 'मेरो बुझाइमा एडिबी कुनै कम्पनीको पछि लागेको होइन ।' अर्थशास्त्री डा. डिल्लीराज खनाल भन्छन्, 'फरक-फरक मन्त्रीले फरक-फरक निर्णय गरेपछि वाक्क भएर एडिबी पछि हटेको हो ।'

यसअघि पनि नेपालमा प्रजातान्त्रिक सरकारलाई कु गरी शाही सरकार गठन भएपछि नर्वे तथा स्विडेनले मेलाम्ची आयोजनाबाट हात झिकेका थिए । यी दुवै कम्पनीले मेलम्चीमा करिब एक अर्ब ४० करोड रुपैयाँ लगानी गर्ने योजना बनाएका थिए । ती दुवै देश मेलम्चीबाट हटेपछि अयोजनालाई नै पुनर्संरचना गर्नुपरेको थियो ।

नेपालका दातृ संस्थाहरूले पटक-पटक गरेको सर्वेक्षण अनुसार काठमाडौंको खानेपानी समस्यालाई दीर्घकालीन अन्त्य गर्न मेलाम्ची सबैभन्दा भरपर्दो योजना हो । काठमाडौं उपत्यकामा हाल दैनिक करिब २५ करोड लिटर पानीको माग छ । अहिले खानेपानी संस्थानले दैनिक ९ करोड लिटर मात्र आपूर्ति गर्न सकेको छ । बाँकी पानी घर-घरमा गाडिएको डीप बोरिङबाट आपूर्ति हुन्छ । डीप बोरिङबाट पानी तान्दा उपत्यका भास्सिँदै जाने खतरा रहेको चेतावनी विज्ञहरूले दिइसकेका छन् ।


**आवश्यकता**

नेपाल सरकारबाट मान्यता प्राप्त विगत ४ वर्षदेखी रोजगारी प्रदान गर्दै आएको संस्थालाई थप २१ कर्मचारी आवश्यकता ।

SLC दिएका विद्यार्थी तथा गृहणीलाई प्राथमिकता, तलब औषत ७५००।-

सम्पर्क: २०७३६१८, ९८०३०७५९८१

**पासहुनेनैगरी पढ्न आउनुहोस् ।**

समय: बिहान/दिउँसो/बेलुका

**भर्ना खुल्यो-०६४**

माध्यम: अंग्रेजी/नेपाली

Private: Test-SLC, D.E.O., I.A, I.Com, T.U.

Regular: Tuition & Coaching: Test-SLC, I.A, I.Com, I.Sc, +2

Capsule कक्षाद्वारा Maths/Science/English सजिलै पास गर्न सकिन्छ ।

प्राइभेट एकेडेमी

पुतलीसडक, काठमाडौं, ✆4422105

**आफ्ना नानीहरूको भविष्य उज्वल बनाउनु होस्**

PRIVATE TEST/ SLC २०६४ मा कक्षा १० र SLC एक वर्षैमै पास गरि ढुक्क हुनुहोस् ।

नेपाली र अंग्रेजी दुबै माध्यममा

कक्षा सुरु भइरहेको छ
बिहानी समूह: ६: १५ मा र
दिवा समुह: १०:३० मा

**Buddha Academy**

Ph: 4365955

गोङ्बुको चोकबाट १०० मि गणेशस्थान जाने बाटो तिर

**निःशुल्क ब्यूटिसीयन तालिम**



७ दिन भित्र सम्पर्क गर्नुहोला ।

NGO को सहयोगमा अत्याधुनिक तरिकाले सिकाइने बिहानी तथा दिवाका Basic, Advanced, Diploma र Spicial कक्षाहरुमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।

सम्पर्क: BBC International Institute

डिल्लीबजार रोड, पुतलीसडक चोक संगै

फोन नं. ४४१९१६७, २००३०३३

BBC का शाखाहरू

लुक्स ब्यूटी पार्लर, त्योड, असन, २०१४००५, ९८०३३४१९००

रमिनाज् ब्यूटी क्लिनीक, कुमारी कम्प्लेक्स, पुरानो बानेश्वर चोक सँगै, ९८४१३९८२९७/९८४१२४२२१०

शाखाहरूबाट दैनिक पार्लर सेवा उपलब्ध छ ।

सम्पादकीय

## पढ्न पाउनुपर्छ

अहिले मुलुकभरका विद्यालयहरूमा पठनपाठन गर्ने-गराउने कार्य ठप्प छ । शिक्षासम्बद्ध सात संस्थाको संयुक्त संगठन शैक्षिक गणतान्त्रिक मञ्चले आह्वान गरेको बन्दका कारण अहिले मुलुकभरिका २७ हजारभन्दा बढी र निजी क्षेत्रका ८ हजारभन्दा बढी विद्यालय बन्द छन् । यसरी विद्यालय बन्द गरिँदा ७० लाखभन्दा बढी बालबालिका पढ्न पाउने अधिकारबाट वञ्चित भएका छन् । मुलुकको कुल जनसंख्याको झन्डै एकतिहाइ जनसंख्या ओगट्ने यी बालबालिकाहरू अहिले विद्यालय जानुको सट्टा घरमै बसेर आफ्नो समय खेर फालिरहेका छन् । मुलुकको शैक्षिक पात्रो वैशाख महिनादेखि प्रारम्भ हुने तथा यो अवधिमा चाडपर्वको चटारो र मीनपचासका बिदाहरू नपर्ने भएकाले शैक्षिक क्यालेन्डरको पहिलो ३ महिनामा धेरैजसो विद्यालयले कुल शैक्षिक सत्रको एकतिहाइभन्दा बढी अध्यापन गराउँछन् । यो अवधिमा हुने अध्ययन-अध्यापन बालबालिकाहरूका लागि अत्यन्त महत्त्वपूर्ण मानिन्छ तर यही अवधिमा अहिले विद्यालयहरू बन्द हुन पुगेका छन् । यसरी विद्यालय बन्द हुँदा एकातिर बालबालिकाहरूमा मानसिक तनाव देखापर्ने त छँदैछ, अर्कातर्फ विद्यालयहरूलाई पनि पाठ्यक्रम पूरा गराउनुपर्ने बोझ थपिनेछ । यस्तो अवस्थामा विद्यालय बन्द गराउनु भनेको मुलुकको शैक्षिक पात्रोमा खलल पुर्‍याउनु हो । विद्यालय बन्दको अहिलेको प्रकृति हेर्दा मुलुकको शैक्षिक क्षेत्र तहसनहस हुने दिशामा अग्रसर छ । यस्तो स्थितिको सबैले विरोध गर्नुपर्छ ।

विद्यालय बन्द गराउनुका पछाडि शैक्षिक गणतान्त्रिक मञ्चले निजी विद्यालयका शिक्षकहरूलाई सरकारी विद्यालयका शिक्षकहरूले पाएसरहको सुविधा दिनुपर्ने र निजी विद्यालयका शैक्षिक शुल्कमा एकरूपता ल्याउनुपर्ने माग अघि सारेको छ । जहाँसम्म मञ्चको मागको कुरा छ, त्यसलाई विद्यालय सञ्चालकहरू, सरकारको प्रतिनिधि र मञ्चले एक-अर्कासँग वार्ता गरेर छिनोफानो गर्नुपर्छ । त्यसका लागि विद्यालय नै बन्द गर्नु जायज देखिँदैन । मञ्चको मागलाई सरकार र निजी विद्यालय सञ्चालकले एउटा छुट्टै संयन्त्र निर्माण गरेर सम्बोधन गर्नुपर्छ तर समस्या समाधानका यी विकल्पहरूलाई पन्छाएर मञ्चले अनिश्चितकालका लागि विद्यालय बन्द गराउने निर्णय गरेर विद्यार्थीहरूको पढ्न पाउने अधिकारमाथि कुठाराघात त गरेकै छ, त्यसबाहेक शिक्षकहरूको रोजीरोटीमा समेत संकटको बादल देखा परेको छ ।

अहिले विद्यालय बन्द गरिएपछि उत्पन्न संकटलाई कसरी समाधान गर्ने भन्नेतर्फ गम्भीर चिन्तन-मनन गरिनुपर्ने ठाउँमा विद्यालय सञ्चालकहरूले पनि आफ्ना तर्फबाट सधैंका लागि विद्यालय बन्द गर्ने, शिक्षकलाई तलब नदिने धम्की दिनुले थप संकट सिर्जना गरेको छ । यसतर्फ राज्य र मञ्चलगायत प्रबुद्ध नागरिक समाजले पनि गम्भीर चासो देखाउनुपर्छ । यो विवाद चर्किंदै गयो भने मुलुकका शैक्षिक संस्थाहरू धराशयी हुने मात्र नभै बालबालिकाहरू पढ्न पाउने अधिकारबाट वञ्चित हुनेछन्, जसको नकारात्मक प्रभाव मुलुकले लामो समयसम्म बेहोर्नुपर्ने छ । यो विषयमा सम्बन्धित सबै पक्षले बालबालिकाहरूलाई सहज वातावरणमा पढ्न पाउने अवसर तत्काल उपलब्ध गराउनुपर्छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरू पढ्न ।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

# अविवाहित आमा र लाचार समाज



आशिष लुइँटेल

न त सिउँदोमा सिन्दूर छ, न त रातो पोते र चूरा नै, न उनको अनुहारमा हाँसो छ, कतै नहेरी गिट्टी कुट्दै छिन् उनी । झन्डै दुई-अढाई वर्षको शिशु काखमा च्याँच्याँ रुँदैछ । अनायासै कुट्दै गरेको गिट्टीको टुक्राले त्यो शिशुको निधारमा लाग्यो । शिशुको चित्कार झन् बढ्यो । निधारमा चोट लागिसकेको थियो । म हत्तपत्त दौडिएँ । ब्यागमा रहेको ह्यान्डीप्लास्ट लगाइदिएँ । तैपनि शिशुको चित्कार रोकिएन । साथै सुरेश र जनकले ब्यागबाट अंगुरको जुस झिकेर शिशुलाई पिलाउन उसकी आमालाई दिए । केही क्षणपछि उसको चित्कार घट्दै गयो । आमाले दूध चुस्न दिइन् । विश्वविद्यालयमा हुने एक विशेष कार्यक्रमको तयारीका क्रममा राजधानी जाँदा मनोहरा पुल नजिकै गाडी जाममा पर्दा उक्त घटनाको पात्र बन्न पुगियो जसले गर्दा निर्धारित समयभन्दा करिब दुई घण्टा ढिलो भइयो ।

'घर कता हो ?' मैले ठाडै प्रश्न गरें । अल्छीलाग्दो पाराले जवाफमा भनिन्- 'पूर्वतिर ।' 'यहाँ किन ?' मैले तत्काल सोधिहालें । उनी चुपचाप गिट्टी कुट्न थालिन् । फेरि सोधें- 'परिवारमा को-को छन् ?' अझै उत्तर आएन । 'कान्छी, आज ठेकेदार साहेब नआउने रे, पैसा ५/६ दिनपछि मात्र हुन्छ रे है ?' अर्की महिलाको आवाजले मेरो ध्यान मोडियो । ती अधबैंसे महिला पनि छेउमै बसिन् र गिट्टी कुटन् थालिन् । म उनीतर्फ फर्किएँ । 'दिदी एक दिनमा कति हुन्छ पैसा ?' 'खोइ भाइ, के भन्नु र ? सयदेखि डेढ सयसम्म त हो नि, त्यै पनि आज बाह्र दिन भैसक्यो, ठेकेदारले पैसा नै दिएको छैन ।' निन्याउरो मुख लगाउँदै उनले थपिन्- 'आजदेखि त खाने सामल पनि सकियो ।' 'परिवारमा कति जना हुनुहुन्छ ?' 'कान्छी र म अनि हाम्रो एक-एकवटा बच्चा ।' 'अनि यी बच्चाका बुबाचाहिं बितिसकेका हुन् ?' सोध्नै नहुने प्रश्न रहेछ त्यो । ती अधबैंसे महिला त एक्कासि रुन पो थालिन् । म कान्छीतिर फर्किएँ । 'भाइ, तपाईं हाम्रो कहानी सुनेर के गर्नुहुन्छ ? कस्ता-कस्ता भद्र-भलाद्मीले त हामीलाई केही गरिदिएनन् ।' म अक्क न बक्क भएँ । 'दिदी, मलाई आफ्नै भाइ सम्झेर भन्नु न । के भा'को ?' कान्छी दिदीले भनिन्- 'भाइ, यो बच्चाको बुबा ज्यूँदै छ, मेरो इज्जत लुटेर आज मलाई यो हालत बनायो त्यसले । दिदीको पनि व्यथा उस्तै हो । हामी एकै घरका दिदीबहिनी ...।' बुझ्दै जाँदा थाहा पाएँ, यी दिदी-बहिनी गाउँमा बलात्कारको सिकार भएका रहेछन् । अनायसै बच्चा भएपछि गाउँलेहरूको छिःछिः र दूर्दूर सहन नसकेर गाउँ छोडेका रहेछन् । अहिले दिदीको छोरा ९ वर्षको भएको रहेछ र टेम्पोको खलाँसी काम गर्दो रहेछ ।

यिनीहरूको व्यथा सुनिसकेपछि समाजका भद्र-भलादमीहरूको तुच्छ व्यवहार सम्झेर म आफै लज्जित हुन पुगें । कस्तो विवशता ? कुनै पुरुषलाई यौन तृप्ति दिनु पनि छ अनि उसले लुटेको आनन्दले जीवनभर दुख्ने घाउ लिएर बस्नुपर्ने ? बलात्कारको दोषी पुरुषको पहिचान भए पनि उसले तथाकथित ठूलाठालुको भेला गराएर उल्टै पीडित महिलालाई गाउँबाट खेदिन्छ, लखेटिन्छ, अनि खिल्ली उडाइन्छ । कस्तो लाचार छ हाम्रो समाज ? कुनै पुरुषले यौन तृप्तिका लागि जबरजस्ती महिलालाई बलात्कार गर्छ अनि उनै महिलालाई जीवनभरका लागि दुख्ने घाउ दिन्छ । यी अविवाहित आमाहरूको व्यथा कसले सुन्ने ? कहिले सुन्ने ? मलाई राम्रोसँग थाहा छ, यी दुई अविवाहित आमा त पीडितहरूका प्रतिनिधि पात्र मात्र हुन् । हाम्रो समाजमा यस्ता पीडित महिलाहरू धेरै छन् । पीडा सहनु, दबाएर राख्नु अनि रातोदिन दुःख गर्नु उनीहरूको तीतो बाध्यता हो । बलात्कारको सिकार बनेर जीवनभर दुःखी जीवन जिउने यिनीहरूलाई कसले हेर्छ ? यिनीहरूको पक्षमा कसले वकालत गर्छ ? यिनीहरूको अधिकारको सुरक्षा कसले गर्छ ? यतातिर ध्यान दिने कहिले ? एकातिर समाजमा बलत्कारका सिकार बनेकाहरूको व्यथा यस्तो छ भने अर्कातिर चेतनाको अभावमा असुरक्षित यौनसम्पर्क गरेर पछुताउनेहरूको पनि कमी छैन । विवाहपूर्व यौनसम्पर्कको विषयलाई छलफलमा पनि ल्याउन नदिने हाम्रो समाजमा चेतना कहिले फैलाउने ? यौनचाहनालाई कुण्ठित पारेर, दबाएर, विवाह कुरेर बस्दाको मानसिक एवं शारीरिक विकृतिले समाजमा यस्ता अप्रत्याशित अनि कारुणिक घटनाहरू जन्मन्छन् । आवेगमा आएर यौनतृप्तिका लागि उचित साधनको प्रयोग नगर्दा पनि समाजबाट महिलामाथि हुने व्यवहार अकल्पनीय हुन सक्छ, तर महिलालाई मात्र किन दोष ? यसका लागि पुरुषको पनि त उत्तिकै हात छ । जोसँग असुरक्षित सम्पर्कका कारण गर्भ रहन पुग्छ, उक्त पुरुषको पहिचान भए पनि सामान्य पैसा तिरेर उम्कन्छ । महिला तथा उसबाट जन्मने बच्चा सामाजिक रूपमा नस्वीकार्दा पनि हुने अधिकार पुरुषमा निहित हुन्छ, तर हाम्रो देशकै कानुनबमोजिम यो दण्डनीय अपराध हो । जोसँगको सम्पर्कले महिला शिशु जन्माउँछिन्, उसलाई त्यो पुरुषले स्वीकार गर्नैपर्छ र घरमा नभित्र्याए कानुनी रूपमा सजायको भागीदार हुनुपर्छ तर कानुन केवल कागजी अक्षरमा मात्र सीमित छ ।

अविवाहित आमा कानुनी उपचारका लागि अदालत त के आफ्नै समाजमा पनि आवाज उठाउन असमर्थ हुन्छिन् । न्याय माग्नु पनि कसरी ? आफूहरू पुरुषबाट नभै आफ्नै कारणले यो अवस्थामा आइपुगेको धारणा अनि यसमा आवाज उठाए झन् ठूलो सजाय भोगिने डर उनीहरूमा छ । उनीहरूमा चेतनाको कमी छ, किन यस्तो संस्कार र विकृति अहिलेसम्म पनि ज्यूँका त्यूँ छ ? मुख्य रूपमा अविवाहित युवायुवतीको बीचमा आवेगमा हुने असुरक्षित यौनसम्पर्क अनि शिक्षा र चेतनाको अभाव यसको कारक तत्त्व हो । त्यसो त बेरोजगारी पनि यसको अर्को कारण हो । सीमित मनोरञ्जनका साधन, उपलब्धिमूलक काममा समय खर्च गर्ने विकल्प तथा संस्कार दुवै नहुनाले पनि मन भुलाउन युवायुवती यौनवासनाप्रति आकर्षित भएर दुर्घटना निम्त्याउन पुगेको हुनसक्छ । अविवाहित आमा बन्नुमा महिला पुरुषको सहभागिता समान भए पनि यसमा महिलाले अझ बढी सचेत र सजग बन्नैपर्छ । किनभने समाजमा देखिँदा प्रस्ट रूपमा महिलाको शारीरिक अवस्था देखिन्छ, तर पुरुष भने जसरी पनि बच्न सक्छ । यसबाट बच्ने औपचारिक तथा अनौपचारिक शिक्षा र चेतनामूलक कार्यक्रमलाई तीव्र बनाउनुपर्छ साथै सहमतिमा यौनसम्पर्क गर्न चाहनेहरूका लागि गर्भनिरोधक साधनको उपलब्धतालाई सुपथ, सुलभ र सहज पारिनुपर्छ । अविवाहित महिलाहरू राज्यको कानुनभन्दा पनि यसको उचित ज्ञान र कानुनी उपचारको प्रक्रियाबारे यथेष्ठ जानकारीको अभावका कारण पीडित देखिन्छन् । यस विषयमा पनि कानुनी उपचार एवं सेवाको सुपथ र सहज वातावरण तयार गर्नैपर्छ । हालै मात्र वैधानिकता पाएको गर्भपतनसम्बन्धी कानुनका सम्बन्धमा समुदायलाई जानकारी गरनउँदै यसको सुरक्षित र भरपर्दो सेवा विस्तार हुनुपर्छ । अविवाहित आमा र तिनका गर्भबाट जन्मिएका शिशुहरूको जीवन र भविष्यसँग खेल्ने अपराधीलाई संरक्षण दिने ढाँचाको विकृत स्थानीय सामाजिक न्याय, व्यवस्थाका कारण दण्डहीनता भएको छ । यसका लागि समाजलाई सचेत र जागरूक पारी यस्ता विसंगतिपूर्ण संस्कारलाई जरैदेखिको उन्मूलनका लागि स्थानीय स्तरमै प्रयास गर्नुपर्छ । विवाहपूर्व हुने असुरक्षित यौन सम्पर्कलाई रोक्न सकिएन भने समाजमा अझै थुप्रै कान्छीहरू जन्मिनेछन् । महिला तथा बालबालिकामाथिको शोषण, अन्याय र अत्याचारको अन्त्य एवं सम्भावित यौनरोग संक्रमणको जोखिमलाई रोक्न पनि यसको उचित समाधान खोज्नैपर्छ, त्यसैले पनि अब सबै मिलेर यौन शिक्षाका बारेमा खुलेर बहस एवं छलफल गरौं ।

## नीति-नियम

**जो सङ्घर्षबाट भाग्दैन उसका लागि त्यही तप, पुण्य, सनातन धर्म तथा चारै आश्रमको यात्रा गरे सरह हुन्छ । बहादुरी गर्नुभन्दा उत्तम वस्तु अरू केही छैन किनकि बहादुरहरूले नै सबैलाई पाल्न सक्छन् र बहादुर (शूर) भै प्रतिष्ठित रहन्छन् ।**

**बुद्धिमान मानिसले अपमानलाई अगाडि तथा सम्मानलाई पछाडि राखेर आफ्नो कार्य सिद्ध गर्नुपर्छ । शत्रुको विनाश गर्नका लागि आफूलाई सहयोग गर्न आएका मित्र सेनाहरू कुनै दुर्व्यसनमा परेका भए पनि उनीहरूलाई नष्ट गर्नुहुँदैन , बरु तिनीहरूको रक्षा गरी आफूमा मिलाउनुपर्छ ।**

**-शुक्रनीति**

**अनुवाद : रामहरि बन्जारा**

## चिठीपत्र

### घृणा जगाउने प्रश्न

एक्काइसौं शताब्दी भनेको सञ्चारको शताब्दी हो । पत्रपत्रिका धेरैले पढ्छन् । गत चैत २ गते शुक्रबार वर्ष १२ अंक ४३ को साप्ताहिकमा यौन जिज्ञासा र समाधान स्तम्भमा सुश्री एस नामकी शिक्षिकाले सोधेको प्रश्न एकदमै अनुचित छ । उनी राजधानीको एउटा उच्च माध्यमिक विद्यालयकी शिक्षिका हुन्, तर उनले आफू अविवाहित भए पनि विवाहित युवकसँग गोप्य शारीरिक सम्बन्ध राख्दै आएको बताएकी छिन् । यस्ता कुराले हाम्रो मनमा विशेष गरी विद्यार्थी एवं समस्त पाठक वर्गमा नकारात्मक असर पर्छ । के एउटी शिक्षिकाले देशका कर्णधारलाई दिने शिक्षा यही हुन सक्छ ?

उनीसँग सम्बन्ध राख्ने विवाहित पुरुषले पनि आफ्नी श्रीमती तथा छोराछोरीको आँखामा छारो हाल्ने काम गरेको छ, साथै यसले उसको पारिवारिक सम्बन्ध बिगार्ने निश्चित छ । शिक्षिका एसले लुकीछिपी राखेको शारीरिक सम्बन्धले पछि अर्को युवकसँग वैवाहिक सम्बन्ध गाँसिदा कस्तो असर पर्छ भन्ने कुरामा सोच विचार गरेको देखिएन । यस्तो कुकर्म गर्नु समाजकै लागि घृणित हो । त्यसैले कुनै पनि व्यक्तिले रोगसँग सम्बन्धित प्रश्न गरे समाजमा नकारात्मक असर फैलिनबाट बचाउन मद्दत पुग्नेछ, साथै त्यस्तो प्रश्नको उत्तर लेख्दा सामाजिक मूल्य मान्यता, व्यक्तिगत नैतिकता एवं नारीप्रति घृणा जगाउने क्रियाकलापलाई दुरुसाहित गर्नु आवश्यक हुन्छ ।

**-पार्वती पुडासैनी, काठमाडौं**

### सुधार्नुपर्‍यो

के नग्न तस्बिरविना साप्ताहिक प्रकाशित हुन सक्दैन ? मजस्ता धेरै पाठकले पठाएको सल्लाह-सुझाव साप्ताहिकले पालन गरेको पाइएन । के हाम्रा पत्र छाप्न मात्र हो कि भनेजस्तो सुधार गर्न पनि हो ? साप्ताहिकलाई सुन्दर पार्न आवश्यक विशुद्ध साहित्यिक पृष्ठको भने अझै अभाव नै छ ।

**-मखन श्रेष्ठ, भीमान, सिन्धुली**

### किन दोहोरियो ?

शुक्रनीति स्तम्भअन्तर्गत एउटा नीति दोहोरिएर प्रकाशित भएको छ । त्यो हो- यौवन, जीवन, धन, छायाँ, लक्ष्मी एवं प्रभुत्व यी छ चीज चञ्चल छन् भन्ने जानेर आफ्नो धर्ममा रहन सक्नुपर्छ । यस्तो पुनरावृत्ति किन ?

**-कृष्ण पारेम्बा, तेह्रथुम**

### जेमा पनि त्यही

मलाई साप्ताहिकका सबै कुरा मन पर्छन्, जसमध्ये लभगुरु पनि एक हो । यो स्तम्भले पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने गरेको छ । पाठकहरूको जस्तोसुकै जटिल समस्यालाई पनि सरल तथा सहज रूपमा समाधान खोज्ने लभगुरु रेखालाई धन्यवाद नदिइरहन सकिँदैन । अझ यो स्तम्भका लागि कुनै शुल्क नलाग्ने भएकाले म साप्ताहिक परिवारलाई धन्यवाद दिन चाहन्छु तर आजभोलि यो स्तम्भमा अलि बढी अश्लील हुन थालेको छ । साप्ताहिकमा प्रेम तथा यौनसम्बन्धी जिज्ञाशा राख्ने स्तम्भहरू छुटाछुट्टै छन् तर पनि किन लभगुरुमा यौनसम्बन्धी जिज्ञासा राखिन्छ ? यसबाट पाठकवर्गमा नकारात्मक असर पर्न सक्ने सम्भावना छ । अझ यस्तो व्यवहारबाट लभगुरु तथा साप्ताहिकका प्रशंसक नघट्लान भन्न सकिँदैन, तसर्थ प्रेमसम्बन्धी जिज्ञासा बेग्लै एवं यौनसम्बन्धी जिज्ञासा बेग्लै प्रकाशित गरियोस ।

**-उत्तम पोखरेल, गौरादह, झापा**

### माग पूरा गराउन

देशमा भएका सम्पूर्ण आन्दोलनमा माग पूरा गराउन सडकलाई नै टार्गेट बनाइन्छ । हजारौं सपना बोकी एक ठाउँबाट अर्को ठाउँमा जान लागेका लाखौं सर्वसाधारण सडकमा अलपत्र भैरहेका हुन्छन् । कहिले यातायात बन्द हुन्छ थाहा हुँदैन, बिहान खुल्लै हुन्छ, साँझ बन्द, यस्तो किन ? आफ्नो माग पूरा गराउने अर्को कुनै बाटो छैन ? सरकारी कार्यालय घेराउ गर्ने, मन्त्रालयमा गएर टेबल ठटाउने, बालुवाटारमा टायर बाल्ने आदि गरे हुन्न ? उचित निर्णय लिन वार्तामा बसे हुँदैन ? जनता हिंड्ने बाटो थुनेर विचरा जनताको कसरी भलो हुन्छ ? यसमा सबै पक्षको ध्यान जानु नितान्त आवश्यक छ ।

**-टीकाराम अर्याल, गल्कोट, स्याङ्जा**

**(पुरस्कृत पत्र)**

## तीतो सत्य

- समय जीवन हो । समय बर्बाद गर्नु जीवन बर्बाद गर्नु हो ।
- दर्पणमा आफ्नो अनुहार देख्न सकिन्छ, चरित्र होइन ।
- कुनै नयाँ कार्य गर्न उत्साह र उमंगलाई आफ्नो साथी बनाऔं ।

**वीरेन्द्रराज ढकाल, स्याङ्जा**

-जीवनमा बल्न सकियो भने पराई पनि आफन्त हुन्छन्, बल्न सकिएन भने आफन्त पनि पराई ।

- एउटा नराम्रो विचारले अरू धेरै नराम्रा विचार उब्जाउँछ ।
- मानिस सबै कुरामा सम्पन्न भयो भने अरूलाई झिनो र सानो मान्छ ।

**पद्मा सिटौला, इटहरा**

- मानिस आफूलाई जे मन पर्दैन अरूलाई त्यही गर्न रुचाउँछ ।
- पानी र पैसा उस्तै हुन्, थोरै हुँदा यसको सदुपयोग र धेरै हुँदा दुरुपयोग हुन्छ ।

**प्रभुकुमार श्रेष्ठ, सिम्पानी**

- कर्म आफ्नो हातमा हुन्छ, फल आफ्नो अधीनमा हुँदैन ।

**रोजिना शाक्य, खोपासी बजार**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

***-सम्पादक***

## व्यक्ति-अभिव्यक्ति

जताततै भय छ। तराईमा तान्त्रिकहरूको भय छ। सहरमा वाईसीएलको भय छ। गाउँमा आफ्नो बाहेक अरूको कुरा नसुन्ने अधिनायकवादीहरूको भय छ। यस्तो भयको वातावरण नहटेसम्म संविधानसभा निर्वाचनको मिति तोक्नु हुँदैन। मिति तोक्न हतार गर्ने कि भयको वातावरण हटाउन हतार गर्ने, त्यो कुरा हामीले बुझ्नुपर्छ। भयको वातावरण नहटे मंसिरमा पनि निर्वाचन हुन गाह्रो छ।

**शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री**

संविधानसभा निर्वाचनको घोषणा गरेर पर सार्नु राम्रो कुरा होइन। यसका लागि आठ दलको भेटघाट, उनीहरूबीच समझदारी एवं विश्वासको वातावरण हुनुपर्छ। म तपाईं सबै कूटनैतिक नियोगका पदाधिकारीहरूलाई आगामी साता निर्वाचनको मिति घोषणा हुन सक्ने जानकारी गराउँछु।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री (युरोपेली युनियनका पदाधिकारीहरूसँग)**

बेलामा संविधानसभाको निर्वाचन हुन नसक्नुमा माओवादीको दोष छ। संसद् र सरकारमा राम्रो हिस्सा ओगटिरहेकाले उहाँहरू यो पावर गुमाउन चाहनु हुन्न। निर्वाचन भएपछि आफ्नो स्थिति कमजोर हुन्छ भन्ने उहाँहरूलाई राम्रोसँग थाहा छ।

**गोपालमान श्रेष्ठ, उपसभापति, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक)**

## मेरो विचार

### सबल कार्यान्वयन

संविधानसभाको निर्वाचनमा देशका सम्पूर्ण क्षेत्र, लिङ्ग, भाषा, धर्म, जात र संस्कृतिको आधारमा प्रतिनिधिहरू छनौट गर्नुपर्छ, जसले गर्दा संविधान निर्माणमा देशका सम्पूर्ण जनताको भावना मुखरित हुनसक्छ।

साधारणतया संविधानसभाको निर्वाचनका बखत देशमा अस्थिरताको स्थिति हुन्छ किनकि यो मुलुकले नयाँ मोड लिने अवस्था हो, जसमा पुराना संयन्त्रले प्रभावकारी रूपमा कार्य गरिरहेका हुँदैनन् भने नयाँ संयन्त्र निर्माणको क्रममा हुन्छ। त्यसैले संविधानसभा स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित ढंगमा हुने कुरामा शंका रहन सक्छ, त्यसलाई निराकरण गर्न सरकारले ज्वलन्त रूपमा उठिरहेका संघीय संरचना, क्षेत्रीय स्वायत्तता एवं भू-संस्कृतिक बनौटका आधारमा पुनर्संरचनाको माग तथा आमनागरिकमा बढ्दै गएको सामाजिक, आर्थिक र सांस्कृतिक आकांक्षा एवं आवश्यकतालाई मुखरित गर्दै दण्डहीनताको स्थिति अन्त्य गरी संविधानसभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष, धाँधलीरहित तथा भयरहित ढंगमा सम्पन्न गर्ने वातावरण मिलाउनुपर्छ। संविधानसभाको निर्वाचनमा आमनागरिकको महत्त्वपूर्ण भूमिका हुन्छ। जनताले अत्यन्त चनाखो भै संविधानसभाको निर्वाचनमा भाग लिनुपर्छ संविधानसभा पटक-पटक हुने निर्वाचन होइन र हामीले गलत प्रतिनिधित्व गराएको खण्डमा देश पुनः धेरै वर्ष पछाडि धकेलिन सक्छ भन्ने कुरालाई हृदयंगम गर्नुपर्छ।

हाम्रो परिप्रेक्षमा अर्को महत्त्वपूर्ण कुरा के छ भने आमजनता संविधानसभाको निर्वाचनका बारेमा सुसूचित भैनसकेको अवस्थामा सरकार, बुद्धिजीवी एवं नागरिक समाजले उनीहरूलाई सु-सूचित गरी संविधानसभाको निर्वाचनका लागि सम्पूर्ण रूपमा तयार गर्नुपर्छ, साथै हाल सरकारमा रहेका आठ दल र तिनका शीर्षस्थ नेताहरूले संविधानसभाको रट मात्र नलगाई त्यसको सम्पूर्ण तयारीका साथ कार्यान्वयनको दिशामा अघि बढ्नुपर्छ, जसका लागि सम्पूर्ण जनताको खबरदारीको आवश्यकता पर्छ।

**–राजेश भण्डारी, पाँचथर**

### संविधानसभा कसरी सफल पार्ने ?

संविधानसभाले समाजमा व्याप्त छुवाछुत, लैङ्गिक विभेद, धार्मिक उदण्डता, उच-नीचको भावना आदिलाई परिस्कृत गरी प्रगतिशील, अग्रगामी तथा परिवर्तनको दिशातिर उन्मुख हुन सबैलाई गोलबन्द गर्छ। साथै पिछडिएका वर्गको मुक्ति एवं अधिकार सुनिश्चित गर्छ।

नेपाल यतिबेला संविधानसभामय बनेको छ। यदि नेपालमा संविधानसभाको निर्वाचन भएन भने फेरि रक्तपातपूर्ण आन्दोलन हुनसक्छ। संविधानसभाको निर्वाचन हुन नदिन अनेक तत्त्व लागिपरेका छन्। संविधानसभाको प्रमुख बाधकका रूपमा राजावादीहरूको चलखेल छ भने नेताहरूको कुर्सीमोह, नातावाद तथा यथास्थितिवाद आदिले पनि यसमा नकारात्मक भूमिका खेलेको छ। रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयन त के सार्वजनिक पनि नगरिनु अर्को बाधाका रूपमा खडा छ। नेताहरूले जनतालाई आन्दोलनकारीको भूमिकामा मात्र प्रयोग गर्ने, सफलतापछि भुल्ने प्रवृत्ति हावी भएकाले यो कुरा पनि बाधा-अड्चनका रूपमा उपस्थित छ।

यदि संविधानसभा सफलतापूर्वक सम्पन्न गर्ने हो भने जनताको भावना तथा जनआन्दोलन-२ को म्यान्डेट अनुसार परिवर्तन आवश्यक छ। जनआन्दोलनमा जनताका छोराछोरीले जीउ-ज्यानको बाजी लगाएर गोलीसँग लडेको नेताहरूलाई संसदमा पुऱ्याउन नभई आफ्नो मुक्तिका निम्ति हो भन्ने कुरा नेताहरूले बुझ्नुपर्छ। आन्दोलनताका लुकीलुकी भाषण गर्ने नेताहरूले सबै आफ्नै बर्कतले ल्याएका हौं भन्ने सोचबाट मुक्त हुनु आवश्यक छ।

यदि साँच्चै समयमै संविधानसभाको निर्वाचन गर्नु छ भने संविधानसभा, संविधानसभा भनेर भुक्नुभन्दा गाउँघरका सर्वसधारण, कृषक लगायत यसका बारेमा अनभिज्ञहरूलाई प्रस्ट पार्नुपर्छ। सविधानसभा सफल पार्न सरकारले रायमाझी आयोगको प्रतिवेदन सार्वजनिक गरी दोषीहरूलाई कारबाही गर्नुपर्छ। त्यसका साथै संविधानसभा विरोधी तत्त्व अनि विदेशीहरूको चलखेल बन्द गराउन विशेष पहल गर्नुपर्छ।

**–करवीर उदासी, रुकुम**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा–अड्चनहरू के–के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के–के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। प्रत्येक अंकमा एउटा उत्कृष्ट सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

## संविधान सभा जिज्ञासा



पूर्णमान शाक्य
संवैधानिक कानुन विशेषज्ञ

**प्रश्न : संविधानसभाका प्रक्रियाहरू के–के हुन् ? ती प्रक्रियाहरू कति चरणमा पूरा हुन्छन् ? के नेपालको सन्दर्भमा संविधानसभा निर्वाचनका लागि आवश्यक प्रक्रियाहरू प्रारम्भ भैसकेका छन् ?**

**केशव कार्की, सोलुखुम्बु**

**उत्तर** : संविधानसभाका प्रक्रियाहरूलाई चार चरणमा विभाजन गर्न सकिन्छ। पहिलो प्रक्रिया राजनैतिक सहमति कायम हुनु हो। दोस्रो प्रक्रिया निर्वाचनको तयारी हो। तेस्रो प्रक्रिया संविधानसभाको निर्वाचन र गठन हो भने चौथो प्रक्रिया संविधानसभाबाट संविधानको निर्माण हो। यी प्रक्रियाहरूमध्ये निर्वाचनको तयारी अहिलेसम्म हुन सकेको छैन। निर्वाचनको तयारी हुन नसक्नुका पछाडि राजनैतिक सहमतिको प्रक्रिया राम्रोसँग हुन नसक्नु नै प्रमुख कारणका रूपमा देखापरेको छ।

विशेष ५०% छुटमा होटल तालिम शुरु
नेपाल सरकारबाट स्वीकृत प्राप्त/विदेशबाट होटल म्यानेजमेन्ट गरी पाँचतारे होटलमा काम गरिरहेका सेफबाटै प्रशिक्षण दिईने/अन्तराष्ट्रिय स्तरमा समेत ख्याती कमाउन सफल नेपालको एकमात्र ट्रेनिङ सेन्टर
तालिमहरू: कुक, वेटर, क्याप्टेन, तन्दुरी, वारमेन, स्टोरकिपर, हाउसकिपिङ्ग, रूम ब्वाई, वेल ब्वाई, फ्रन्ट अफिसर, रिसेप्सनिष्ट, सुपरभाईजर, वेकरी
सबैको स्पेशल क्लास पनि हुन्छ।
विशेषताहरू: पाँच तारे होटलहरूमा कार्यरत सेफबाटै तालिम दिइने, फ्री वेटर क्लास, फ्री अंग्रेजी भाषा, ६ जनामा १ जना फ्री, स्वदेशी तथा वैदेशिक रोजगारको सहयोग गरिने। थप तालिमलाई होटलमा पनि पठाइने व्यवस्था।
साहारा होटेल तालिम सेन्टर (S.M.T.T.C.)
फोन: २०४०७८२, ९८५१०९३६२९, नयाँ बानेश्वर (शिव दर्शन हल अगाडी)
र्‍याडीसन कूकिङ्ग तालिम सेन्टर (R.M.D.T.T.C.)
फोन: ४४६४७२०, नयाँ बानेश्वर, (BICC पानी ट्याँकीको ठीक अगाडी)

प्राइभेट Test - SLC
विगतमा १००% नतिजाको अनुभवका साथ
English र Nepali दुबै भाषामा विहानी/ बेलुकी कक्षामा
EIA १२१/०६३ नयाँ भर्ना खुल्यो Regd. २८९७७/०६०
कक्षा ८ वा ९ अथवा Test / SLC फेल भई उमेर नाघेका र जागिर गर्दै पढ्न चाहनेहरूकोलागी
Eng/ Math/ Science कमजोरलाई फ्रि कक्षा
उत्कृष्टलाई छात्रावृत्ति
Model Set बाट Practice गराइने
English/ कोरीयन/Japanese तथा हिब्रु भाषाका कक्षाहरू
कामना एकेडेमी
4601878, 4600335 कोटेश्वर (टंक प्रसाद शालिक अगाडि)

१००% रोजगार मूलक
होटल तालिममा
नयाँ भर्ना खुल्यो
कुक, वेटर, केयर गिभर, वेलब्वाई, हाउसकिपिङ्ग, सेक्युरिटी गार्ड आदि
विदेश जानेलाई विशेष व्यवस्था
Theory / Pratical दुबैको व्यवस्था,
कुक सिक्नेलाई Waiter free
उत्कृष्टलाई स्वदेश वा विदेशमा रोजगारी
Pratical को लागी होटल पठाइने
Field मा गई आएआर्जनको मौका दिइने
कामना
4601878, 4600335
कोटेश्वर, चोक

शिक्षा

# कुन संकाय कस्तो ?



कविता पराजुली

असारको दोस्रो सातातिर मात्र एसएलसीको नतिजा प्रकाशन हुनसक्ने परीक्षा नियन्त्रण कार्यालयको भनाइले जाँच सकेर बसेका किशोर-किशोरीहरूलाई भविष्यमा के पढ्ने भनेर सोच्न पर्याप्त समय मिलेको छ। शहर-बजारमा एसएलसीपछि के गर्ने ? भन्ने विषयमा परामर्श दिने विभिन्न संस्था खुले पनि गाउँघरतिरचाहिं एसएलसीपछि नतिजा प्रकाशन हुनुअघिको खाली समय भेटघाट र कामकाजमै बिताउने चलन छ, तसर्थ सहर-बजारका किशोरकिशोरीहरूले जसरी एसएलसीपछिको खाली समय ब्रिजकोर्समा भर्ना भएर उपयोग गरिरहेका छन्, गाउँघरतिरका किशोरकिशोरीहरूले पनि उचित विकल्प अपनाएर खाली समयको उपयोग गर्नु उपयुक्त हुन्छ।

विद्यालयस्तरको पाठ्यक्रममा गणित, विज्ञान, नेपाली, अंग्रेजी, सामाजिक शिक्षा आदि सबै प्रकारका विषय पढ्नैपर्ने बाध्यता रहेकोमा एसएलसीपछि आफूले चाहेको विषय मात्र पढे पुग्ने भएकाले किशोकिशोरीहरू बढी नै उत्साहित देखिन्छन्, जुन सकारात्मक कुरा हो। जस्तो कि– केही विद्यार्थीलाई गणित भन्नासाथ पसिना छुट्छ भने कोहीचाहिं भाषा भन्नासाथ दस हात पर भाग्छन्। यस्ता समस्या भएका विद्यार्थीहरूका लागि कलेज जीवन तुलनात्मक रूपमा रुचिपूर्ण र सजिलो हुन्छ। मानवीय स्वभाव नै हो, रुचि भएको विषयमा राम्रो गर्ने। कलेजमा आफूले मन पराएको विषय मात्र छानेर पढ्न पाइने भएकाले विद्यार्थीहरूसँग प्रशस्त विकल्प हुन्छ।

यद्यपि आफ्नो रुचिको क्षेत्र पहिल्याउन सक्नु केही अप्ठेरो कुरा हो। यसका लागि अभिभावक, शिक्षक र परामर्शदाताको सुझाव लिनु राम्रो हुन्छ, तर पनि बिर्सन नहुने कुरा के हो भने सबै सुझाव सुनिसकेपछि अन्तिम निर्णय भने आफैंले लिनुपर्छ। हुन पनि व्यक्तिलाई कसैले राम्रोसँग चिन्छ भने त्यो ऊ स्वयं नै हो।

उच्च शिक्षा अध्ययनका लागि विज्ञान, व्यवस्थापन, शिक्षा तथा मानविकी गरी चार संकाय छन्। सरकारले एक दशकअघि प्रवीणता प्रमाणपत्र तहमा कानुन संकायको अध्यापन हटाएको छ। अहिले प्रवीणता तह वा प्लस टु गरेपछि मात्र कानुन पढ्न पाइने भएकाले एसएलसी दिएर बसेका विद्यार्थीका लागि बाँकी चार विकल्प मात्र बाँकी छन्।

**विज्ञान संकाय** : विज्ञान र गणितमा राम्रो रुचि भएका अनि अध्ययनमा खट्न सक्नेका लागि विज्ञान संकाय राम्रो देखिन्छ। विज्ञानमा विभिन्न सिद्धान्त पढ्नुपर्ने हुँदा मौलिकता भन्दा रट्न सक्नेहरूले सफलता प्राप्त गर्न सक्छन्। विज्ञान बुझेर अध्ययन गर्ने संकाय हो। विज्ञान संकायभित्र छिरिसकेपछि पनि



विद्यार्थीहरूले आफ्नो रुचिअनुसार विभिन्न क्षेत्र जस्तै भौतिकशास्त्र, रसायनशास्त्र, जीवविज्ञान आदि रोज्न सक्छन्।

भोलिका डाक्टर, इन्जिनियर भनेका यही संकायका उत्पादन हुन्। केही वर्षअघिसम्म एसएलसीमा उत्कृष्ट अंक ल्याउने विद्यार्थीले विज्ञान पढ्नैपर्ने चलन भए पनि हिजोआज भने क्रमशः परिवर्तन देखिन्छ। जस्तो कि, २०५० सालकी एसएलसी बोर्डफस्ट गरिमा राणाले विज्ञान नपढी कानुन संकाय रोज्दा त्यतिबेला हल्लीखल्ली नै मच्चिएको थियो।

**व्यवस्थापन संकाय** : व्यापारिक मनस्थिति भएकाहरूका लागि व्यवस्थापन संकाय राम्रो विकल्प हो। व्यावसायिक पृष्ठभूमि भएकाहरूका लागि त यो अझ उत्तम मानिन्छ। व्यवस्थापन संकायमा भर्ना हुन चाहनेहरूको गणित, लेखा, अर्थशास्त्रजस्ता विषयमा राम्रो पहुँच भए सुनमा सुगन्ध हुन्छ। बैंक, होटल आदि सबै क्षेत्रमा व्यवस्थापन संकायको उत्पादनको माग हुन्छ। पछिल्ला वर्षहरूमा विज्ञान संकायभन्दा व्यवस्थापन संकायतर्फ विद्यार्थीहरूको आकर्षण बढेको देखिएको छ। कामको धेरै अवसर प्राप्त हुने व्यवस्थापन संकायमा प्रतिस्पर्धा पनि दिन दुई गुना रात चौगुना बढिरहेको छ।

**शिक्षा संकाय** : शिक्षणलाई आफनो पेसा बनाउन चाहनेहरूका लागि शिक्षा संकाय अर्को विकल्प हो। सरकारले शिक्षण पेसा अपनाउन चाहनेले शिक्षा संकाय पढेको हुनुपर्ने अथवा शिक्षणसम्बन्धी तालिम लिनैपर्ने व्यवस्था गरिदिएपछि यो संकायको महत्त्व पनि बढ्न थालेको छ। शिक्षा संकायअन्तर्गत पनि गणित, अंग्रेजी, नेपाली, विज्ञान आदि आफूलाई मन पर्ने विषय छान्न विद्यार्थीहरूलाई छुट छ। महिलाहरू शिक्षण पेसाप्रति बढी आकर्षित हुने भएकाले यसमा उनीहरूको चाप पनि धेरै छ। विदेशमा शिक्षण पेसा अत्यन्त सम्मानित रहेकोमा नेपालमा चाहिं भर्खर यो प्रोफेसनल हुँदैछ।

**मानविकी संकाय** : कर्मचारी बन्न चाहनेहरूका लागि मानविकी संकाय महत्त्वपूर्ण मानिन्छ। यो संकायमा धेरै जान्नेदेखि निकै कमजोरहरूसमेत पढ्ने हुँदा यो मिश्रित संकायका रूपमा देखिन्छ। राजनीतिशास्त्र, अर्थशास्त्र, इतिहास, संस्कृति, जनसंख्या आदि विषयका छुट्टा-छुट्टै विभागसमेत रहने मानविकी संकायका उत्पादन भनेका भविष्यका राजनीतिज्ञसमेत हुन्। आमसञ्चार तथा पत्रकारिता, कला, संगीतजस्ता विषय मानविकी संकायका गहना मानिन्छन्। यसैगरी मानविकी संकायका उत्पादनहरू शिक्षण पेसामा समेत संलग्न रहने गरेका छन्।

**(लेखिका काठमाडौं शिक्षा क्याम्पससँग सम्बन्धित हुनुहुन्छ।)**

## प्रारम्भ भयो ई-क्यान शैक्षिक मेला

काठमाडौं– विद्यार्थीलाई शैक्षिक परामर्श दिने उद्देश्यले नेपाल शैक्षिक परामर्श संघ (ई-क्यान) ले आयोजना गरेको पहिलो 'इ-क्यान शैक्षिक मेला-२००७' हिजो बिहीबार प्रारम्भ भएको छ। आइतबारसम्म चल्ने उक्त मेलामा उच्च शिक्षाको विषयमा विद्यार्थीहरूले विभिन्न जानकारी पाउनेछन्।

'ई-क्यानमा आबद्ध संस्थाहरूबाट मात्र शैक्षिक परामर्श हासिल गरौं' भन्ने नाराका साथ आयोजना गरिएको उक्त मेलामा दुईवटा प्याभेलियनमा ९९ वटा स्टल राखिएका छन्, जसमध्ये ७० वटा स्टलमा शैक्षिक परामर्श व्यवसायी संस्थाहरूले भाग लिएका छन् भने अन्यमा अमेरिका, बेलायत, अस्ट्रेलिया, क्यानडा, सिंगापुर, भारत तथा नेपालका विभिन्न शिक्षण संस्थाको सहभागिता छ। एउटै छातामुनि राष्ट्रिय-अन्तर्राष्ट्रिय शैक्षिक संस्था, कूटनैतिक नियोग, शैक्षिक परामर्श व्यवसायी एवं विद्यार्थी-अभिभावकहरूको जमघट गराउने उद्देश्यले मेला आयोजना गरिएको मेला प्रबन्धक सीएन उपाध्यायले साप्ताहिकलाई बताए। मेलालाई करिब १ लाख विद्यार्थी र अभिभावकले अवलोकन गर्ने अनुमान गरिएको छ। शैक्षिक परामर्श प्रदान गर्दै आएका संस्थाहरूको छाता संगठनले आयोजना गरेकाले यो मेला आधिकारिक भएको प्रबन्धक उपाध्यायले जिकिर गरे।

शैक्षिक मेला हरेक दिन ११ बजेदेखि ६ बजेसम्म खुला रहनेछ भने मेलाको प्रवेश टिकट शुल्क २५ रुपैयाँ तोकिएको छ। मेला अवलोकन गर्न दर्शकलाई लक्षित गरेर पेयपदार्थ जोलीले प्रत्येक टिकटमा १० रुपैयाँ छुटका साथै एक प्याकेट चाउचाउ निःशुल्क वितरण गरेको छ। त्यसैगरी गोरखा ट्राभल्सले एक जनालाई काठमाडौंदेखि चीनसम्मको राउन्ड ट्रिप टिकट, स्टार अफिस इन्टरनेशनलले पि-फोर कम्प्युटर, युनिटेकले युपीएस, सागर कम्प्युटरले पेन ड्राइभ, साइबर इन्टरनेशनलले एन्टी भाइरस सफ्टवेयर, एभरेस्ट नेटले निःशुल्क इन्टरनेट सेवा आदिका पुरस्कार प्रदान गर्ने बताएका छन्।

शैक्षिक मेलामा विभिन्न देशका प्रतिनिधिहरूबाट सेमिनार तथा परामर्शका कार्यक्रमहरू प्रस्तुत गरिनेछ। प्रबन्धक उपाध्यायका अनुसार मेलाको पहिलो दिन बिहीबार अस्ट्रेलियामा गएर उच्च शिक्षा लिन चाहने विद्यार्थीहरूका लागि अस्ट्रेलियन हाई-कमिसनले एकदिने निःशुल्क परामर्श सेमिनार सञ्चालन गरेको छ भने मेलाको अन्तिम दिन आइतबार बेलायत जान चाहने विद्यार्थीका लागि ब्रिटिस काउन्सिलले सेमिनार राखेको छ। सेमिनारको आयोजनाले अन्तर्राष्ट्रिय शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरूलाई प्रत्यक्ष फाइदा पुग्ने आशा राखिएको मेला संयोजक उत्तम पन्तले बताए।


प्राइभेट TEST/SLC
दोस्रो ग्रुपमा भर्ना खुल्यो।
➡ नेपाल सरकारद्वारा मान्यता प्राप्त।
➡ कक्षा ८ पास भए पुग्ने साथै कक्षा ९, १० र SLC फेल भएपनि फरक नपर्ने।
➡ दुर्गम, दलित तथा आर्थिक अवस्था कमजोर भएकालाई १००%सम्म छात्रवृत्तिको व्यवस्था।
➡ विहान, बेलुका र दिउँसो तथा नेपाली र अंग्रेजी दुवै माध्यमबाट पढाइने।
➡ वर्षौं अनुभवी शिक्षक शिक्षिकाद्वारा पढाइने।
➡ उमेर नाघेका, जागिरे तथा गृहिणीले घरैमा बसेर पनि परीक्षा दिन सक्ने।
SLCपास
वासिङ्गटन एकेडेमी
नयाँ बानेश्वर डिपार्टमेन्टल स्टोर अगाडि, फोन : ४७८२१६२

कक्षा ८ पास, S.L.C. हातमा
Private Test/ S.L.C. -2064
५० % छुटमा भर्ना खुल्यो
100% Result
नियमित कक्षा, दक्ष तथा अनुभवी शिक्षक, अंग्रेजी तथा नेपाली माध्यम विहानी, दिवा र सन्ध्या समूह।
Third Vision Academy, Lagankhel
2121717, 9841202591

LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel:- 4249576

प्राइभेट test/S.L.C
कक्षा ८ वा ९ पास गरी स्कूल जान नसकेका तथा test,S.L.C. फेल भई स्कूल जाने उमेर नाघेका र जागिर गर्दै पढ्न चाहने विद्यार्थीलाई सुर्वण अवसर ............
♦ अंग्रेजी र नेपाली भाषामा पढाइने
♦ कक्षा समयः विहान र दिउँसो
♦ कक्षा १० को पुस्तक पढे पुग्ने
♦ कमजोर विद्यार्थीलाई Math,Science, Englsih को Free Tuition
♦ शुरुका १० जना वा ग्रुपमा आउनेलाई छुटको व्यवस्था
KINGS ACADEMY
कोटेश्वर, रत्न शिक्षा क्याम्पस अगाडि
फोन : ४६००२४५,९८४१२६८२६७, ९८०३१४६९३४

PRIVATE TEST/SLC
२०६४ को लागि भर्ना खुल्यो
कक्षा ८ पास, कक्षा ९ पास/फेल तथा Test/S.L.C. फेल भएर स्कुल जान नसकेका विद्यार्थीहरुका लागि Private Test/SLC तयारी कक्षामा धमाधम भर्ना लिईदैछ। सिट सीमित छ।
(English and Nepali both medium)
Bright Future Institute
मोबाइल : ९८५१००२८०४, फोन नं।: ४४६३०७३, चावहिल, काठमाडौं.

विज्ञान

# आयो तेस्रो पुस्ताको मोबाइल



फोनमा कसैसँग कुरा गर्दा तपाईंको हाउभाउ कस्तो हुन्छ ? कतिपय अवस्थामा कहिल्यै नदेखेको मानिससँग पनि कुरा गर्नुपर्छ। फोनमा ऊ बोलेको, हाँसेको अथवा अन्य सबै हाउभाउ स्पष्टसँग देख्न सकिँदैन, तर अब यस्ता सबै दृश्य सम्भव भएको छ। सुन्दा अचम्म लागे पनि देख्दा रमाइलो लाग्ने आधुनिक प्रविधिको यो उपकरण नेपालमा पनि भित्रिएको छ। नेपाल टेलिकमले यो प्रविधिलाई नेपाली उपभोक्तासामु ल्याएको छ । मोबाइल स्क्रिनमा यस्ता दृश्य रमाइलोसँग देखिन थालेको छ। यो मोबाइलको नाम थ्रीजी मोवाइल हो। थर्ड जेनेरेसन अर्थात् तेस्रो पुस्ताको यो मोबाइलको सेवा अब नेपालीहरूले पनि लिन थालेका छन्।

यो प्रविधिको मोबाइलबाट मुख्यत: ३ प्रकारका नवीनतम सुविधा उपभोग गर्न सकिने कुरा टेलिकमले जनाएको छ। सबैभन्दा प्रमुख सुविधा भिडियो कल हो। यो मोबाइलबाट फोन गरिरहेको मानिसको अनुहार हेर्दै प्रत्यक्ष कुराकानी गर्न सकिन्छ। त्यसैगरी यसबाट टेलिभिजनका दृश्य लाइभ हेर्न सकिन्छ। रियल टाइम बेसिसका आधारमा आफूलाई मन लागेको समयमा टेलिभिजनका कुनै महत्त्वपूर्ण दृश्य लाइभ हेर्न सकिन्छ। यसबाट जुनसुकै टेलिभिजन च्यानल पनि हेर्न सकिन्छ। यो अवस्थामा अब दौडँदै टेलिभिजन भएको स्थानमा जानुपर्ने बाध्यताको अन्त्य भएको छ। त्यसैगरी यो मोबाइलबाट उच्च गतिको इन्टरनेट सुविधा पनि उपभोग गर्न सकिन्छ। सामान्य जीपीआरएस सुविधाको मोबाइलमा इन्टरनेटको गति प्रतिसेकेन्ड ४० किलोबाइट हुन्छ। त्यसैगरी सीडिएमए फोनमा अधिकतम १ सय ५६ किलोवाइटमा डाटा ट्रान्सफर हुन्छ, तर थ्रीजी मोबाइलमा यसको गति प्रतिसेकेन्ड ३ सय ८४ किलोबाइटसम्म हुन सक्छ। टेलिकमले वितरण गर्ने मोबाइलमा इन्टरनेटको गति हाल औसत १ सय किलोबाइट प्रतिसेकेन्ड छ। इन्टरनेट प्रयोगकर्ताहरूका लागि यो मोबाइल निकै उपयोगी सावित भएको छ।

नेपाल टेलिकमले पहिलो चरणमा १० हजार लाइन थ्रीजी मोबाइल बिक्री गर्ने योजना बनाएको छ। त्यसपछि डेढ वर्षभित्रमा १ लाख ७५ हजार लाइन बिक्री गरिनेछ। यस प्रकारको मोबाइल सेवा उपभोग गर्न उपभोक्ताले टेलिकममा आवेदन दिएर नयाँ सीमकार्ड लिनुपर्छ। यो कार्डको नाम युसिम हो। अहिलेसम्म प्रचलनमा रहेको मोबाइल सेटमा प्रयोग गरिने कार्डको नाम सीम कार्ड हो। थ्रीजी मोबाइलमा प्रयोग हुने युसीमको अर्थ युनिभर्सल सबस्क्राइबर आइडेन्टिटी मोड्युल हो। नयाँ प्रविधि भएको र संसारका प्राय: सबै स्थानमा रोमिङ सुविधा प्रयोग गर्न सकिने भएका कारण युनिभर्सल शब्द प्रयोग गरिएको हो। यो मोबाइल सेवाको नम्बर पनि नयाँ प्रकारको छ।

थ्रीजी मोबाइलको नम्बर ९८४०० बाट प्रारम्भ भएर त्यसपछि ५ वटा नम्बर हुन्छन्। यसको महसुल पनि हालको प्रिपेड मोबाइलमा जस्तै पहिले नै बुझाउनुपर्छ। प्रिपेड मोबाइलको जस्तै यसमा पनि निश्चित रकम रिचार्ज गर्न सकिन्छ, तर यसका लागि मोबाइल सेट पनि यो प्रविधि चल्ने किसिमको हुनुपर्छ, जुन सामान्यभन्दा केही महँगो हुन्छ। हाल काठमाडौं उपत्यकामा चक्रपथ क्षेत्रभित्र मात्र यो सुविधा उपभोग गर्न सकिन्छ। यसका लागि टेलिकमले चक्रपथभित्र विभिन्न स्थानमा ८ वटा बीटीएस राखेको छ।

यी बीटीएसहरू पुल्चोक, न्युरोड, कान्तिपथ, महाराजगन्ज, कालिकास्थान, नक्साल, सिंहदरबार तथा काठमाडौं प्लाजामा छन्। रोचक पक्ष के छ भने थ्रीजी बीटीएस नभएको र अन्य बीटीएस भएको स्थान छ



भने त्यहाँ यसलाई प्रिपेड मोबाइलजस्तै सामान्य रूपमा चलाउन सकिन्छ। जस्तै कुनै थ्रीजी मोाबाइलधारी भक्तपुर पुग्यो भने त्यहाँ मानिसको अनुहार मोबाइल सेटको स्क्रिनमा त देखिँदैन, तर स्वर सुनिन्छ र सामान्य रूपमा कुराकानी गर्न सकिन्छ। थ्रीजी मोबाइलका लागि टेलिकमले चीनको जेडटीई कम्पनीको प्रविधि भित्र्याएको हो। प्रिपेड र पोस्टपेड मोबाइलमा पनि यही कम्पनीको प्रविधि प्रयोग भैरहेको छ।

हाल प्रचलनमा रहेको जीएसएम मोबाइललाई टुजी अर्थात् दोस्रो पुस्ताको मोबाइल भनिन्छ। यसबाट भ्वाइस तथा एसएमएस मात्र पठाउन सकिन्छ। त्यसैगरी जीपीआरएस प्रविधिको मोबाइललाई २ दशमलव ५ अर्थात् अढाई पुस्ताको मोबाइल भनिन्छ। यो मोबाइलवाट डाटा तथा तस्बिर पठाउन सकिन्छ। त्यसैगरी टेलिभिजन, भिडियो, रियल टाइम प्लेयरसमेत भएको मोबाइललाई तेस्रो पुस्ताको मोबाइल भनिन्छ।

थ्रीजी दूरसञ्चारको क्षेत्रमा सबैभन्दा नवीनतम प्रविधि हो। यो प्रविधिको प्रयोग सबैभन्दा पहिले जापानले गरेको थियो। सन् २००१ मा जापानी कम्पनी एनटीटी डोकोमोले यसको प्रारम्भ गरेको थियो। सन् २००५ मै लगभग ४० प्रतिशत ग्राहकले यो प्रविधि प्रयोग गरिसकेका थिए। हाल जापानमा टुजी मोबाइलको प्रयोग लगभग अन्त्य नै भैसकेको छ। उक्त कम्पनी हाल ३ दशमलव ५ जीको निर्माण गर्ने प्रक्रियामा छ।

यो मोबाइलमा ३ मेगाबाइट प्रतिसेकेन्डको गतिमा डाटा ट्रान्सफर गर्न सकिन्छ। युरोपका धेरै देशमा थ्रीजी प्रविधिको प्रयोग भैरहेको छ। युरोपियन युनियनले सन् २००५ को अन्त्यसम्ममा त्यहाँको ८० प्रतिशत भागमा यसको प्रयोग गर्ने प्रतिबद्धता जनाएको थियो। उत्तर अफ्रिकामा सबैभन्दा पहिलो पटक थ्रीजी प्रविधि प्रयोग गर्ने राष्ट्र मोरक्को हो। दक्षिण एसियामा थ्रीजी प्रविधि प्रयोग गर्ने पहिलो राष्ट्र नेपाल भएको छ। यस क्षेत्रका अन्य कुनै राष्ट्रले यो प्रविधि प्रयोगमा ल्याएका छैनन्।

–एकराज सुवेदी

## थ्री जी सिस्टम र रियल टाइम तस्बिर



**अहिलेसम्म सेलफोनको प्रयोग कुराकानी गर्न वा डिजिटल म्युजिक सुन्न तथा साधारण तस्बिर खिच्न प्रयोग हुँदै आएको छ। नेपाल टेलिकमले नेपालमा पनि थ्री जी सिस्टम लागू भएको जानकारी दिइसकेको छ। थ्री जी सिस्टम लागू हुनासाथ सेलफोनको महत्त्व निकै बढ्छ। यो नयाँ प्रविधिले सेलफोनलाई पूरै मल्टीमिडिया प्लेयरका रूपमा बदल्न सक्छ भने कुरा गरिरहेको व्यक्तिको रियल टाइम तस्बिर पनि हेर्न सकिन्छ, तर यसका लागि अर्कातर्फ कुरा गर्ने व्यक्तिको सेलफोन पनि थ्री जी सिस्टमकै हुनुपर्छ। थ्री जी सिस्टम भएको सेलफोनमा ३ सय ८४ केबीपीएसको गतिमा डाटा ट्रान्सफर गर्न सकिन्छ।**

**थ्री जी प्रविधि सबैभन्दा चाँडो विस्तार भएको प्रविधि हो। सन् २००४ मा संसारभरि थ्री जी सिस्टमका करिब डेढ करोड ग्राहक थिए भने हाल विभिन्न ३० देशमा सरकारी तथा निजी गरी ७० भन्दा बढी सेवाप्रदायक कम्पनीले यो सेवा उपलबध गराएका छन्। थ्री जी प्रविधि प्रयोग गर्ने अरू देशको तुलनामा कोरिया र जापान निकै अगाडि छन्। जापानमा मात्र करिब ८ करोड तथा कोरियामा ४ करोड ग्राहकले थ्री जी सेलफोन प्रयोग गर्छन्।**

**नेपालमा अहिले सबैभन्दा ठूलो चुनौती भनेकै थ्री जी सेवालाई सुलभ दरमा ग्राहकसमक्ष पुऱ्याउन सक्नुलाई मानिएको छ। प्राय:जसो नेटवर्क बिजी भैरहने, राम्रोसँग नसुनिनेजस्ता समस्या यथावत् हुँदाहुँदै पनि थ्री जी सेवा प्रारम्भ हुनुलाई भने सकारात्मक नै मान्नुपर्छ।**

–राजीव कर्माचार्य


KEI for BE ENTRANCE
Admission open: Preparation Classes
• Managed by Highly experienced teachers and Post graduate Enginneers of IOE Pulchowk Campus.
• Excellent result in IOE Entrance with top 10 students. (BE 96%, ME 98 % and IOE topper)
• Provided Text books, Question banks & Practice Sheets.
Kantipur Educational Institute(KEI)
Kupandol,Tel: 5540917, GPO Box: 8973 NPC115
Web:www.kei.edu.np/email:info@kei.edu.np

होटल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Bakery, Barman, Captain, Bell Boy, Supervisior, Care Giver, Housekeeping, Domestic Helper मा धमाधम भर्ना लिइँदैछ।
Cook Training अर्नेका लागि
Waiter, Housekeeping वा
English Language FREEमा
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज वसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

उद्घोषण तालिम
नयाँ वर्ष २०६४ सालको उपलक्ष्यमा एस.एल.सी. दिएर बसेका विद्यार्थीहरुलाई विशेष छुट सहित धमाधम उद्घोषण (RJ/VJ) तालिम दिईदै छ।
हाम्रा विशेषताहरू
१. ८०% भन्दा बढिलाई रोजगार दिलाउन सफल।
२. Theory र Practical संगसंगै गराइने।
३. सबैभन्दा पुरानो र विश्वासिलो।
४. तालिमको अन्त्यमा १ घण्टाको कार्यक्रम रेकर्ड गर्न दिइने।
सम्पर्क पारस मिडिया एण्ड ट्रेनिङ्ग सेन्टर
प्रदर्शनी मार्ग
फोन : २००३०९८

प्राइभेट
Test/S.L.C.
विगत वर्षहरुमा
100% पास
गराउन सफल।
२०६४ को लागि Private/ Test/S.L.C. भर्ना खुल्यो।
कक्षा समय : बिहान र दिउँसो
माध्यम : अंग्रेजी र नेपाली
साथै Computer, Languages/Tuition Classes सञ्चालन भइरहेको छ
Kathmandu Multiple Institute
Bhotahity, Kathmandu
Ph 4232203


वेटर तालिम
Five Star होटलको स्टेण्डर्डमा सञ्चालित
विदेश जानेलाई
दैनिक: १ घण्टा थेउरी र ८ घण्टा प्राक्टिकल
सम्पर्क
कोलम्बिया एकेडेमी
फोन : ४७८१०६१/९८४१३८७६९७
(कोलम्बस कलेजको ठीक अगाडि)
१० जनालाई मात्र

सुवर्ण अवसर ! सुवर्ण अवसर !
❖ तपाई एस. एल. सी. को परिक्षा दिएर खाली समय बिताई रहनु भएको छ ?
❖ परिक्षा सके पछि के गर्ने भन्ने सोचाईमा भौतारीनु भएको छ ?
❖ खाली समयको सदुपयोग गर्न चाहानु हुन्छ ?
❖ तपाईले आफुलाई दक्ष स्वास्थ्य कर्मीको रुपमा प्रस्तुत हुने चाहाना राख्नु भएको छ ?
❖ तपाईमा विश्वका Canada, Australia, Israel, German, U.K. मा गएर काम गर्ने इच्छा छ ?
❖ तपाईले Nursing तथा H.A. पढ्ने चाहाना राख्नु भएको छ ?
❖ स्वदेशमा रहेका अस्पताल, नर्सिङ्ग होम क्लिनीक, स्वास्थ्य चौकी NGO, INGO हरुमा स्वास्थ्य कर्मी भई काम गर्ने इच्छा छ ?
यि सबै समस्याको समाधानका लागि हामी तपाईलाई पूर्ण सहयोग गर्ने छौं।
जन स्वास्थ्य विकास केन्द्र
फोन: २०८३१६२ कोटेश्वर, ०१-६२१८९३४, बालाजुचोक, काठमाडौं
E-mail:- phdc_org@yahoo.com

संविधान सभा भनेको जनताले
आफुलाई शासन गर्ने विधान
आफुद्वारा चुनिएका प्रतिनिधिहरुद्वारा
निर्माण गरिने पद्धति हो।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## जीवजन्तु

# संकटमा कोयलकेन्थस माछा



डायनोसर युगमा एउटा विशाल माछाको अस्तित्व थियो– कोयलकेन्थस। यो माछा २ मिटर लामो तथा १ सय १० किलोग्रामको हुन्थ्यो। वैज्ञानिकहरूले कोयलकेन्थस माछा पृथ्वीबाट लोप भैसक्यो भन्ने अनुमान गर्दै आएका थिए, तर सन् १९३८ तिर २६ करोड वर्ष पुरानो माछा पुनः पत्ता लाग्यो।

वैज्ञानिकहरूले अनुसन्धानका क्रममा उक्त माछामा करोडौं वर्ष पहिलेको दाँजोमा कुनै परिवर्तन नआएको देखियो।

कोयलकेन्थस माछा अफ्रिकी देश मोजाम्बिक र मेडागास्कर टापुबीचको २ सय मिटर तल अँध्यारो गुफामा बस्छ। दिउँसो प्रायः गुँडमै बस्न रुचाउने यो माछा राति मात्र बाहिर निस्कन्छ।

अफ्रिकी मुलुकका स्थानीय माझीले सिकार गर्न मन पराउने भएकाले यो माछा अहिले संकटमा छ। जीववैज्ञानिक थोमस एरिकका अनुसार कोयलकेन्थस माछा २ सयभन्दा बढी छैनन्। एरिक भन्छन्– 'जीवविकाससम्बन्धी अनुसन्धानमा यो माछा निकै उपयोगी छ, तर यसको सिकार बढी भएकाले चिन्ता पनि थपिँदैछ।


## तल दिइएको चित्रमा ६ वटा फरक छुट्याऊ



फरक– कपाल, लुगा, औंला, सूर्य, परेवाको पखेटा, कान।

## जानकारी

# प्रदूषण घटाउने प्रिन्टर



जापानको इलोक्ट्रोनिक्स कम्पनी तोसिवाले यस्तो प्रिन्टरको विकास गरेको छ, जसले प्लास्टिक पेपरमा समेत छाप्ने काम गर्छ। यो प्लास्टिक पेपरको विशेषता के छ भने यसलाई एकपटक मात्र होइन, सयौं पटक पुनः प्रयोग गर्न सकिन्छ।

विश्वव्यापी रूपमा बढ्दै गएको वातावरणीय प्रदूषण एवं त्यसले ग्रिनहाउसमा पारेको प्रभावलाई कम गर्ने उद्देश्यले प्लास्टिक पेपरमा छाप्न सक्षम प्रिन्टरको विकास गरिएको तोसिबाले जनाएको छ। तोसिबाले नयाँ प्रिन्टरको नाम बी-एसएक्स ८ आर राखेको छ।


यति मात्र होइन बी-एसएक्स८आर प्रिन्टरले कागज प्रयोग नगर्ने भएकाले पनि अन्य प्रदूषण त्यसै कम हुने ठहर तोसिवाको छ। बी-एसएक्स८आर प्रिन्टरमा प्रयोग हुने पेपर पोलिथिलिन ट्रिप्थलेट नामक प्लास्टिकबाट बन्नेछ जुन सफ्ट ड्रिंक्सको बोतल निर्माणमा पनि प्रयोग भैरहेको छ। उक्त प्लास्टिकको माथिल्लो भागमा संवेदनशील तातो रसायन हुन्छ, जुन विभिन्न अवस्थामा सेतो र कालो देखिन्छ।

बी-एसएक्स८आरले प्रिन्टरलाई अपनाउँदा केही समस्या हो। प्रिन्टरलाई यसै वर्ष जापानी बजारमा ल्याए पनि युरोपको बजारमा भने सन् २००८ सम्म उतार्ने योजना तोसिवाको छ, तर उत्तर तथा दक्षिण अमेरिका, एसिया अनि अफ्रिकाका देशमा बी-एसएक्स८आरलाई कहिले पुऱ्याइने हो, अहिले नै भन्न सकिने अवस्था छैन।

### पान्डाको सुनौलो युग

प्रजननका हिसाबले विश्वमै लोपोन्मुख अवस्थामा पुगेको पान्डा यो वर्ष सुनौलो युगमा प्रवेश गरेको छ। जापानको एउटा चिडियाखानामा कृत्रिम गर्भाधारणबाट जन्मने पान्डाको संख्या ३० पुगेको बताइन्छ।

## जन्मदिनको शुभकामना




सन्दीप सुनुवार
२०६३ जेठ ११



निशान गुरुङ
२०६२ जेठ १२



आशिन श्रेष्ठ
२०६० जेठ १२



युना श्रेष्ठ
२०६१ जेठ १३



सुमी तामाङ
२०५५ जेठ १३




प्रान्सु केसी
२०६३ जेठ १४



शैलजा पाण्डे
२०५५ जेठ १५



राजेश भट्टराई
२०५८ जेठ १५



दीक्षा लौडारी
२०५९ जेठ १७



सुरभी श्रेष्ठ
२०५५ जेठ १७



आस्था अधिकारी
२०५९ जेठ ११



प्रितिश ऐर
२०५४ जेठ ११

कुपन

**जन्मदिनको शुभकामना**

नाम :.................................................

जन्म मिति :.................................................

स्कुल :.......................................

ठेगाना : .......................................

**तस्बिर अनिवार्य**

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

# इन्टरनेटमा पृथ्वीको कथा



इन्टरनेट प्रयोगकर्ताका लागि गुगलले महत्त्वपूर्ण खुराक प्रस्तुत गरेको छ। गुगलका इन्जिनियरहरूले पृथ्वीमा विभिन्न समयमा भएको भौगोलिक परिवर्तनलाई एकै ठाउँमा आवद्ध गरेका कारण अब इन्टरनेट प्रयोगकर्ताहरूले इतिहासको कालखण्डमा भएका पृथ्वीको सतहमा प्रभाव पार्ने परिवर्तनहरूलाई सहजै बुझ्न सक्नेछन्। पृथ्वीको सतहमा सन् १६८०, सन् १७१०, सन् १७९०, सन् १७८७, सन् १८९२ का परिवर्तनहरू अब गुगल इन्जिन प्रयोग गरी इन्टरनेटमा पढ्न सकिनेछ।



## दौडमा अरुणिमा

सहायक भूमिकामा अभिनय गरेर चर्चामा आएकी अरुणिमा लम्साल अब स्थापित नायिकाको पङ्क्तिमा छिन् । आकर्षक जीउडालकी धनी अरुणिमा आमअभिनेत्रीको तुलनामा राम्रो काम गर्नेको कोटिमा गनिन्छिन् । उनको नृत्य र अभिनय पनि राम्रो छ ।

पछिल्लो समय राम्रा ब्यानरमा काम गर्दै आएकी अरुणिमालाई अहिले भ्याई-नभ्याई छ । 'मर्यादा अ बोर्डर' को सुटिङ सकेलगत्तै घायलमा व्यस्त अरुणिमालाई अन्य आधा दर्जन निर्माताले आफ्नो चलचित्रका लागि प्रस्ताव राखेका छन् । अरुणिमाका अनुसार अबको पाँच वर्ष उनी राम्रा चलचित्रका लागि लागिपर्नेछिन् । 'अब पाँच वर्ष चलचित्रबाहेक म कुनै कुरा सोच्दिनँ । शिशु जन्माउने र घर सिंगार्ने काम पनि त्यसपछि नै हुन्छ,' उनले भनिन् । वैवाहिक बन्धनमा बाँधिए पनि घर-परिवार र श्रीमान्ले आफूलाई अभिनयमा लाग्न सघाएको धारणा व्यक्त गर्ने अरुणिमा अहिलेसम्म सहज रूपमा काम गर्न पाएकोमा गर्व गर्छिन् ।

सुरुमा जस्तोसुकै भूमिकामा अभिनय गरे पनि पछिल्लो समय ब्यानर हेरेर मात्रै काम गरेको बताउने अरुणिमाले अब भने ब्यानरसँगै विषयवस्तुलाई पनि ध्यान दिने बताएकी छिन् । दामसँगै नाम पनि कमाउने अभियानमा लागेकी अरुणिमा सहकर्मीहरूको साथ र परिवारका सदस्यको सहयोगले यो स्थानसम्म आइपुग्न सफल भएको बताउँछिन् । अरुणिमाको यो दौडले रेखाको कुर्सी पो हल्लिने हो कि ? सावधान रेखा □



## हिम्मती सञ्चिता

नायिका सञ्चिता लुइँटेलले आफू कति हिम्मती छु भन्ने कुरा प्रदर्शन गरेरै छाडिन् । उनले नायक निखिल उप्रेतीमाथिको षडयन्त्र पर्दाफास गर्ने कार्यमा आफूलाई हिम्मती नायिकाका रूपमा प्रस्तुत गरेकी हुन् ।

निर्माता तथा निर्देशक कृष्ण चपागाईंले सञ्चिताको मोबाइल फोनमा एसएमएस गरेर निखिललाई तीन महिनाभित्र सिनेमा क्षेत्रबाट आउट गरिदिने निष्कर्ष पठाएपछि उनले निखिललाई खाते बनाएर पनि किस्सा लेखेछन् । यही कुरालाई आधार बनाएर सञ्चिता खुल्लमखुला रूपमा अखबारमा उपस्थित भइन्, टेलिभिजनमा मोबाइल फोनको एसएमएस देखाउँदै अन्तर्वार्ता दिइन् । यस्तो व्यवहारले सञ्चितालाई बेफाइदा हुने तर्क गर्नेहरू पनि छन् । कतिले त सञ्चिता निखिलसँगै डुब्ने भइन्सम्म भने । जे होस् उनले आफूलाई हिम्मती नायिकाका रूपमा चाहिं प्रस्तुत गरेरै छाडिन् ।

## व्यस्त पदमप्रसाद



उमेरको उत्तरार्द्धमा अभिनयको स्वाद चाखिरहेका ६७ वर्षीय पदम प्रसाद पौड्याललाई अभिनयको मोह यति गाढा भएको छ कि उनले अबको जीवन यही क्षेत्रमै समर्पण गर्ने निधो गरेका छन् । सानो पर्दाबाट अभिनय यात्रा प्रारम्भ गरे पनि पौड्यालले ठूलो पर्दाका थुप्रै चलचित्रमा अभिनय गरिसकेका छन् । संखुवासभा चैनपुरमा जन्मिएका पौडचालले जीवनका महत्त्वपूर्ण समय आफ्नो जन्मस्थलमै बिताए । त्यतिमात्र होइन्, कर्मका दृष्टिकोणले शिक्षक र पत्रकारको दोहोरो भूमिकामा उनले जागिरे जीवन बिताए । छोराहरू हुर्केर काठमाडौं बस्न थालेपछि आधा दशकअघि अवकाश प्राप्त जीवन बिताउन पौडेल राजधानी आएका थिए । राजधानीको पट्यारलाग्दो दैनिकीमा जीवन अघि बढाइरहेका बेला सन्तोष पन्तको हिजोआजका कुराले उनलाई अभिनयको स्वाद चखाएको थियो । त्यसयता पौडेल निरन्तर यही क्षेत्रमै रमाइरहेका छन् । 'मैले ३० वर्ष मास्टरी र २२ वर्ष पत्रकारिता गरें, तर अहिले संलग्न भएको अभिनयको यो यात्रामा जस्तो आत्मसन्तुष्टि कहिल्यै पाएको थिइन्,' पौड्याल भन्छन्- 'त्यसैले पनि अहिले मेरो दैनिकीमा अभिनय पहिलो प्राथमिकतामा पर्छ ।' पौड्यालले ठूला पर्दाका चलचित्र चोरसिपाही, मृत्युञ्जय, बारुद, हामी तीन भाइ, कर्मयोद्धा, पापी संसार, मुग्लान आदि डेढ दर्जन चलचित्रमा अभिनय गरिसकेका छन् भने सानो पर्दाका पाइला, प्रारम्भ, आरम्भ, कसलाई आफ्नो भनूँ, वंश, गहना, जीरे खुर्सानी आदिमा अभिनय गरेका छन् ।

## जेनीको चिया



कलाकर्मीहरू बढी नै व्यस्त हुन थालेपछि भेटघाट स्थल सुटिङ स्पट हुने गरेको छ । सुटिङ जो-सुकैको होस आफूले भेट्नुपर्ने व्यक्ति सुटिङमा छ भन्ने थाहा पाएपछि कलाकर्मीहरू पुगिहाल्छन् । अरूलाई अप्ठ्यारो परोस्-नपरोस् ख्याल नगरी आफ्नो कामका लागि जोसुकैको सुटिङमा जाने चलन छ । चलचित्र घायलको सुटिङ हुँदै थियो । निर्देशक सोभित बस्नेत पुगिहाले । आफ्नो नयाँ चलचित्रको विषयमा सहकर्मीसँग भेटघाट गर्न पुगेका सोभितलाई देख्नेबित्तिकै घायलकी निर्मात्री जेनी कुँवरले भनी होलिन् 'ओ जेनीको चिया खान आईपुग्नु भयो ।' उनले कुन उद्देश्यले चियाको कुरा उठाईन सोभितले बुझ्नेनन तर,हत्तपत्त भनिहाले– 'होईन म चिया खान्न ।'

दैनिक ५० हजारभन्दा बढी खर्च हुने सुटिङ स्पटमा एक कप चियाको प्रसंगमा निर्मात्री स्वयं त्यति चनाखो हुनुलाई त्यति राम्रो मानेनन् अन्य चलचित्रकर्मीले । सायद जेनीले ठट्टामा त्यो कुरा गरेकी हुन सक्छिन्, तर पछिल्लो समयमा जेनी हिसाब–किताबमा निकै सक्रिय भएको मान्नेहरूले भने जेनीले लोभैले उक्त कुरा गरेको दाबी गरे । घायलको सुटिङका क्रममा आर्थिक पक्षसँग सम्बन्धित अन्य विषयमा समेत निर्मात्री जेनी र केही प्राविधिकबीच ठास्स–ठुस्स भैसकेकाले सबैले जेनिले लोभ गरेकै ठोकुवा गरे । चलचित्र कर्ममा एउटाले अर्कोलाई उडाउनु वा होच्याउनुलाई चलनजस्तै मानिन्छ । जेनीलाई पनि त्यही पात्र बनाइएको हुनसक्छ, तर घायलका प्राविधिक भने त्यसलाई जेनीको ठट्टा मान्न तयार छैनन् । चलचित्रमा खर्चबढी भयो भन्दै सानातिना कुरामा समेत ध्यान दिन थालेकी जेनी अचेल सुटिङमा आवश्यक पर्ने चिया र अन्डा कन्ट्रोल गर्नसमेत आफैं तम्सिएको गुनासो घायल युनिटले गर्न थालेको छ । आफ्नो खर्च जोगाउन आफैं लाग्नुलाई नराम्रो भन्न मिल्दैन, खर्च जोगाउने बहानामा आवश्यकताभन्दा बढी चलाख भयो भनेचाहिं घाटा जेनीलाई नै हुने निश्चत छ ।

के तपाई नियमित SLC पढ्नबाट वञ्चित हुनुहुन्छ ?
वा पढाइ छोडेर चिन्तित हुनुहुन्छ ? यदि हुनुहुन्छ भने
अब तपाईको पढ्ने रहरलाई पूरा गर्ने एकमात्र उपाय .....
----PRIVATE----
Test/SLC 2064 को लागि भर्ना खुल्यो
TIME INSTITUTE
Bagbazar, Kathmandu
Call us 4239156, 4240082

## गफै त हो

# मानसिक अस्पताल पुग्ने डर



नाइँ मलाई त्यही केटी चाहिन्छ..... रोएर गाएको यो गीतबाट चर्चा बटुलेका प्रकाश पौडेललाई त्यसबेला धेरैले संगीतको भाइरस भनें। यो गीतलाई गीत मान्ने कि नमान्ने विषयमा समेत बहस चल्यो। त्यसैबेला नेपाली कथानक चलचित्र मामाघरले यही गीतलाई चलचित्रमा समेत प्रयोग गर्‍यो। भाइरस भनेकै कारण हुनसक्छ, उनले दोस्रो गीतिसंग्रहको शीर्षक नै भाइरस राखे। नेपाली संगीतमा प्रयोगवादी सिद्धान्त अघि सारेका प्रकाशले यो संग्रहमा अर्को नयाँ प्रयोग गरे।

कसैलाई नभन्नु ल..... खासखुस गरेर गाएको यो गीत पनि त्यसबेला सञ्चारमाध्यमहरूमा खुबै जमेको थियो। त्यसपछि उनको अर्को संग्रह आयो 'रेस थ्रि'। उक्त संग्रहमा पौडेलले अर्का गायक प्रकाश ओझाको सुकेको ज्यानमा आधारित भएर 'डाक्टर सा'ब भिटामिन लेखिदिनु न....' प्रयोग गरे। यो गीतको म्युजिक भिडियोमा उनले ओझालाई नै खेलाएका थिए। रेस थ्रिकै रिमिक्स गीत घाँस काट्नु खुर्केर... को म्युजिक भिडियोमा पाइन्ट खोलेर भागेका प्रकाश दुई वर्ष सांगीतिक फाँटबाटै हराए।

यतिखेर नयाँ गीतिसंग्रह 'साइको' लिएर उनी श्रोतामाझ आएका छन्। गीतहरू साइको खालकै भएकाले संग्रहको नाम त्यही राखेको उनी बताउँछन्। प्रयोगधर्मी प्रकाशले यो संग्रहमा पहिलो पटक लोकदोहोरीको जवाफ र्‍याप शैलीमा दिएर लोकगायिका बिमाकुमारी दुरासँग दोहोरी खेलेका छन्। त्यसो त यही संग्रहमा गायक पौडेलले अरबी र नेपाली संगीतको मिक्स स्वरूप हबीबी (प्यारी) गीतलाई पनि समावेश गराएका छन्। उम्मा... गरी पप्पी मागेको किसिङ साउन्डको प्रयोग हेर्दा संग्रहको नाम साइको राख्नुको कारण आफैं पुष्टि हुन्छ। अब हेर्न बाँकी छ, उनका यी प्रयोग कसरी ग्रहण हुनेछन् ? संग्रह बजारमा चल्यो भने त ठीकै छ, अन्यथा पौडेल आफैं साइको भएर मानसिक अस्पताल पुग्लान् भन्ने डर पनि छ।






## जम्का भेट
# राजेश, निखिल र रेखा मात्रै बाँचेका छन्

**लक्ष्मी गिरी सुपरिचित अभिनेत्री हुन्। सानो तथा ठूलो दुवै पर्दामा देखिने गिरी अभिनय गरेर गुजारा चलाउन नसकिने अनुभव सुनाउँछिन्। कलाकार संघको उपाध्यक्ष भएपछि उनको सक्रियता थपिएको छ।**

**हिजोआज लक्ष्मी गिरीको फुर्तीफार्ती बढेको छ नि ?**

कलाकार संघको उपाध्यक्ष भएका कारण सक्रिय हुनैपर्‍यो अनि बाँच्नका लागि अभिनय पनि गर्नैपर्‍यो।

**अभिनय गरेर बाँच्न सकिएला ?**

अभिनय गरेर बाँच्न सकिंदैन। म राष्ट्रबैंकको रिटायर्ड कर्मचारी भएकीले त्यताबाट पेन्सन आउँछ। सबैतिरको जोरजाम गरेर बाँचेकी छु।

**पेन्सन नआउनेहरू पनि त बाँचेका छन् नि ?**

अभिनय गरेर अधिकांश कलाकार आत्मसन्तुष्ट हुन्छन् होला तर त्यसकै भरमा बाँच्नेहरूचाहिं अति कम छन्।

**अभिनय गरेर बाँच्नेहरूको नाम लिनुपर्दा ?**

अहिलेलाई राजेश हमाल, निखिल उप्रेती, रेखा थापाका साथै जो अति सक्रिय छन् उनीहरूलाई मात्र पारिश्रमिकले बचाएको छ।

**लक्ष्मी गिरीले अभिनय गरेर पाएको पारिश्रमिकले बाँच्ने दिन कहिले आउला ?**

समयले त्यस्तो वातावरण बनाउन सक्छ।

**तपाईंको भावी योजना केही छैन ?**

अभिनय धेरै गरियो, अब निर्देशन गर्ने विचारमा छु।

**कस्तो निर्देशन ?**

एउटा टेलिचलचित्रको, म त्यस्तो कथामा टेली चलचित्र बनाउँछु जुन सबैको समस्या हो। भन्नैपर्दा विगत एक दशकको द्वन्द्वमा विधवा भएकाहरूको कारुणिक कथा। राज्यले विधवा बनाए पनि विद्रोही पक्षले बनाए पनि आखिर जो विधवा जीवन गुजारिरहेका छन् उनीहरूको समस्या एउटै हो। मेरो टेलिचलचित्र यही विषयमा केन्द्रित हनेछ।



# सेन्सरबोर्डविरुद्ध चलचित्रकर्मी



जातीय द्वन्द्वका विषयमा चलचित्र बनाएर चलचित्रकर्ममा पृथक् उपस्थिति कायम गर्ने उद्देश्य बोकेका निर्माता संजीव प्रधान र निर्देशक दिनेश कार्कीको सपना तुहिएको छ। चलचित्र ठिक छ कि छैन भनेर जाँच गर्नका लागि स्थापित चलचित्र जाँचपास समिति (सेन्सरबोर्ड) ले अंहकारमाथि अन्धाधुन्ध कैंची चलाएर प्रदर्शनमा रोक लगाएपछि उनीहरूको सपना तुहिएको हो। तैपनि उनीहरू निराश भने छैनन्। उनीहरू भन्छन्– 'यदि सेन्सर बोर्डले स्वीकृति दिएन भने खुल्लामञ्चमा गएर अहंकार प्रदर्शन गर्छौं र जनताले जे भन्छन् त्यही मान्छौं।'

संजिव र दिनेश मात्रै होइन, आमनिर्माता-निर्देशकलाई सेन्सरबोर्डको रबैया मन परेको छैन। निर्माता संघका अध्यक्ष अशोक शर्मा भन्छन्– 'नेपाल र नेपालीलाई हेपेको संवाद भएका हिन्दी चलचित्र प्रदर्शनका लागि छुट दिने सेन्सरबोर्डका पदाधिकारी आफ्नो मुलुकमा बनेको चलचित्रमाथि अन्धाधुन्ध कैंची लगाउँछन्। यो एकदमै दुःखलाग्दो विषय हो।' स्थापनादेखि नै सेन्सरबोर्डले दोहोरो नीति अवलम्बन गर्दै आएको धारणा व्यक्त गर्ने शर्मा अब सेन्सर बोर्डको औचित्य छैन सम्म भन्न पनि पछि पर्दैनन्।

लोकतन्त्रको स्थापनापछि समेत चलचित्रमा सेन्सर गरेर सरकारले अलोकतान्त्रिक चरित्र प्रदर्शन गरेको भन्दै अहिले कतिपय चलचित्रकर्मी सेन्सर बोर्ड नै खारेज गर्नुपर्ने माग गर्न थालेका छन्। बोर्डमा चलचित्र नबुझ्नेका व्यक्तिहरू बसेका कारण अनावश्यक हस्तक्षेप भएको पनि उनीहरूको आरोप छ।

जुनसुकै पार्टीको सरकार बने पनि आ-आफ्नै गुटका व्यक्ति मिलाएर बोर्ड गठन गर्ने चलन अद्यावधि कायमै छ। लोकतन्त्र स्थापनापछि पनि सरकारले यो क्रम जारी राखेको छ। अहिले पनि केही चलचित्रकर्मी र केही गैरचलचित्रकर्मीको समूह बसेर चलचित्र हेर्ने र चित्त नबुझ्नेको दृश्यमा आपत्ति जनाउने चलन छँदैछ। निर्देशक भनेको सर्जक हो भन्ने निर्देशक नवीन सुब्बा त निर्देशकलाई अराजक हुने छुट दिनुपर्ने तर्कसमेत गर्छन्। सुब्बा भन्छन्– 'जब सर्जक अराजक हुन्छ तब मात्रै ऊबाट राम्रो सिर्जनाको अपेक्षा गर्न सकिन्छ। त्यसकारण चलचित्रको सेन्सर गरिनुहुन्न।'

सर्जकलाई अराजक बनाएपछि मात्रै राम्रो सिर्जनाको अपेक्षा गर्न सकिने धारणा राख्ने नवीनको माग जसरी पनि सेन्सरबोर्ड खारेज हुनुपर्ने छ। त्यसो त चलचित्र लेखक एवं साहित्यकार नयनराज पाण्डे पनि नवीनकै भनाइमा सहमति जनाउँछन्। पाण्डे भन्छन्– 'सिर्जनालाई राम्रो र नराम्रो भनेर छुट्याउन पाइँदैन।'

पाँच वर्षअघि आगो बनाउँदा बोर्डले आफूलाई अनावश्यक झन्झट दिएको अनुभव सँगालेका निर्देशक समाजका अध्यक्ष नारायण पुरी बोर्डमा विवेकहीन र अबुझ व्यक्तिहरूको वर्चस्व रहेकाले आमनिर्देशकहरूले अनावश्यक सास्ती पाएको बताउँछन्। पुरी भन्छन्– 'लोकतान्त्रिक सरकारले अब एकात्मक परिपाटी त्याग्नुपर्छ।' अर्का निर्देशक के.पी. पाठक त सेन्सरबोर्ड खारेज गरेर चलचित्रको ग्रेडिङ तोकिनुपर्ने आवाजसमेत उठाउन थालेका छन्।

## जानकै हतार

आफूले बोलेपछि अरूका कुरा सुन्न नचाहनु आमचलचित्रकर्मीको चलनजस्तै भएको छ। चलचित्रकर्मीले त त्यसो गरे नै, मुलुकको ताजा राजनीतिप्रति चासो राख्ने व्यक्तिले समेत उस्तै शैली अपनाएपछि चलचित्रकर्मीसमेत छक्क परे।

राजधानीमा सम्पन्न अन्तरसंवाद कार्यक्रममा वक्ताका रूपमा आमन्त्रित विधायक डा. वंशीधर मिश्र आफ्नो भनाइ राख्नेबित्तिकै मञ्चबाट बाहिरिन खोजे तर आयोजकहरूले जान दिएनन्। 'आफूले बोलेर मात्रै कहाँ हुन्छ, हाम्रो कुरा पनि सुन्नुपर्‍यो' भनेपछि उनी केही क्षण त बसे तर आफू पछि बोल्ने दुई जनाभन्दा बढीका कुरा उनले सुनेनन्। त्यसो त अभिनेत्री वसुन्धरा भुषाल पनि कार्यक्रम नसकिँदै पटक-पटक बाहिरिन खोज्दै थिइन्। उनलाई पनि आयोजकहरूले कार्यक्रम सकेर मात्रै जान आग्रह गरेका थिए यद्यपि कार्यक्रम नसकिँदै उनी फर्किसकेकी थिइन्।

केही समय आगन्तुकलाई रोक्नमै व्यस्त आयोजक संस्थाका प्रतिनिधिले उक्त दिन आगन्तुकलाई रोक्न राम्रै समय खर्चिनुपरेको थियो। आफ्नो बोल्ने पालो सकिएपछि मञ्चबाटै बाटो तताउने प्रवृत्तिलाई केही क्षण रोके पनि अन्त्यतिर भने उनीहरूले पनि हार खाएको देखिन्थ्यो। कलाकार लय संग्रौला मञ्चबाटै बिदा मागेर बाहिरिएका थिए भने निर्माता संघका अध्यक्ष अशोक शर्मा पनि कार्यक्रम सकिनुअगावै हिंडिसकेका थिए।




## लभगुरु रेखा

**प्रश्न : म २४ वर्षीया युवती हुँ। मैले गाउँकै ३० वर्षीय युवकसँग भागेर विवाह गरें। उनका २ वटा छोराछोरी पनि छन्। हाम्रो गाउँ राजधानी नजिकै छ। उनकी जेठी श्रीमती र छोराछोरी गाउँमै छन्। हामीले काठमाडौंमा डेरा लिएका छौं। बेलामौकामा उनी डेरामा आउँछन् र मलाई खर्चबर्च दिन्छन्। यो कुरा धेरैलाई थाहा छैन। उनी आफ्नी जेठी श्रीमती र छोराछोरीलाई पनि छोड्न चाहँदैनन्। यसरी लुकेर विवाह गरेकोमा मलाई पश्चात्ताप र आत्मग्लानि भैरहेको छ, म के गरूँ ?**

**पी.सी.**



**उत्तर–** जुन कुराले तपाईंलाई पश्चाताप र आत्मग्लानि भैरहेको छ त्यसलाई निरन्तरता दिइरहनुपर्छ भन्ने छैन। तपाईं आत्मनिर्णय गर्न स्वतन्त्र हुनुहुन्छ र तपाईंले यस्तो सम्बन्धबाट आफूलाई मुक्त राख्नैपर्छ अन्यथा भविष्यमा तपाईंले अझ बढी पीडा भोग्नुपर्नेछ। तपाईंको प्रेमी वा श्रीमान्ले आफ्नो स्वार्थका लागि तपाईंलाई प्रयोग गरिरहेको छ भन्ने कुरा तपाईंको पत्रबाटै स्पष्ट हुन्छ। उसले तपाईंलाई काठमाडौंमा लुकाएर अनि विवाहको कुरा सार्वजनिक नगरेर मूर्ख बनाइरहेको छ। सक्नुहुन्छ भने उसबाट अलग भएर नयाँ जीवन प्रारम्भ गर्नुहोस्, अन्यथा आफ्नो विवाहको वैधानिकताका लागि प्रयास गर्नुहोस्। जुनसुकै निर्णय गरे पनि सकेसम्म चाँडै आफ्नो बाटो तय गर्नु नै तपाईंको हितमा हुन्छ।

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय–सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## फिल्मी खबर

**चलचित्र** क्षेत्रमा एलसीडी प्रविधि भित्रिएपछि सानो बजेटमा चलचित्र निर्माण गर्नेहरूको लहर नै चलेको छ। विशेष गरी मोफसलका युवाहरू उक्त प्रविधिमा चलचित्र बनाउन निकै उत्साहित छन्। यसै क्रममा इलामका युवाहरूले एलसीडी प्रविधिमा चलचित्र 'तिरस्कार' निर्माण गरेका छन्। प्रदीप विश्वकर्माको लेखन तथा निर्देशनमा तयार भएको उक्त चलचित्रमा समाजमा व्याप्त जातीय छुवाछूतलाई प्रमुख विषय बनाइएको छ। समाजमा गरिब र दलितमाथि हुने सामाजिक विभेदको अन्त्य गरिनुपर्छ भन्ने सन्देशलाई चलचित्रमा कलात्मक ढंगले प्रस्तुत गरिएको छ। इलामकै सेरोफेरोमा तयार भएको उक्त चलचित्रको निर्माण प्रेम शंकरले गरेका हुन्। चलचित्रमा प्रकाश पराजुली, कौशिला राई, योगेन्द्र शंकर, स्मृति प्रधान आदि कलाकारले अभिनय गरेका छन्। यो चलचित्र इलामका प्रमुख व्यापारिक केन्द्र मंगलबारे, राँके, बिब्ल्याँटे, इलाम आदि स्थानमा प्रदर्शन भैसकेको छ।

**रेखा** थापा र हङकङमा बसोबास गरिरहेका नायक सुनील पोखरेलद्वारा अभिनीत डेढ घन्टा लामो फरक धारको चलचित्र 'नारी–द वुमन' प्रदर्शनका लागि तयार छ। नारीका शत्रु नारी नै हुन्छन् भन्ने विषयमा सन्तोष लोहनीद्वारा निर्माण एवं निर्देशन गरिएको उक्त चलचित्रमा प्रायः खलनायकको भूमिकामा देखिने सुनील थापा पनि नायकको भूमिकामा देखिँदैछन्। थापाको जोडीको भूमिका मिथिला शर्माले निर्वाह गरेकी छिन्। विदेशी मुलुकबाट प्रदर्शन आरम्भ गरिने उक्त चलचित्रमा लक्ष्मण शेषको संगीतमा एउटा मात्र गीत छ।

**चलचित्र** 'घातक' तथा 'सिकार' को छायाङ्कन सकिएको लगत्तै निर्देशक रामजी लामिछाने अर्को चलचित्रको निर्देशनमा जुटेका छन्। 'राज्य' शीर्षकको उक्त चलचित्रमा 'सिकार' कै नायक रमित ढुंगाना एवं नायिका झरना थापाले अभिनय गरेका छन्। प्रभु शमशेरले निर्माण गर्ने उक्त चलचित्रको शुभमुहूर्त हालै एक पाँचतारे होटलमा सम्पन्न भयो। चलचित्रमा विक्रान्त बस्नेत, सुमन सिंह, उषा पौडेल, नवीन श्रेष्ठ र द्रोणले मुख्य भूमिका निर्वाह गर्दैछन्।

**नायिका** रेखा थापाद्वारा निर्माण गरिएको चलचित्र 'किस्मत' को छायाङ्कन अन्तिम चरणमा पुगेको छ। उज्वल घिमिरेको निर्देशनमा हाल



काठमाडौं उपत्यकामा छायाङ्कन भैरहेको उक्त चलचित्रमा नायिका थापा नै मुख्य भूमिकामा छिन्। विराज भट्ट नायक रहेको यो चलचित्रका लागि नायिका थापाले यसअघिको चलचित्र 'हिम्मत'मा जस्तै कुनै साहसिक स्टन्ट गर्ने सम्भावना छ।

## साप्ताहिककर्मी पुरस्कृत







**साप्ताहिक समाचार**

काठमाडौं– चलचित्र पत्रकार संघले हरेक वर्ष चलचित्र पत्रकारिता दिवसका अवसरमा चलचित्र पत्रकारितामा संलग्न पत्रकारहरूलाई प्रदान गर्दै आएको 'चलचित्र पत्रकारिता पुरस्कार–२०६४'बाट साप्ताहिकका संवाददाता सुव्रत आचार्य पुरस्कृत भएका छन्। गत सोमबार चलचित्रसम्बन्धी कार्यक्रम आयोजित गर्न संघले राजधानीको दरबार होटलमा स्थापना गरेको 'स्पिकर्स कर्नर'मा आचार्यलगायत स्टार एफएमका पत्रकार दयाराम पाण्डेयलाई रु. ५ हजार ५ सय ५५ नगद, ट्रफी तथा प्रमाणपत्रसहितको पुरस्कार प्रदान गरिएको थियो।

चलचित्र विकास बोर्डका अध्यक्ष शैलेश आचार्य, नेपाल पत्रकार महासंघका महासचिव महेन्द्र विष्ट तथा नेपाल चलचित्र समन्वय समितिकी अध्यक्ष बसुन्धरा भुषालले उक्त पुरस्कार प्रदान गरेका थिए। कार्यक्रममा कान्तिपुर टेलिभिजनको चलचित्रसम्बन्धी कार्यक्रम 'रजतपट'का निर्माता तथा सञ्चालक प्रकाश सुवेदीलाई 'चलचित्र पत्रकारिता सम्मान' प्रदान गरिएको थियो।

# फेसनमा नमस्ते एसिया



काठमाडौं, गत शनिबार साँझ याक एन्ड यती होटलमा पृथक शैलीमा अन्तर्राष्ट्रिय स्तरको फेसन-सो सम्पन्न भयो। तजकिस्तान, थाइल्यान्ड र दक्षिण कोरियाका सांस्कृतिक झलकका साथ प्रारम्भ भएको उक्त कार्यक्रममा एसियाका विभिन्न राष्ट्रका राष्ट्रिय पोसाक एवं संस्कृतिको प्रतिनिधित्व गर्ने सांस्कृतिक फेसन-सो प्रमुख आकर्षण बनेको थियो। हिल्डा पिन्सलरले कोरियोग्राफी गरेको उक्त फेसन परेडमा दक्षिण कोरियाको ह्यानबोक, जापानको किमोनो, नेपाली फरिया-चोलो, पाकिस्तानी सलवार-कमिज, बंगलादेश र श्रीलंकाको साडी, चीनको क्विपाओ, फिलिपिन्सको बोरोङ तागालोग लगायत तजिकिस्तान, अफगानिस्तान, भियतनाम आदि मुलुकका संस्कृति झल्काउने पोशाकहरू प्रस्तुत गरिएका थिए।



पहिरन प्रदर्शन गर्ने मोडलहरू व्यावसायिक मोडल नभई प्रोफेसनलहरू थिए तर उनीहरूको प्रस्तुति कुनै मोडलको भन्दा कम थिएन। संयुक्त राष्ट्र महिला संगठन (युएनडब्लुओ) को आयोजनामा सम्पन्न उक्त फेसन-सोबाट उठेको रकम समाजसेवाका निम्ति खर्च गरिने बताइएको छ।



## केवल एक प्रश्न

# प्रेम गरेपछि विवाह आवश्यक छ ?

ला..... मैले प्रेम गरेकै छैन...के भन्ने ? मलाई त थाहै छैन। यो प्रश्न त प्रेम गरेकाहरूसँग सोध्नु न। उनीहरूले भनिहाल्छन् नि प्रेम गरेपछि विवाह आवश्यक छ कि छैन ?

**सोनु पौडेल, मोडल**

अवस्था हेरेर हुन्छ, अपरिपक्व प्रेम गर्दैमा विवाह गर्नैपर्छ भन्ने लाग्दैन। प्रेम गरेपछि साँचो प्रेम गर्नुपऱ्यो, साँचो प्रेम भएपछि विवाह त भैहाल्छ नै, तर साँचो प्रेममा परेपछि विवाह नै उत्तम उपाय होला।

**सुदिन पोखरेल, गायक/समाचारवाचक**

यसको उत्तर व्यक्तिअनुसार फरक पर्छ। प्रेम गरेपछि विवाह नै गर्नुपर्छ भन्ने कुरा म मान्दिनँ, तर मैले भने प्रेम गरेर विवाह गरें, हाहाहा.....

**सुगम पोखरेल, गायक**

प्रेम, अँ......मलाई थाहा भएन, कस्तो गाऱ्हो प्रश्न गऱ्या ? मैले प्रेम नै गऱ्या छैन। प्रेम नगरी विवाह गरेका छन् नि होइन ? त्यस्तै प्रेम सबैले कहाँ विवाह गर्छन र ? मलाई त यसको उत्तर साँच्चै आएन।

**शितल मोक्तान, गायिका**

सकेसम्म होस्, तर हुनैपर्छ भन्ने पनि छैन। यदि परिवारले नगर भन्छ भने नगर्नु नै राम्रो हो। विवाह नगरी पनि जीवनभर कसैलाई प्रेम गरेको क्षण र पललाई सम्झिएर जिउनुको मज्जा नै छुट्टै हुन्छ होला नि होइन ?

**पूजा राई, गायिका**



## चलचित्र



### युद्ध

शिव रेग्मी पारिवारिक एवं सामाजिक कथामा आधारित चलचित्र निर्देशन गर्न निपुण मानिन्छन्। उनले पहिलो पटक एउटा द्वन्द्वप्रधान चलचित्र निर्देशन गरे। उक्त चलचित्र 'युद्ध' आज शुक्रबारदेखि मोफसलका छ स्थानबाट सार्वजनिक हुँदैछ। यो चलचित्रका निर्माता एकपछि अर्को चलचित्र निर्माण गरिरहेका निर्माता चिरञ्जीवी बस्नेतले निर्माण गरेको चलचित्र हो। व्यावसायिक चलचित्र निर्माण गर्न खप्पिस बस्नेतले निर्देशक रेग्मीलाई द्वन्द्वप्रधान चलचित्रका स्वरूपमा पूर्ण व्यावसायिक चलचित्र बनाउन लगाएका हुन्। पुरानो पुस्ताका एक्सन नायक शिव श्रेष्ठ तथा नयाँ पुस्ताका एक्सन नायक निखिल उप्रेती दुवैको एक्सन पहिलोपल्ट दर्शकले एउटै चलचित्रमा हेर्न पाउनेछन् भने चलचित्रलाई ग्ल्यामरस बनाउन नायिकात्रय उषा पौडेल, सञ्चिता लुइँटेल र नन्दिता केसी छन्। आँसु बगाउँदै दुःखी नारीको भूमिका मिथिला शर्माले निर्वाह गरेकी छिन् भने नायकको जन्मजात शत्रुको भूमिकामा खतरनाक अभिनय गरेर दर्शक तर्साउने काम सुशील पोखरेल, विजय देउजा र उमेश खड्कालाई दिइएको छ। बाँकी रह्यो हास्यदृश्य, त्यसका लागि हास्य कलाकारहरू गोपालराज मैनाली, किरण केसी, रवि डंगोल, निर्मल शर्मा, उत्तम केसी, गोपाल छन्दे आदिको भीड चलचित्रमा छ।



### सुट आउट एट लोखन्डवाला

हवाइट फिदर फिल्म्सको ब्यानरमा निर्मित चलचित्र सुट आउट एट लोखन्डवाला आज शुक्रबार सार्वजनिक हुँदैछ। स्टार अभिनेताहरूले अभिनय गरेको यो चलचित्र 'थ्रिलर' वर्गमा पर्छ। अभिनेता सञ्जय दत्त तथा सञ्जय गुप्ताले निर्माण गरेको यो चलचित्रलाई अपूर्व लखियाले निर्देशन गरेका हुन्। चलचित्रमा अमिताभ बच्चन, सञ्जय दत्त, अभिषेक बच्चन, सुनील सेठ्ठी, अरबाज खान, विवेक ओवराय, तुषार कपुर, साविर अहलुवालिया, रोहित राय, आदित्य लखिया, नेहा धूपिया, दिया मिर्जा, अमृता सिंह, आरती छाबरिया आदिले अभिनय गरेका छन्। त्यसैगरी चलचित्रमा राखी सावन्तले विशेष भूमिकामा अभिनय गरेकी छिन्। यो चलचित्रमा आनन्दराज आनन्द, मिका सिंह तथा बिद्दुको संगीत सुन्न पाइन्छ। चलचित्रको कथा सामाजिक घटनामा आधारित भएको बताइन्छ। चर्चित कलाकारहरूको जमघट भएकाले यो चलचित्रले राम्रो व्यापार गर्न सक्ने अनुमान विश्लेषकहरूले गरेका छन्।

### पाइरेट्स अफ दि क्यारेबियन थर्ड




हलिउड चलचित्र उद्योगमा आज चलचित्र 'पाइरेट्स अफ दि क्यारेवियन थर्ड' सार्वजनिक हुँदैछ। आज सार्वजनिक हुने चलचित्रमध्ये यसले राम्रो व्यापार गर्न सक्ने अनुमान गरिएको छ। यसअघि पनि पाइरेट्स अफ दि क्यारेबियन फस्ट र सेकेन्ड दुवै सफल चलचित्रको सूचीमा परेका थिए। चलचित्रका नायक जोनी डेप पनि यी सिक्वेल चलचित्रबाटै चर्चित बनेका थिए। गोरे भर्विन्स्कीले निर्देशन गरेको यो चलचित्रमा केथ रिचर्ड्स, जोनी डेप, ओरल्यान्डो ब्लुम, किरा नाइट्ली, स्टेलन स्कार्सगार्ड आदिले प्रमुख भूमिकामा अभिनय गरेका छन्। क्यारेबियन टापुको कथामा आधारित यो चलचित्रमा सामुद्रिक तटमा हुने चोरी, डकैतीका घटनालाई उठाइएको छ। चलचित्रको कथा अवास्तविक जस्तो लाग्ने भए पनि दर्शकले यसबाट पर्याप्त मनोरञ्जन लिन सक्छन्। २ घण्टा ४५ मिनेट लामो यो चलचित्रमा द्वन्द्वात्मक तथा साहसिक दृश्यलाई प्राथमिकता दिइएको छ।

## पर्यटनमा प्रचण्ड



पोखरा– पहिलो पटक पर्यटकीय गाउँ घान्द्रुक पुगेका नेकपा माओवादीका अध्यक्ष प्रचण्ड तथा उनकी श्रीमती सीतालाई घान्द्रुकवासीले स-सम्मान गुरुङ वेशभूषामा सजाए। गुरुङ पहिरनमा सजिन पाउँदा उनीहरू दंग देखिन्थे। युद्धकालमा घान्द्रुककै पर्यटन व्यवसायी ईश्वर गुरुङलाई हत्या गरेर गाउँले माझ क्रूर बनेको थियो माओवादी, तर यस पटक भने सबै विगत बिर्सेर घान्द्रुकवासीले प्रचण्डसहित माओवादी कार्यकर्तालाई आफ्नो गाउँमा विशेष स्वागत गरे। प्रचण्डले घान्द्रुकको जनसभालाई सम्बोधन गर्दै गाउँलेहरूको पीर-मर्का बुझ्ने काम गरे। प्रचण्ड दम्पती दुई दिनसम्म घान्द्रुकस्थित ट्रेकरस इन होटलमा बसेका थिए।

यसै गरी प्रचण्डले पोखरा बसाइका क्रममा बेगनासका केही गाउँको भ्रमण गरे। उनले रूपाताल र बेगनासतालको मनोरम दृश्यमा रमाउँदै तालको अतिक्रमण र प्रदूषणका बारेमा स्थानीय जनताका कुरा पनि प्रचण्डले ध्यानपूर्वक नै सुनेका थिए। त्यही मौकामा उनले पत्नी सीता पौडेलसँगै वेगनासतालको कञ्चन पानीमा तस्बिर खिचाए। उता गन्धर्व बस्ती बाटुलेचौर पुगेका प्रचण्डलाई गन्धर्वहरूले सारङ्गी उपहार दिए। कहिले सारङ्गीको धुन सुन्दै त कहिले जनताका मर्का बुझ्दै प्रचण्डले घान्द्रुक, पचभैया, बेगनास आदि गाउँ चहारे। एक साताको पोखरा बसाइका क्रममा अध्यक्ष प्रचण्ड पार्टीका स्थानीय कार्यकर्ताहरूसँगको भेटघाटमा पनि त्यत्तिकै व्यस्त देखिन्थे। पोखराबाट फर्किएपछि उनी तनहुँको पर्यटकीय क्षेत्र बन्दीपुरमा पुगेका थिए।

**–शिव शर्मा**

## नील डेविड ब्रान्ड एम्बेसडर



काठमाडौं– जिनभेरा तथा फलो-मी ग्रीन-टीका सौन्दर्य उत्पादन प्रबर्द्धनका लागि दीपज्योति इन्टरनेसनल प्रा.लि.ले चर्चित हेयर डिजाइनर तथा मेकअप आर्टिस्ट नील डेविड कट्वाललाई 'ब्रान्ड एम्बेसडर' घोषणा गरेको छ। गत साता आयोजित एक कार्यक्रममा प्रा.लि.का प्रबन्ध निर्देशक फणीन्द्र पौडेलले डेविडलाई करारपत्र हस्तान्तरण गर्दै उक्त घोषणा गरेका हुन्।

पौडेलका अनुसार सौन्दर्य उपचारमा बढेको यो लहरलाई नील डेविडको कलाले तान्न सफल भएको देखेर उनलाई ब्रान्ड एम्बेसडर बनाउने निर्णय गरिएको हो। कार्यक्रममा डेविडले यी ब्रान्डका उत्पादनले सन्तुष्टि दिलाएकाले आफू मात्र ब्रान्ड एम्बेसडर बन्न तयार भएको बताए।

**पोखरामा पनि नील**

यसबीच नीलले अहिले आफ्नो नील डेविड्स हेयर सैलुनको विस्तार पोखरामा पनि गरेका छन्। राजधानीमा छोटो अवधिमा चर्चा बटुल्न सफल भएको उनको सैलुनको पोखरा शाखाको चर्चित सिने निर्देशक नारायण पुरीले शुभारम्भ गरे। उक्त अवसरमा निर्देशक पुरीले सौन्दर्यको पहिलो सहर पोखरामा नील डेविड्स सैलुनले थप हलचल ल्याउने कुरा बताए। सैलुन उद्घाटनको निमन्त्रण-पत्रमा नायिका बिपना थापाद्वारा उद्घाटन गर्ने भनिए पनि अन्तिम अवस्थामा आएर बिपना बिरामी भएर आउन नसकेको खबर आएको थियो। यसअघि काठमाडौंका दुई ठाउँमा रहेका नीलका सैलुनको उद्घाटन विपनाले नै गरेकी थिइन्। यस पटक पार्लर उद्घाटन गरेर ह्याट्रिक गर्छिन् भन्ने लागेको थियो, कार्यक्रममा काठमाडौंबाट आएका सिने पत्रकार प्रकाश सुवेदीले बताए।

हालसालै बलिउडको चलचित्र निर्देशन गर्ने जिम्मेवारी पाएका नारायण पुरीको उक्त चलचित्रका लागि बलिउडका कलाकारको हेयर स्टाइल बनाउने जिम्मेवारीसमेत नीलले पाएका छन्।

## सानो पर्दा



**सानो पर्दा** तथा रेडियोका कार्यक्रम सञ्चालकहरूको संस्था नेपाल उद्घोषक संघले 'उद्घोषक एवार्ड-२००७' को आयोजना अमेरिकामा गर्ने बताएको छ। हालै एक पत्रकार भेटघाट कार्यक्रममा उक्त जानकारी दिइएको हो। अमेरिकाको बाल्टिमोर सहरमा आयोजना गरिने उक्त एवार्ड वितरण कार्यक्रममा सहभागी हुन मनोनीत उद्घोषकहरूलाई उतै लाने तयारी पनि भैरहेको छ। संघका अध्यक्ष शिव विष्ट हाल त्यही सिलसिलामा अमेरिकामा छन्। संघले यसपटक विदेशमा बसेर उद्घोषण कार्यमा लागेका प्रवासी नेपालीहरूलाई पनि सहभागी गराउनेछ। उनीहरूलाई आवेदन फारम भर्नका लागि हाल एक वेवसाइट निर्माण भैरहेको छ।

**बाबुराम** ढकालको निर्माण तथा निर्देशन रहेको सामाजिक टेलिश्रृंखला 'खुसी पलभरको' को प्रसारण समाप्त भएको छ। नेपाल टेलिभिजनमा हरेक आइतबार बेलुकी प्रसारण हुने उक्त श्रृंखलामा मिथिला शर्मा, सीमान्त उदास, सीमा ढकाल, दीपक त्रिपाठी, अमृतजङ्ग बस्नेत तथा रवि गिरी आदिले अभिनय गरेका थिए। उक्त श्रृंखला ४३ भागमा टुंगाइएको र कथा जबरजस्ती तन्काउने कार्य नगरेको निर्देशक ढकालले बताए। अहिले उनी अर्को श्रृंखला 'विधाता' को निर्माणमा व्यस्त भएका छन्। हाल लेखनकार्य भैरहेको उक्त श्रृंखलाका कलाकारहरूको छनौट भने भैसकेको छैन।

**कान्तिपुर** टेलिभिजनबाट हरेक बिहीबार राति ९:०० बजे प्रसारण भैरहेको कोरियन टेलिश्रृंखला हिउँदको प्रेमगीतका नायक तथा नायिका नेपाल आउने भएका छन्। विश्वका २१ भाषामा अनुवाद भै प्रसारण भैसकेपछि नेपाली भाषामा पनि स्वराङ्कन गरी प्रसारण गरिएको उक्त श्रृंखलाका संयोजक अनोज शाक्यका अनुसार उक्त श्रृंखला मन पराउने २ सय जनालाई समेटेर एउटा फ्यान क्लब बनाइएको छ। उक्त फ्यान क्लब तथा शाक्यको पहलमा श्रृंखलाका नायक बे योङ जुन र नायिका चोइजी वुत नेपाल आउने भएका हुन्। सम्भवत आउँदो अगस्त महिनामा आउने ती दुई कलाकारले यहाँका आफ्ना प्रशंसकहरूलाई भेट्नुका अतिरिक्त नेपालका विभिन्न स्थानको भ्रमण समेत गर्नेछन्।

**नेपाल** टेलिभिजनबाट हरेक बुधबार बेलुकी साढे सात बजे नेपाली चलचित्र तथा टेलिचलचित्रसम्बन्धी गतिविधि समेटिएको कार्यक्रम 'पर्दा' को प्रसारण हुन थालेको छ। नायिका तथा निर्मातृ सरिता लामिछानेको परिकल्पनामा उनका श्रीमान् ॠषि लामिछानेको निर्देशनमा निर्माण भैरहेको उक्त कार्यक्रमको प्रसारण मिति र समय कान्तिपुर टेलिभिजनको चलचित्रसम्बन्धी कार्यक्रम 'रजतपट' सँग जुधेकोमा केही चलचित्रकर्मीले आपत्ति जनाएका छन्। कार्यक्रम नजुधाएको भए दुईवटै कार्यक्रम हेर्न पाइन्थ्यो भन्ने उनीहरूको राय छ। अर्कातर्फ च्यानल नेपालमा प्रसारण भैरहेको चलचित्रसम्बन्धी कार्यक्रमको शीर्षक उक्त कार्यक्रममा पनि प्रयोग गरिएकोमा कार्यक्रमका निर्माता सुरेश दर्पणले अरू कुनै शीर्षक राख्नु उपयुक्त हुने सुझाव दिएका छन्। नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको 'पर्दा' का निर्देशक लामिछानेको विचारमा च्यानल फरक भएपछि शीर्षक उही हुँदा खासै फरक पर्दैन।

## क्रान्तिकारी विद्यार्थीको सांस्कृतिक कार्यक्रम



*'आयौ हामी शान्तिको गीत गाउँदै गणतान्त्रिक सन्देशको संगीत सुनाउँदै।'*

इलाम बजारको आइतबारे हाट भर्न आएका गाउँलेहरूको भीडले चोक बजारको लाँकुरी चौतारी परिसरमा बाक्लो भीड जमेको थियो। अचानक कम्ब्याट ड्रेस लगाएर माओवादी छापामारको गेटअपमा एक हूल युवायुवती उत्रिए। माओवादी पार्टी सरकारमा गए पनि मुलुकमा राजनैतिक स्थिरता आइनसकेको अवस्थामा उनीहरूले शान्ति सन्देश दिँदै नृत्य प्रस्तुत गरे।

मध्याह्नको प्रचण्ड घाममा पनि दर्शकहरूले अनेरास्ववियु क्रान्तिकारी विद्यार्थी संगठनले आयोजना गरेको उक्त सांस्कृतिक कार्यक्रमलाई रुचिपूर्वक हेरेका थिए। कार्यक्रमकै सिलसिलामा कलाकारहरूले किराँत जातिमा प्रचलित चण्डी नृत्यलाई पनि सन्देशमूलक नृत्यका रूपमा प्रस्तुत गरे।

अनेरास्ववियु क्रान्तिकारी जिल्ला संगठनको सातौं जिल्ला अधिवेशनका क्रममा उक्त सांस्कृतिक कार्यकम आयोजित गरिएको थियो। तरबार र कलमको आन्दोलनसँगै सांस्कृतिक क्रान्तिलाई पनि निरन्तरता दिने उद्घोषका साथ उक्त कार्यक्रमले गति लिएको थियो। मञ्चमा भाषण भैरहेकै अवस्थामा पानी परेपछि पातलिएका दर्शक सांस्कृतिक कार्यक्रम प्रस्तुत हुन थालेपछि पानीझरीको बेवास्ता गर्दै फेरि बाक्लिएका थिए।

**–शिव मुखिया**

**उद्घोषण तालिम**

४५ दिने गुणस्तरीय RJ, प्राविधिक तथा पत्रकारिता तालिम ख्यातिप्राप्त चर्चित रेडियोकर्मीद्वारा संचालित संस्था, विकल्प, द अप्सनबाट

**विशेषता**
- दक्ष प्रशिक्षक/प्राविधिक
- **Practical** आफ्नै स्टुडियोमा
- विज्ञापनमा बोल्ने तथा कार्यक्रम संचालन गर्ने अवसर

**प्रमुख प्रशिक्षकहरु**
- कला सुब्बा
- सञ्जय वराल
- महिमा भट्टराई
- मुनाल शिशिर
- अनितजङ्ग पाण्डे
- पवन आचार्य, लगायत अन्य थुप्रै RJ हरु

सम्पर्क: **BIKALPA, The Option**
Kumari Temple Street, Kupondole
फोन: ५०११५२३, हटलाइन: २३८०७४४

**प्राङ्भेट TEST/SLC**
२०६४ को लागि
**दोस्रो समुहमा भर्ना खुल्यो**
- कक्षा ८ पास भएका तथा कक्षा ९ वा १० मा फेल भई विविध कारणले विद्यालय जान नसकेका विद्यार्थीहरुका लागि
विहान र दिउँसो दुवै समुह तथा नेपाली र अंग्रेजी दुवै माध्यममा पढाइने
नेपाल सरकार तथा EIA बाट मान्यता प्राप्त
**MERIT**
Open School, Kalimati, KTM, Ph:4285664

# लघुकथा

## संयोग

वर्षौंपछि शान्तिको अनुभूति गर्दै आज रात्रिबसको यात्रामा छु। सँगैको सिटमा कस्तो मान्छे पर्ने हो भनेर गम्दै पनि छु। करिब ८ बजे काठमाडौं बसपार्कबाट गाडी छुट्नै लाग्दा एउटा युवक मेरो सिटको छेउमा बस्यो। २ बजेसम्ममा चितवन पुगिसक्नुपर्ने हुनाले म चिन्तित थिएँ। गाडी अघि बढेपछि मैले मेरो छेउमा बसेको युवकसँग समय काट्ने हिसाबले कुरा अगाडि बढाएँ। उसको घर भोजपुर रहेछ। धरानमा बसेर कम्प्युटर इन्जिनियर पढ्ने क्रममा चितवन घर भएकी सँगै पढ्ने एउटी युवतीसँग उसको प्रेम रहेछ। ती युवतीसँग विवाहको कुरा गर्ने प्रस्ताव राख्ने योजना बनाउँदा-बनाउँदै घरबाट उसको सैनिक दाजुको माओवादीसँगको भिडन्तमा मारिएको खबर पाएछ। त्यसपछि ती युवतीलाई खबर गर्नै नभ्याई ऊ भोजपुर लागेछ। त्यसपछि करिब एक वर्ष घरको व्यावहारिक झन्झटमा परेर पढाइ पनि पूरा गर्न पाएनछ।

एक वर्षपछि ऊ धरान फर्किएछ। क्याम्पसमा उसले प्रेम गर्ने युवतीले पनि केही महिनापछि पढाइ छाडेको खबर पाएछ। त्यसपछि ऊ तिनै युवतीलाई खोज्न चितवन पुगेछ। चितवनमा उसको ठेगाना थाहा नभएकाले भेट्न सकेनछ। त्यसपछि उदास मन लिएर काठमाडौं आइपुगेछ। अहिले ऊ काठमाडौंबाट पनि अघाएर गाडीमा चढेको रहेछ। कुराकानीका क्रममा उसले निराश हुँदै भन्यो– ‘अब म कहाँ जान्छु,, आफैंलाई नै थाहा छैन। अझै पनि मैले उसलाई बिर्सन सकेको छैन।’ उसको प्रेमकथा सुनेर म द्रवित भए। मेरो घर पनि चितवन भएकाले मैले उसलाई एकपटक फेरि चितवन गएर आफ्नी प्रेमिका खोज्न आग्रह गरें। मैले उसलाई सघाउने वचन पनि दिएँ। मेरो सहयोगी वचन सुनेर उसले नाइँ भन्न सकेन।

कतै पनि चेकिङ नभएकाले १ बजेतिर चितवन पुगियो। हामी घर पुग्यौं। कोठामा दिदी कपडा मिलाइरहेकी थिइन्। हामी पुग्नेबित्तिकै दिदी यसरी आत्तिइन् कि गर्लम्मै ढलिन्।

यतिखेर साँझ परेको छ। दिदीको होस खुलिसकेको छ। मसँगै आएको युवक दिदीको हात समाएर भन्दैछ, ‘घरमा पढाइ सकियो भनेर किन ठगेकी ? मलाई एक वर्ष कुर्न सक्दिनथ्यौं ? तिमी कति निष्ठुरी ?’ प्रत्युत्तरमा दिदी भन्दै थिइन्– ‘एक्कासि किन हराएको त ? खबर गर्नुपर्दैन ?’

**यादव लम्साल**

# बेलायत पलायनको प्रभाव

**पृष्ठ १ बाट जारी**

समान सुविधाको माग राखी सङ्घर्ष गर्दै आएको गोरखा भूतपूर्व सैनिक सङ्घ (गेसो) ले सन् १९९७ यताको मात्र नभएर सुरुदेखिका सैनिक परिवारले यस्तो सुविधा पाउनुपर्ने माग राख्दै आएको छ। उक्त माग पूरा भए अझ ठूलो सङ्ख्या बिदेसिने पक्का छ। हुन त गेसोका अध्यक्ष हर्कबहादुर पुन आवासीय सुविधा आफ्नो माग नभएको बताउँदै जनशक्ति र अर्थसमेत बिदेसिने खतराप्रति सरकार समयमै सचेत नभएको आरोप लगाउँछन्। ‘हामीले समान पेन्सन, क्षतिपूर्ति र तलबको माग राखेका हौं, आवासको होइन,’ उनले भने, ‘तर बेलायत सरकारले चलाखी गरेर आवासीय सुविधा दिई आफ्नो लगानी नेपाल भित्रन नदिने षड्यन्त्र गर्‍यो।’

नेपालमा सन् १९७१ सम्म ब्रिटिस लाहुरेले पठाउने रकमको हिस्सा सबैभन्दा धेरै थियो। बेलायतमा अहिले करिब ३ हजार ५ सय सैनिक कार्यरत छन् भने सैनिक सेवाबाट निवृत्त भएका २ हजार ६ सयभन्दा बढी छन्। दुईवटा विश्वयुद्धमा बेलायतका तर्फबाट तीन लाखभन्दा बढी नेपाली सैनिकले युद्ध लडेको तथ्याङ्क छ। तीमध्ये ४-५ हजारभन्दा बढी हताहत भएका थिए। ब्रिटिस आर्मीमा कार्यरत सैनिकबाट मात्रै कति रुपैयाँ नेपाल भित्रिन्छ यकिन तथ्याङ्क अहिलेसम्म कसैले निकालेका छैनन्। तर, डिभिड सेढान र गणेश गुरुङले केही समयअघि एक आईएनजीओका लागि गरेको सर्वेक्षणअनुसार नेपालमा ३० वर्षअघिदेखि नै ब्रिटिस र भारतीय सैनिकबाट ६ अरब २० करोड रुपैयाँ रेमिटेन्स भित्रिँदै आएको छ। पछिल्लोपटक पेन्सन एवं सुविधामा आएको वृद्धिसँगै उक्त रकममा पनि वृद्धि भएको छ।

अन्तर्राष्ट्रिय मुद्राकोषको तथ्याङ्कअनुसार सन् २००४/०५ मा नेपालमा ९० करोड ८० लाख अमेरिकी डलर रेमिटेन्स भित्रिएको छ। एक दशकको अवधिमा नेपालको कुल गार्हस्थ्य उत्पादनलाई प्रतिशतको आधार मानेर हेर्दा रेमिटेन्सको अंश शून्य दशमलव ५ प्रतिशतबाट १२ प्रतिशत पुगेको छ। यस्तो रेमिटेन्स बैंकिङ क्षेत्रबाट भन्दा पनि बढी हुण्डी (व्यक्तिले सीधै ल्याउने प्रचलन) बाट भित्रिने गरेको छ।

राजधानीपछि पोखरा र धरान रेमिटेन्सको गतिविधि बढी हुने सहर हुन्। यिनलाई लाहुरे सहरका रूपमा पनि चिनिन्छ। लाहुरे बस्ती र बाहिरबाट रेमिटेन्स बढी भित्रिने कारणले द्वन्द्वका बेलामा पनि यी सहरको आर्थिक चहलपहलमा कमी नआएको हो। आर्थिक लगानीका क्षेत्र साँघुरिँदै गएको द्वन्द्वको अवस्थामा पनि यी सहरमा रेमिटेन्सको आकर्षणले वित्तीय क्षेत्र प्रतिस्पर्धात्मक देखियो। अहिले नेपालमा भएका १९ वाणिज्य बैंकमध्ये पोखरामा १७ वटा बैंकका शाखास्थापना भैसकेका छन्। आउन बाँकी लुम्बिनी बैंक र ग्लोबल बैंकले पनि शाखा स्थापना गर्ने तयारी गरिसकेका छन्। त्यस्तै यहाँ चारवटा विकास बैंक र सातवटा कम्पनी सञ्चालित छन्। आर्थिक कारोबार गर्ने सहकारी संस्था त दर्जनभन्दा बढी छन्। ‘बैंकको नेटवर्किङ एउटा उद्देश्य हो भने अर्को आकर्षण रेमिटेन्सकै हो’ नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मी भन्छन्, ‘सबै व्यवसायको आकर्षण स्थानीय रूपमा भित्रिने रेमिटेन्स नै हो।’

बेलायतमा नेपाली सैनिकका लागि स्थायी आवासीय सुविधाले यी व्यवसाय मात्रै प्रभावित हुनेछैनन्, नेपालको समग्र अर्थतन्त्रलाई नै प्रभावमा पार्ने देखिन्छ। बेलायत सरकारले पछिल्लो पटक घोषणा गरेको बेलायती सैनिकसरहको पेन्सन र तलब दिने सुविधाबापत एक नेपाली गोर्खा सैनिकले कम्तीमा मासिक २ लाखदेखि ४ लाख रुपैयाँसम्म तलब बुझ्छ। पेन्सन मात्रै ३० हजार रुपैयाँदेखि झन्डै ६० हजार रुपैयाँसम्म पुग्छ। अहिले आइरहेको रेमिटेन्सको तुलनामा ब्रिटिस लाहुरेबाट भित्रिने रेमिटेन्स दोब्बर बढी हुन सक्थ्यो। ‘तर आवासीय सुविधाका कारण नेपालले त्यसको फाइदा लिन सक्दैन, बेलायतले लिन्छ,’ पुन भन्छन्, ‘बेलायती सरकारले एक हातले दिने र अर्को हातले लिने नीति लिएको छ।’

गेसोका अनुसार बेलायतले आवासीय सुविधा दिएपछि नेपालबाट सैनिक भर्ना गर्ने कार्यक्रमसमेत रोक्ने योजना बनाएको छ। पछि गोर्खाली फौजका लागि उतै भर्ना गर्ने उसको योजना हो। त्यसैले पनि आवासीय सुविधाले नेपाललाई फाइदा नपुग्ने गेसोको ठहर छ। ‘नेपाल सरकारले पनि यससम्बन्धी ठोस नीति ल्याउनुपर्‍यो,’ पुन थप्छन्, ‘यो व्यवस्थाले आर्थिक रूपमा नेपाललाई कुनै फाइदा पुग्दैन, यसप्रति हामी पनि संवेदनशील छौं।’

अवसर कम भएको र छोराछोरीको भविष्यका लागि पनि नेपाल छाडेर जानुपरेको तर्क गोर्खा सैनिक परिवारहरूको छ। ‘आधुनिक ठाउँमा बस्दाको अनुभव बेग्लै हुन्छ, नयाँनयाँ सम्भावनाको खोजी पनि हुन्छ’ ब्रिटिस आर्मीका निर्जङ गुरुङ भन्छन्, ‘पछि छोराछोरीको भविष्य पनि उज्ज्वल हुन्छ भनेर धेरै लाहुरे ब्रिटेनमै बस्न थालेका छन्।’

यद्यपि स्थायी रूपमा बेलायतमा बस्न सोचेजस्तो सजिलो छैन। एक जनाको कमाइले परिवार धान्न धौधौ पर्छ, त्यसमाथि त्यहाँको महँगो जीवनशैली तैपनि यसलाई अवसरका रूपमा लिनुपर्ने तर्क निर्जङको छ। ‘छोराछोरीको भविष्यका लागि म पनि उतै बस्ने विचारमा छु’ उनले भने, ‘म जस्तै सबैले यही निर्णय गरे भने नेपालको अर्थतन्त्रलाई त असर पुग्ने नै भयो।’

त्यसो त सबै लाहुरे माथिको तर्कप्रति सहमत छैनन्। अवसर र रोजगारी नेपालमा नै सिर्जना गर्ने वातावरण भैरहेको बताउँदै विदेशमा कमाएको धनले नेपालमा लगानी गर्ने राम्रो अवसर आएको केही पूर्वसैनिकले बताए। ‘द्वन्द्वका बेलामा त्यस्तो अवसर थिएन, तर अहिले राम्रो अवसर आएको छ,’ ब्रिटिस आर्मीका अवकाशप्राप्त क्याप्टेन भुवनसिंह गुरुङ भन्छन्, ‘उतै बस्ने निर्णयले नेपालीको हित गर्न सक्दैन, उता कमाएको पैसा ल्याएर नेपालमा लगानी गर्न सक्यौं भने आफ्नो देशको समेत कल्याण हुन्छ।’



## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



घण्टौं एकान्तमा बसेर चिठी लेखिरहेको बिकुरामसँग जितुचाले सोधेछ : बिकुराम दाइ, एकान्तमा बसेर के लेखिरहेको ?

बिकुराम : श्रीमतीलाई चिठी लेखिरहेको नि, मलाई डिस्टर्ब गर्ने होइन है।

जितुचा : घण्टौं लाएर चिठी लेखिरहनु'भा छ। अनि किन त्यस्तो बिस्तारै लेखिरहनु'भा नि ?

बिकुराम : मेरी श्रीमती चिठी चाँडो पढ्न सक्दिनन् नि, त्यसैले।

ooo

हुलाक कार्यालय पुगेको बिकुरामलाई दाहिने हातमा प्लास्टर गरेकी एउटी राम्री युवती आएर : दाइ, मलाई एउटा सहयोग गरिदिनुहुन्छ ? हेर्नुस् न, म लेख्न सक्दिनँ, मैले यो पोस्टकार्डमा केही लेखेर परिवारलाई पठाउनु छ।

विकुरामले दङ्ग पर्दै राम्री युवतीले भनेजस्तै गरी पोस्टकार्डमा लेखेर सहयोग गरेछ र अन्तमा सोधेछ : बहिनी, अब अरू पनि केही सहयोग गर्नुपर्छ कि ?

राम्री युवती : अब पोस्टकार्डको पुछारमा लेखिदिनुस्– कृपया पोस्टकार्डमा अक्षरचाहिँ कागले छेरेको जस्तो भएकोमा क्षमा चाहन्छु।

ooo

दुई जना गफाडी गफ लडाउँदै थिए। पहिलो गफाडी : तँलाई थाहा छ म स्कुल पढ्दा एक पटक पचास तले घरको कौसीबाट खसेको नि।

दोस्रो गफाडी : अनि तँ मरिस् कि बाँचिस् ?

पहिलो गफाडी : खोइ मलाई त यादै भएन, त्यो सानै छँदाको घटना हो।

ooo

आवारा ठिटाहरूको संगत गर्ने अल्लारे छोरालाई रिसको झोंकमा मज्जाले पिटेको बाउले अर्को दिन बिहान सोधेछ : छोरा, तलाईं साह्रै रिस उठ्यो होला, हिजो मैले तँलाई नराम्रोसँग पिटें। तँलाई त्यसरी रिस उठ्दा के गर्छस् हँ ?

छोरा : मलाई त्यसरी रिस उठ्दा म ट्वाइलेट सफा गर्छु।

बाउ : ट्वाइलेट सफा गर्दैमा कसरी रिस मर्छ र ?

छोरा : म ट्वाइलेट तपाईंको दाँत माझ्ने ब्रसले सफा गर्छु नि त।

AXIS MEDIA AXIS MEDIA AXIS MEDIA

उद्घोषण

since 2060

EXAMदिएर बसेकाहरुलाई उद्घोषण तालिममा रु १००० छुट

प्रमुख प्रशिक्षक RJ/VJ
कुसुम बज्रचार्य
नरेश भट्टराई
महिमा भट्टराई
शिरोमणि दवाडी
दिपक समिर
बिनोद खड्का
दिनेश दुलाल
रिता लिम्बु
लगायत अन्य धुप्रै चर्चित RJ/VJहरु।

RJ/VJ/MC/News Reader
practice on digital studio with camera for RJ/VJ
आफ्नै FM/TV को कार्यक्रम चलाउने 100% ग्यारेन्टी

Axis Media & Entertainment
Bagbazar, near buddha stupa
2331656

विशेष छुट सहित

इजरायल/कोरिया

के तपाई इजरायल तथा कोरिया जाँदै हुनुहुन्छ ? यदि जाँदै हुनुहुन्छ भने हिब्रु भाषा/कोरियन भाषा सिकी दक्ष भई जानुहोस्।

**हाम्रा सेवाहरू :**
१. हिब्रु (Hebrew) भाषा, कोरियन भाषा, तथा अंग्रेजी भाषा तालिम।
२. केयर गिभर, House Keeping, Nursing तथा Orientation तालिम।
३. Cook/Waiter तालिम।

सम्पर्क: पाइथागोरस एकेडेमी
प्रर्दशनीमार्ग, पुतलीसडक, काठमाडौं, फोन : ४२६०६३२

## सन्देश

महेन्द्रनगर विवाहमा जाँदा भेट भएकी कालो सुट-पेन्ट लगाउने केश लामो भएकी, मलाई फिदा बनाएर जाने अजनवी, कृपया एकपटक भेट्ने प्रयास गर्नुहोला ।

**कालो पेन्ट**

सबु, तिम्रो हडकड बसाइ कस्तो छ ? आजभोलि मेल पनि पठाउँदैनौ ? हुनत तिमी काममै व्यस्त हौला, जे भए पनि फुर्सद मिलाएर सातामा एकपटक भए पनि मेल गर न है ? मैले मेलमा मेरो नयाँ मोबाइल नम्बर पठाएकी छु तिमीले त्यो नम्बरमा फोन गर्‍यौ भने मेरो दाइले पनि थाहा पाउँदैनन् । जे भए पनि आफ्नो स्वास्थ्यको ख्याल गर्नु ।

**रज्जु**

कोटेश्वर चोकमा प्रदर्शन भैरहेको समयमा ट्याम्पोमा यात्रा गर्ने नीलो स्लिभलेस कुर्ता-सुरुवाल लगाउने साथीको सम्झना आइरहेको छ । अपरिचित मित्रसँग बोल्ने इच्छा हुँदाहुँदै पनि मोबाइलमा बिजी देखेर बोल्ने आँट आएन । तिमी र म दुवै कौशलटारबाट ट्याम्पो चढेका थियौं । त्यसयता थुप्रै दिन त्यही समय पारेर म कौशलटार चोक पुगेर तिमीलाई खोजिरहेको हुन्छु । तिमीलाई खोज्न अझै महिनौं दिन चोक वरपर घुमिरहन्छु । प्लिज एक पटक त्यही समयमा ट्याम्पो स्ट्यान्डमा आऊ न है .. ?

**बी.**

बिपना, तिम्रो विवाह भयो भन्ने कुरा सुनें । यो खबर सुनेदेखि मलाई भोक-निन्द्रा केही लागेको छैन । विवाह गर्नुअघि औपचारिकताकै लागि भए पनि फोन गर्न सक्थ्यौ, तर गरिनौ किन ? तिम्रै लागि भनेर म इन्जिनियरिङ गर्न काठमाडौं आएको थिएँ । त्यसबेला गरेका सबै वाचा कसरी चटक्कै बिर्सन सक्यौ ? मेरो मायामा कहाँनेर खोट थियो, तिमीले विवाह गर्नुअघि मलाई एकपटक पनि सम्झिनौ ? हुनत कतिपय युवतीले अवसरवादी हुन्छन् भन्थे, तर पनि म एकपटक तिम्रो कुरा सुन्न आतुर छु।

**रोबिन**

श्याम, तिम्रो छोरा जन्मियो भन्ने थाहा पाएँ, खुसी लाग्यो । कमसेकम अब तिमी जिम्मेवार हुन्छौ जस्तो लाग्छ । घरमा त्यति राम्री श्रीमती र छोरो भैसकेको मानिसले बाहिर मन डुलाउनु हुँदैन । केटी साथी भनेर हुरुक्क भयौ भने तिनै केटीहरू तिम्रो बर्बादीको कारण बन्न सक्छन् । जे होस्, अब तिमीले पुराना दिन बिर्सन सक्नुपर्छ। पहिलेजस्तै अल्लारे भएर हिंड्ने अवस्था छैन । तिमीले छोराका निम्ति पनि पैसा कमाउनु आवश्यक छ।

**विकास**

राजन, एसएलसीको रिजल्ट आउने बेला भयो, म अहिले दाइ-दिदीहरूसँगै बानेश्वर शान्तिनगरमा बसिरहेकी छु । तिमी पनि रिजल्टपछि काठमाडौं आउने भन्थ्यौ, कहिले आउने भयौ त ? तिम्रो घरमा के भन्दै हुनुहुन्छ ? मलाई त आउन दिनुहुन्छ जस्तो लाग्दैन । मलाई पनि दिदीले यहीं बसेर पढ्नुपर्छ भनिरहनुभएको छ, तर मलाई काठमाडौं बस्न फिटिक्कै मन छैन, तिमीसँगै गफिँदै घरछेउकै उच्च मा.वि.मा जाने इच्छा छ । मैले यहीं बसेर पढ्नुपर्ने भयो भने तिमीलाई फोन गर्छु । जसरी भए पनि काठमाडौं आउने प्रयास गर ? तिमीसँगै घुम्ने भनेर कति ठाउँ घुम्नै गएकी छैन ।

**सलुजा**

## अपरिचित मायालुलाई पत्र

जीवनको केही अन्तरालपश्चात् मेरो गाउँमा, मेरो घरमा, मेरो कोठामा, अनि मेरो हृदयमा सजिएर आउने मेरी प्यारी अर्धाङ्गिनी तिम्रै कल्पनामा दिन अनि रातहरू बिताइरहेको छु । कस्ती छचौ होली तिमी ? काली या गोरी, नेप्टी या भुन्टी, या बाटुली....... । यस्तै-यस्तै कल्पनामा हराउँछु, म तिमीलाई सम्झेर । तिमीसँगको अपरिचितता मेरा निम्ति ठूलो उत्साह बनेको छ । अँ कस्ती छचौ होला तिमी, कहाँ अनि कुन अवस्थामा ?

भोलि तिमीसँगको जीवन सुखमय होस् अनि तिमीले मलाई कहिले पनि खोट लगाउने ठाउँ नहोस् भनेर रातदिन मेहनत गरिरहेको छु । भोलि तिमीसँग विवाह गरी सुख-दुःख बाँडेर जिन्दगी बिताउने कल्पना गर्दा पनि आज तिमीसँग छलफल गर्न नपाउनु यो कस्तो विडम्बना ? अबको केही दिन वा केही साता अथवा केही महिना अथवा केही वर्षपश्चात् बनाउनुपर्ने जीवनसाथीका बारेमा आजसम्म पनि अनभिज्ञ नै रहनुपर्ने यो कस्तो जीवन ? भावीले माथि नै लेखेर बनाएको जोडीसँग पनि यत्तिका दिनसम्म अपरिचित नै रहनुपर्ने यो कस्तो भाग्य ? तिमीलाई यस्तो लाग्दैन ? भावी जीवनसाथी पहिले नै चिन्ने प्रयासमा मैले एक, दुई, तीन, चार .... गर्दै धेरै सँग प्रेम गर्न पुगेछु तर परिस्थितिले ती सबै ओझेलमा पार्दै लग्यो । अब त प्रेम गर्दागर्दै हैरान भैसकेको छु म । त्यही भएर तिम्रो कसम खाएर भन्छु– म अब कसैसँग पनि प्रेम गर्नेछैन ।

म तिम्रो सम्झना अनि कल्पनामा हराउँदा-हराउँदै धेरै ठूलो समस्यामा परिसकें । मैले मेरो समस्यालाई कैयौं दार्शनिक अनि साहित्यकारहरूकहाँ लगें, थुप्रै ज्योतिषीसम्म पुऱ्याएँ र अनि चिकित्सककहाँ पनि, तर कसैले पनि मलाई उपर्युक्त समाधान दिन सकेनन् । कसैले मलाई बौलायो भने अनि कसैले बेवकुफ । आखिर सत्य त त्यही हो नि । म रातदिन मेहनत गरिरहेको छु । तिमी र मबीचको दूरी चाँडै कम होस् भनेर । तर के गर्नु, तिमी र मबीचको दूरी कम गराउन निःस्वार्थ रूपले दौडिरहेको यही घडी मात्र छ जुन तिम्रो र मेरो विवाहको चाँजोपाँजो मिलाउन दौडिरहेछ, जुन आजसम्म न त मेरा अभिभावकले नै गरेका छन्, न त तिम्रा अभिभावकले नै ।

मानिसले अरूलाई ढाँटे पनि आफ्नो आत्मालाई ढाँट्न सक्तैन ।



हो, त्यसैले म आफ्नो आत्मामा हात राखेर सम्पूर्ण यथार्थ लेख्दैछु । मलाई अहिले आएर स्पष्ट भयो कि प्रेम भनेको स्पर्श होइन अनुभूति रहेछ, शारीरिक भोग होइन आत्मीयता रहेछ, त्यही भएर त मलाई ममता, सुनीता, पवित्रा........ ले छाडे पनि कत्ति हतास भएको छैन, बरु तिम्रो भावनाका लागि व्यग्र भएको छु । तिम्रो निम्ति म संसारको हरेक लडाइँ लड्नेछु ।


मलाई आशा छ, तिमी पनि घडीको दौडाइसँगै भोलिको सुन्दर कल्पनासहित मप्रतिको चोखो माया सँगालेर व्यग्र प्रतीक्षामा बसेकी हौली । अवश्य पनि प्रतीक्षाको फल मीठो हुन्छ । गाउँको आलीदेखि बजारको नालीसम्ममा, बाटाको यात्रादेखि सहरको जात्रासम्ममा, सपनीको रातदेखि उच्च शिक्षाको साथसम्ममा कहीं न कहीं हाम्रो भेट भएको हुन सक्छ, नभए पनि देखादेख भएको हुनसक्छ, त्यो पनि नभए केही छैन, एक दिन त हाम्रो भेट अवश्य हुनेछ । त्यो चाहे काली या गोरी, भुन्टी या नेप्टी, अग्ली वा डल्ली, या त बाटुली जस्ती भए पनि तिमी मेरी रोजाइकी ती ममता, सुनीता अनि पवित्रा त के, स्वर्गकी अप्सराभन्दा पनि श्रेष्ठ सावित हुनेछचौ । तिमीलाई संसारको हरेक सुख दिन नसकुँला, तर दुःख दिनेछैन, तिम्रो गोरेटोमा फूलैफूल बिछ्याउन नसकुँला तर काँडा बिभ्न दिनेछैन ।

**परिचयको खोजीमा एउटा साथी**

## साप्ताहिक साथी



आफूलाई शिक्षित कामदारका रूपमा चिनाउन चाहने ३७ वर्षीय दीपेन्द्र जोशी ५ फिट ६ इन्च अग्ला छन् । देशको चिन्ता गर्न रुचाउने दीपेन्द्र विवाहित हुन् । भ्रमणमा रुचि रहेका दीपेन्द्र वैदेशिक रोजगारीको सिलसिलामा जापानमा बसोबास गर्छन् । आफ्नो काममा लगनशील तथा झूटो नबोल्ने साथीको खोजीमा रहेका दीपेन्द्रलाई tourism_org @yahoo.com मा पत्राचार गर्न सकिन्छ । ●



ठट्याउलो स्वभावका रोलक घले स्नातक तहमा अध्ययनरत छन् । साथी बनाउने तथा संगीत सुन्ने रुचि भएका घलेको उचाइ ५ फिट ४ इन्च छ । गहुँगोरो वर्णका घले अविवाहित हुन् । जेहेन्दार तथा गाढा मित्रतामा रुचि राख्ने घलेलाई पोस्ट बक्स नम्बर १२७६५ काठमाडौंतथा ghalerolak@ yahoo.com मा पत्राचार गर्न सकिन्छ । ●



प्रवीणता प्रमाणपत्र तहमा अध्ययनरत १८ वर्षीय सनुप लामा अविवाहित हुन् । लजालुस्वभावका सनुप अर्काको कामलाई सम्मान गर्ने किशोर हुन् । नयाँ साथी बनाउने तथा अध्ययनमा रुचि राख्ने लामा आफू जस्तै लजालु स्वभावकी साथीको खोजीमा छन् । गहुँगोरो वर्णका लामालाई thing@yahoo.com तथा पोस्ट बक्स नम्बर ९९२० काठमाडौंमा सम्पर्क गर्न सकिन्छ ।

## बालबालिकाले नचाए युवापुस्तालाई

गाईघाट– सधैं गीत गाउन र नृत्य गर्न युवापुस्ता नै अगाडि हुन्छन् । गर्मी होस् व जाडो, हरेक सांगीतिक कार्यक्रममा युवापुस्ताकै बाहुल्यता हुन्छ, तर युवापुस्ता मात्र गीत गाउन र नृत्य गर्न सक्छन् भन्नेचाहिँ होइन रहेछ । शुक्रबार गाईघाटको केन्द्रस्थित शुभलक्ष्मी चित्रालय हलमा बालबालिकाहरूले एउटा विशाल सांस्कृतिक कार्यक्रमको आयोजना गरे, जहाँ दर्शकहरूको उल्लेख्य उपस्थिति थियो ।

बालबालिकाहरूले दुई दर्जन गीतमा नृत्य प्रस्तुत गर्नुका साथै गीत गाएर दर्शकहरूलाई आफूसँगै नचाएका थिए । उता गुरुकुलका कलाकारहरूले गाईघाटमा बेला-बेलामा हुने टेलिफोन अवरुद्ध, विद्युत् अवरुद्ध तथा मधेसी तथा पहाडेबीचको अन्तरसम्बन्धलाई आधार बनाएर व्यङ्ग्यात्मक नाटक प्रस्तुत गरी उपस्थित दर्शकलाई आँखाभरि आँसु बनाउनुका साथै बेला-बेलामा पेट अँठ्याएर हँसाउन बाध्य तुल्याए । कार्यक्रम ८ घन्टा चलेको थियो । गाईघाटमा बेलामौकामा आयोजना हुने यस्ता सांगीतिक कार्यक्रममा दर्शकहरूको उल्लेख्य उपस्थिति रहन्छ ।

## फिदिममा साहित्यिक कार्यक्रम

फिदिममा पाँचथर पुस्तकालयको आयोजनामा साप्ताहिक साहित्यिक कार्यक्रमसुरु भएको छ । हरेक साताको शनिबार आयोजना हुने साप्ताहिक साहित्यिक कार्यक्रममा पाँचथरका पुराना तथा नयाँ साहित्यकारहरूको जमघट हुने गरेको छ । उक्त कार्यक्रममा साहित्यकारहरूले गीत, गजल, तांका, हाइकु तथा कविताबाचन प्रस्तुत गर्छन् । कार्यक्रम आयोजनाले पाँचथरको साहित्यिक गतिविधिमा थप सहयोग पुग्ने साहित्यकारहरूले बताएका छन् । कार्यक्रममा प्रस्तुत लेख-रचनाहरूको टीका-टिप्पणी गजलकार तथा पत्रकार गणेश साम्पाङले गर्दै आएका छन् । कार्यक्रममा झन्डै दुई दर्जनभन्दा बढीको नियमित सहभागिता हुन्छ ।


महिलाहरूको लागि सुवर्ण अवसर

यहाँ महिलाहरूको लागि विभिन्न किसिमका तालिम दिईन्छ ।

१.सिलाई र कटाई २. ब्यूटिसियन ३. फेसन डिजाईन ४. पेन्टिङ ५. बुनाई ६. प्याचवर्क ७. इम्ब्राइडरी । चायाँ, डण्डिफोरको उपचार पनि गरिन्छ ।

Beautician Advance Course संचालन भैरहेको छ ।

S.L.C. दिएर बसेका विद्यार्थिहरूकोलागि बिशेष छुटको व्यवस्था गरिएको छ ।

त्रिवेणी तालिम केन्द्र

बागबजार, काठमाण्डौ (भक्तपुर जाने बसपार्क अगाडी) फोन:४२३१०३०

खुल्ने समय: विहान ७ बजेदेखि साँझ ६ बजेसम्म ।



कर्मचारी आवश्यकता

कोरियन उच्च स्तरीय प्रविधिद्वारा सञ्चालन भइरहेको BEAUTYCLUBS पोखराको शाखा काठमाडौं भाटभटेनीमा खुल्न लागिरहेकोले त्यसका लागि निम्न कर्मचारीहरुको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले आफ्नो बायोडाटा र हालसालै खिचेको फुलसाइज फोटो सहित सम्पर्क गर्नुहोला । कम्तीमा तीन बर्षको अनुभवीले मात्र सम्पर्क गर्नुहोला ।

Skin Therapist - 2
Hair Stylist - 3
Foot Massage - 2
Other - 2

नोट : छनौट भएका निवेदकहरुलाई मात्र अन्तवार्तामा बोलाइने छ । कृपया फोनबाट सम्पर्क गर्ने कष्ट नगर्नुहोला ।

KATHMANDU BRANCH OPENING EVENT

Permanent Make up सिक्न चाहने इच्छुक व्यक्तिहरुलाई वा Salon Professional Owner हरुलाई सुवर्ण अवसर ।
Great Chance for 20 persons, June - July

सम्पर्क : BEAUTYCLUBS

Annapurna Supermarket 2nd floor, Mahendra Pool, Pokhara, Tel : 061-530720, 9856026828
for more details : www.beautyclubs.net



आवश्यकता

यस कार्यालयलाई कर्मचारी चाहिएकाले SLC पास व्यक्तिहरूले कार्यालयमा सम्पर्क गर्नु होला ।

पद: शाखा व्यवस्थापक
संख्या: 7 Ladies & 10 Gents
तलब: 7000
(SLC दिएर बसेकालाई पनि अवसर दिइने छ ।)

सम्पर्क: UG प्रा. ली.
2337004, 9841696824
2040675

Selected व्यक्तिहरूको लागी form fee Rs 100 लाग्ने छ ।



आवश्यकता

Unique Group लाई थप कर्मचारीको आवश्यकता

| | योग्यता | संख्या | तलब |
|---|---|---|---|
| 1) | Test | 10 | 3500 |
| 2) | SLC | 8 | 4800 |
| 3) | I.A | 6 | 6800 |

सम्पर्क: Ring Road रूप लाइन Petrol pump र खसीबजारको बिच

फोन: 2092356
9841664283



चाहियो

American Concept को Organization लाई कर्मचारी चाहियो

संख्या: 10 Gents/ 5 Ladies
योग्यता: Test, S.L.C or PCL
तलब: ७५००
समय: 10 to 5

नोट: आफ्नो योग्यताको प्रमाणपत्र र २ PP आवश्यकता

Mega Max International

अनामनगर चोकदेखी घट्टेकुलो जाने बाटो ५० मि. भित्र दाँया

Ph:-4770301, 2307687

Unique Aims International
०१-६२२६५२९
गोङ्बु चोक र सामाखुसी चोकको बिचमा स्वस्तिक हर्वल भएको घर ।

# रक्सी र यौनमध्ये केको लत खतरनाक ?

सम्पादकज्यू, मलाई त यौनको नशा खतरनाक लाग्छ किनकी रक्सीको नशाले केही क्षणमै छाड्छ, तर यौनको नशाले कहिल्यै छाड्दैन। फेरि रक्सी नपिउने धेरै पाइन्छन् तर यौनको चाहना नगर्ने विरलै हुन्छन्।

**साजन थामी** (१८), **इलाम**

रक्सीको, किनभने अत्यधिक रक्सी सेवन गरेको अवस्थामा चरम नशामा नराम्रा क्रियाकलाप हुन सक्छ, साथै स्वास्थ्य र पैसाको पनि हानि हुन्छ तर यौनको नशा त प्राकृतिक हो, साथै यसले केही असर पनि पुऱ्याउँदैन।

**हिमाल अम्माई** (२०), **बाग्लुङ**

यौन, दुई मत नै छैन। यौन भनेको गुडिरहेको गाडी जस्तै हो। जहाँ लगे त्यहीं जाने र त्रिशूलीमा पुगेर झारिदिने।

**राम त्रिपाठी** (२०), **सर्लाही**

यौनको, एक पटक विपासा, मल्लिका, राखी, पूजना आदिको लतमा परेर त हेर्नुहोस् त सम्पादक ज्यू ? आफै थाहा भैहाल्छ नि।

**जयराम भट्टराई, जनकपुर**

यौनको लतमा त फसेर झन्डै ज्यान गएथ्यो, अब रक्सीतिर त यसो साथीहरूलाई भनेर आजै चिरिप्प.... त्यसपछि भनौंला नि हुन्न ?

**कमल निश्चल** (२०)

यौनको लत नै खतरनाक हुन्छ, किनकि यही लतको प्रभावले नै तपाईं यस्ता प्रश्न सोध्नुहुन्छ नि, होइन र ?

**krishna_kadel2003@yahoo.com**

दुवै खतरनाक, त्यसमा पनि यौनको लत खतरनाक। किनकि त्यसमा इज्जतको सरोकार हुन्छ।

**प्रेमकान्छा मगर**

सम्पादकज्यू, भन्ने हो भने दुवैको लत खतरनाक हुन्छ तर यौनको लत सबैभन्दा बढी खतरनाक हुन्छ।

**राजीव खड्गा** (१९), **सिमरा, सप्तरी**

अहिलेको विश्वलाई हेर्ने हो भने रक्सीका कारणले भन्दा यौनको कारणले धेरैको ज्यान गएको छ, त्यसैले यौनको।

**टीका राई**

यौनको तृष्णाले रक्सीको लत लाग्छ। कुन डेन्जर भन्ने ?

**सुजित खतिवडा**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?
२. के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?
३. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
४. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
५. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
६. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
७. बुद्धि ठूलो कि बल ? किन ?
८. देशभक्ति के हो ?
९. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
१०. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?



यौन, यदि खराब आचरण भएकाहरूसँ सम्बन्ध भए।

**श्याम थापा** (१७)

खै सम्पादकज्यू, आफू त यी दुवै कुरामा छैन। मैले सुनेअनुसार दुवै खतरनाक हुन्छन्, किनकि दुवैको नशाले ज्यान जान सक्छ।

**वैद्यनाथ कोइराला** (२७), **धादिङबेंसी**

यौनको लत खतरनाक, किनभने यौनले रक्सीले भन्दा पनि बेहोस (लठ्ठ) बनाइदिन्छन्।

**पवन त्रिपाठी** (१७), **नेपालगन्ज**

यौनको नशा खतरनाक, किनकि जसलाई हेरे पनि राम्रै हुन्छन्।

**बाबुराम पाण्डे, घोराही**

यौनको लत, यसको नशा लागेपछि छुटाउनै नसकिने अनि भएन त खतरनाक।

**हरिन्द्र कार्की** (२२)

साप्ताहिक पनि खतरनाक नै हो। हप्ताको आठ रुपैयाँ जहाँबाट भए पनि निकाल्नै पर्छ। रक्सी र केटीको कुरा गर्ने हो भनेचाहिं रक्सी नै डेन्जर, केटीहरूले त भएसम्म पैसा खाने हो रक्सीले त फोक्सो एवं कलेजो नै खान्छ।

**प्रकाश श्रेष्ठ** (२०), **सिन्धुली**

यौन, नभई पनि नहुने विछोड भयो भने त जिन्दगीको त के कुरा गर्नु ?

**केदार चापागाईं** (२०), **देउपुर**

उस्तै-उस्तै होला।

**शान्ता गौतम**

यौन खतरनाक हुन्छ, यसमा जे पनि हुनसक्छ। यिनीहरूको जालमा फसेपछि मानिस कङ्गाल हुन्छ, सडकमा आउँछ तर के गर्नु यो नभै संसार चल्दैन।

**यतिराज तिमिल्सिना**

रक्सीले लगाएको नशा त एकैछिनमा उत्रन्छ तर यौनको नशाचाहिं रक्सीभन्दा बढी नै लाग्ने रहेछ।

**दीपेन्द देउवा**

बाह्य रूपमा रक्सी खतरनाक देखिए पनि त्यति खतरनाक छैन। रक्सी भनेको त कुनै चिन्ता, समस्या, बिर्साउनलाई पिइन्छ तर यौन भनेको यति खतरनाक हुन्छ कि फसेपछि मानिस पागल पनि बन्न सक्छ। रक्सीले त एकछिनपछि छोड्छ तर यौनको नशाले कहिल्यै छोड्दैन याद राख्नुहोस् है।

**नीरज श्रेष्ठ** (२०), **रामेछाप**

यौनको नि, रक्सी त टन्न खाए पनि भोलिपल्ट छोडिहाल्छ तर यौनको नशाचाहिं...।

**टीका, गल्कोट**

यौन, किनकी रक्सी त रोग लागेपछि छोड्न बाध्य भइन्छ तर यौन रोग लागे पनि छोड्न सकिँदैन।

**सुर्दशन खतिवडा**

हुन त दुवैको नशा खतरनाक हुन्छ तर बढीचाहिं यौनको। कतिपय पुरुष यौनबिना एक क्षण पनि बाँच्न सक्दैनन्।

**गोकर्ण लामिछाने** (१७), **काठमाडौं**




**प्रश्न : म १९ वर्षीय अविवाहित युवती हुँ। आजभन्दा आठ-नौ महिनाअघि म कुनै पुरुषलाई मन पराउँथे। उसले पनि मलाई माया गर्थ्यो। दुवैको सल्लाहअनुसार हामीले कुनै साधन प्रयोग नगरी यौनसम्पर्क राख्यौं। हाम्रो सम्बन्धका बारेमा म र ऊबाहेक अरू कसैलाई थाहा थिएन, तर अहिले एक्कासि दुर्घटनामा परी उसको मृत्यु भयो। मलाई डर लागिरहेछ, यदि मेरो गर्भ रह्यो भने के गर्ने ? म अहिले पढ्दैछु। अहिलेसम्म त मेरो नियमित महिनावारी भैरहेको छ, तर कहिलेकाहीं महिनावारी हुन ढिलो भयो भने डर लाग्छ। गर्भ रहँदा देखिने लक्षणहरू के-के हुन् ? मेरो योनिबाट पानी बगिरहन्छ, यस्तो किन भएको हो ? यौनसम्पर्क राखेको कति समयपछि गर्भ रहन्छ ? यदि गर्भ रहेको लक्षण देखिन थाल्यो भने त्यसलाई रोक्न के गर्नुपर्ला ?**

**-एस. टी.**

**उत्तर** : तपाईंको मनपराइ र उसले गर्ने मायाका कारण तपाईंहरूबीचमा प्रेमसम्बन्ध थियो भन्दा फरक पर्दैन होला। सल्लाहमै राखिएको सम्बन्धलाई प्रगाढ नै मान्नुपऱ्यो। तपाईंको प्रेमीको यसरी दर्घटनामा परेर मृत्यु भएको कुरा सुन्दा हामीलाई धेरै दुःख लागेको छ। सायद विभिन्न कारणले तपाईंमा आफूले मनमा बोक्नुपरेको पीडा व्यक्त गर्न सक्ने स्थिति पनि छैन होला।

**गर्भ कसरी रहन्छ ?**

सन्तानको उत्पत्ति प्रमुख रूपमा पुरुषबाट निस्कने शुक्रकीट र स्त्रीमा विकसित भएका डिम्बको मिलनबाट हुन्छ। यौनसम्पर्कको बेलामा पुरुषको वीर्यस्लखलन हुँदा निस्किएका करोडौं शुक्रकीटमध्ये केही पाठेघरको मुख हुँदै पाठेघर र त्यसपछि डिम्बबाहिनी नलीमा पुग्छन्। त्यहाँ परिपक्व भएको डिम्ब (अण्डा) सँग असंख्य शुक्रकीटमध्ये एकको मात्र मिलन हुन्छ। यसरी मिलन हुने प्रक्रियालाई निषेचन भनिन्छ। यसरी शुक्रकीट र डिम्बको मिलन भएको कोषलाई युग्मज भनिन्छ र यही नै पछि विकसित भएर शिशु बन्छ। सामान्य रुपमा भन्नुपर्दा गर्भधारण हुनका लागि मुख्य रूपमा १. डिम्ब निष्कासन, २. यौनसम्पर्क, ३. वीर्य स्खलन, ४. डिम्ब निषेचन तथा ५. डिम्ब रोपणजस्ता कुरा हुनु आवश्यक छ। एउटा महत्त्वपूर्ण बुझ्नुपर्ने कुरा के भने डिम्ब निस्किएको यस्तै १४ दिनमा महिनावारी सुरु हुन्छ। करिब २८ दिनको महिनावारी भएको महिलाको १४औं दिनतिर डिम्ब निस्कने भएकाले त्यो समयमा सम्भोग गर्दा गर्भ रहने सम्भावना एकदमै धेरै हुन्छ। डिम्ब निस्किएको यस्तै २४ देखि ४८ घण्टासम्म बाँच्छ भने महिलाको प्रजनन अंगभित्र शुक्रकीटहरू ७२ घण्टा वा त्योभन्दा बढी बाँच्न सक्छन्, त्यसैले डिम्ब निस्कने केही अघिको र केही दिनपछिको समयलाई गर्भधारणका दृष्टिकोणले असुरक्षित काल मानिन्छ। यदि महिनावारी यस्तै २८ देखि ३१ दिनसम्मको छ भने सजिलोका लागि पहिलो १० दिन सुरक्षित, बीचको १० दिन असुरक्षित र अन्तिम १० दिनलाई फेरि सुरक्षित मान्दा हुन्छ।

**के त्यस बेलाको यौनसम्पर्कले अहिले गर्भ रहला ?**

असुरक्षित कालमा पनि गर्भनिरोधको कुनै साधन प्रयोग नगरी यौनसम्पर्क गर्दा पनि गर्भ रहिहाल्छ भन्ने छैन। डिम्ब निस्किएको दिनमा यौनसम्पर्क भए गर्भ रहने सम्भावना ० दशमलव १५ हुन्छ भने त्यसभन्दा अघिल्लो दिन सबैभन्दा बढी अर्थात ० दशमलव २६ हुन्छ। यसको अगाडि र पछाडि दुवैतिर नै यस्तो सम्भावना कम हुँदै जान्छ। डिम्ब निस्किएको दिनभन्दा ५ दिनपहिले यो सम्भावना शून्य (०) हुन्छ भने डिम्ब निस्किएको दिनभन्दा ३ दिनपछि यो सम्भावना फेरि शून्यमा झर्छ। फेरि महिलाले यौनसम्पर्कपश्चात् अन्य केही प्राणीले जस्तो वीर्यलाई सुरक्षित राख्न सक्दिनन्, त्यसैले यौनसम्पर्कको धेरै पछि गर्भ रहने सम्भावना हुँदैन। गर्भ रहँदा महिनावारी हुँदैन। तपाईंको सन्दर्भमा महिनावारी भैरहेको कुरा उल्लेख गर्नुभएको छ। तपाईंको गर्भ नरहेको कुराको यो सबैभन्दा बलियो लक्षण हो। तपाईंको महिनावारी अनियमित हुने अरू नै कारण हुन सक्छन्। गर्भ रहेको स्थितिमा यो बन्द नै हुन्छ, यहाँ ढिलो-चाँडोको कुरा आउँदैन।

गर्भ रहेपछि महिलाको शरीरमा केही परिवर्तन आउँछन्। यी कुराको पहिचान गरेर गर्भ रहे-नरहेको छुट्ट्याइन्छ। छोटकरीमा भन्ने हो भने महिनावारी बन्द हुनेदेखि बाहेक स्तन छाम्दा हल्का रूपमा दुख्ने, वाकवाकी लाग्ने, वान्ता हुने, मनोदशामा परिवर्तन, थकाइ लागेजस्तो हुने, खाने बानी वा रुचिमा परिवर्तन तथा छिटोछिटो पिसाब लाग्ने हुन सक्छ। त्यसैगरी पछि स्तन अझ ठूलो हुने, स्तनको मुन्टो गाढा रंगको हुने, योनिबाट सेतो पानी बग्ने, पेट ठूलो हुने अनि बच्चा चल्नेजस्ता लक्षण देखिन्छन्। यस्ता लक्षणमध्ये धेरैजसो भेटिएमा गर्भ रहेको भन्न सकिने स्थिति रहन्छ, तर पनि कतिपय परिस्थितिको शारीरिक जाँच गरेर मात्र गर्भ रहे-नरहेको कुरा स्पष्ट रूपमा निर्धारण गरिन्छ। लक्षणका आधारमा आफैंले यी कुराको निर्क्यौल गर्न बढी समय पर्खनुपर्ने हुन्छ।

कहिले (कति दिन पहिले) र महिनावारीको कुन दिन यौनसम्पर्क राख्नुभएको हो भन्ने कुरा त लेख्नु भएको छैन, तर यसको समय पनि निकै भैसकेको बुझिन्छ। त्यसैले विशेष लक्षण नभएको स्थितिमा अनावश्यक रूपमा चिन्ता लिनुपर्ने देखिँदैन।

**किन पानी बगेको ?**

योनिबाट स्वाभाविक रूपमा नै केही पानी बग्छ। महिनावारीका कारणले पनि योनिश्रावमा उतारचढाव आउँछ। अर्कोतिर यौन उत्तेजना पनि यसको प्रमुख कारण हो। यस्ता स्वाभाविक योनिश्रावका लागि कुनै उपचारको आवश्यकता पर्दैन। अस्वाभाविक रूपमा योनि श्राव हुने कारण प्रजनन अङ्गका संक्रमण वा यौन रोगको संक्रमण हुनसक्छ। तपाईंलाई योनिश्राव अस्वाभाविक जस्तो लाग्छ भने चिकित्सकसँग परामर्श लिन सक्नुहुन्छ।

सुखी विवाहित जीवनको लागि
सेवाको १३ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

उद्घोषण
Rs. 1000/- Discount
RJ/VJ/News Reader/MC
Media Technician
Ad Production
Personality Dev.
Media Marketing
Practical on Digital Studio
Be Perfect RJ/VJ Now
प्रशिक्षकहरू
हेम सुवेदी
कला सुब्बा
कुशुम बजाचार्य
नरेश भट्टराई
महिमा भट्टराई
दिपक समिर
Bagbazar(Opp. Petrol Pump)
Tel.: 4233042
Job Guarantee
The Media's Collection

के तपाई सजिलै S.L.C./+2 पास गर्न चाहानुहुन्छ ?
■ ८ पास, ९, १०, Test पास वा फेल, S.L.C. फेल, उमेर वा जागिरले गर्दा S.L.C./+2 पास गर्न सक्नु भएको छैन ?
■ Math/Sci, Sent- up नदिई S.L.C. दिन चाहनुहुन्छ ?
■ १ वर्षमै S.L.C./+2 पास गर्न चाहनुहुन्छ ? Classes Running
प्राइभेट Test/S.L.C. मा ग्यारेण्टिका साथ निःशुल्क भर्ना खुल्यो
■ के तपाई कक्षा ९,१०, टेष्ट तथा S.L.C. फेल हुनु भएको छ ?
■ के तपाई कक्षा ८ पास गरी School जान सक्नु भएको छैन ?
■ के तपाई उमेरको कारण वा जागिरले गर्दा School गएर पढ्न सक्नु भएको छैन ?
२०६२ मा १००% S.L.C. पास र २०६३ मा १८ विद्यार्थी S.L.C. मा समिलीत गराउन सफल सम्भवतः नेपालको एकमात्र Academy
100% Pass
सिमित सिट मात्र
चाहनुहुन्छ भने विगत ७ वर्षदेखी लगातार कार्यरत यस Academy ले सञ्चालन गर्दै आएको NIOS (Delli Board) X र XII लगायत प्राइभेट Test/S.L.C. का कक्षा हरु अत्यन्तै अनुभवी तथा ख्याती प्राप्त शिक्षकहरु द्वारा अध्यापन गराइरहेको सहर्ष जानकारी गराउँदछौं।
विशेषताहरु:- भर्ना खुल्यो
■ घर वा अफिस मै पढेर पास गर्न सकिने
■ % ल्याई पास गर्न सजिलो ■ Faculty Change गर्न सकिने
■ किस्तामा जाँच दिन पाईने ■ जाँच Eng र Nep मा दिन पाइने
मात्र ५ विषय पढे पुग्ने
विश्वभरि मान्यता प्राप्त
Paragon Edu. Academy
Putalisadak, 4421390
MIT Chabahil, 4488993
■ Math,Sci/ Eng Tution Free ■ English Language Free
■ मनोवैज्ञानिक ढङ्गले पढाइने ■ S.L.C. Model अनुसार पढाइने
■ Eng र Nep भाषाबाट माध्यमबाट पढाइन्छ
■ बिहान, दिउँसो र राती कक्षाहरु ■ 100 % पास गराउन सफल
■ Weekly/Monthly, Terminal Exam लिइने।

मोबाईल तालिम
मोबाईल फोन
रेडियो, क्यासेट, VCR, VCD, TV
एसी / फ्रिज
हाउसवायरिङ
मोटरवाईण्डिङ
कम्प्युटर हार्डवेयर, सफ्टवेयर
११ वर्ष पुरानो
तालिमका लागि सम्पर्क
५०% छुटमा
Job को लागि सहयोग
राज इलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: 4495581
कालिमाटी 01-6224798
नोट: विदेश जानेलाई विशेष कोर्ष।

## पारिवारिक स्वास्थ्य

**परिचय** : नाम सुन्दैमा डरलाग्दो र भयावह रूप बोकेर हाम्रो मनमस्तिष्कमा बसेको अर्बुद रोगलाई धेरैले क्यान्सर नामबाट चिन्छन् । यो रोगमा शरीरका कुनै पनि अंगका कोषिकाहरू अनियन्त्रित रूपले बढ्न थाल्छन् र छिटोछिटो ठूला आकारका डल्ला (गिर्खा) वा घाउखटिराको रूप लिन्छन् । यस्तो स्थितिमा सम्बन्धित आन्तरिक अंगहरूले प्राकृतिक रूपमा काम गर्न सक्दैनन्, प्रतिफल विभिन्न लक्षणहरू देखिन्छन् । यो रोग प्रारम्भ हुनेबित्तिकै उपचार गर्न सके निको पनि पार्न सकिन्छ । रोग धेरै बढेपछि निको पार्ने औषधी छैन भने पनि हुन्छ । त्यसैले निम्न लक्षण देखिए तत्कालै चिकित्सकको सल्लाह लिई क्यान्सर हो, होइन निर्णय गर्नुपर्छ ।



- शरीर पहेंलो हुने कमलपित्त (जण्डिस) नामक रोग धेरै दिनसम्म बिसेक नभएमा वा निको हुँदै दोहोरिँदै गरे ।
- शरीरको कुनै पनि भागमा दुख्ने वा नदुख्ने गाँठागुँठी, डल्ला-डल्ली, गिर्खा आदि भेटिए । त्यस्ता गाँठागुँठी छिटोछिटो बढ्दै गए ।
- महिलाहरूको स्तनमा गाँठागुँठी फेला परे । पटक-पटक स्तनबाट रातोपानी बगे वा रगत मिसिएको दूध आए । स्तनको मुन्टोको आकार तथा रंगमा परिवर्तन आए ।
- पटक-पटक स्वर बसे वा सधैंभन्दा भिन्न, धोद्रो स्वर बढ्दै गए ।
- खाना खाँदा निल्न गाह्रो हुने साथै पानी वा झोल कुरा पिउन पनि सधैं भन्दा भिन्न र असजिलो हुँदै गए ।
- शरीरको कुनै पनि भागमा देखिएका घाउ-खटिरा लामो समयसम्म निको नभए वा बढ्दै गए ।
- शरीरको कुनै ठाउँमा भएको कालोकोठी छिटोछिटो बढ्दै गए ।
- कम समयमै शरीरको तौल धेरै घटे ।
- लामो समयसम्म भोक पटक्कै नलाग्ने, खाएको खाना नपच्ने, पेटमा गानो गोला देखिने गरी चल्ने, पेट लगातार दुखिरहने, धेरैदिनसम्म दिसा नहुने वा कब्जियत हुने, दिनमा धेरैपटक दिसा लागिरहने आदि भए ।
- बराबर शरीरमा रगतको कमी देखिएमा । पोषिलो खाना खाँदा पनि शरीरमा रगत बढ्न नसके ।
- धेरै दिनसम्म खोकी लागिरहेमा वा खकारमा रगत देखिए ।
- साधारण काम गर्दा पनि शरीर फतक्क गल्ने भए ।
- महिलाको योनिबाट महिनावारीको बेलामा धेरै रगत बग्ने, बुढेसकालमा महिनावारी बन्द भएपछि फेरि सुरु हुने, महिनावारीबाहेक अरु बेलामा पनि थोरै-थोरै रगत देखिने वा रगत मिसिएको पानी बग्ने, सेतोपानी वा पानीजस्तो तरल पदार्थ बराबर बगिरहने भए ।

**रोकथाम**

चुरोट, बिँडी, तमाखु, सुल्पा, गाँजा आदि धूवाँ आउने धूम्रपान र सुर्ती, खैनी, पान, सुपारी, आदि मुखमा च्याप्ने सुर्तीजन्य पदार्थहरू क्यान्सरका मुख्य कारण मानिन्छन् । यस्ता पदार्थ सेवन गर्नु हुँदैन ।

- जाँड, रक्सी एवं अन्य लागूपदार्थको सेवन गर्नु हुँदैन ।
- पोलेको, डढेको, तारे-भुटेको खाना खानु हुँदैन । यसमा पनि पोलेको मासु (सेकुवा) अझ बढी हानिकारक हुन्छ ।
- हरियो सागपात, तरकारी, फलफूलको कमी तथा माछा, मासु र अण्डाको अत्यधिक प्रयोग पनि क्यान्सरको कारण हुनसक्छ ।
- तार्ने-भुट्ने, मसलेदार तरिकाको साटो उसिनेर पकाएको सागपात, तरकारी एवं काँचो खान मिल्ने अंकुरित अनाज, सलाद (गाजर, चुकन्दर, टमाटर, काँक्रो आदि) को बढी प्रयोग क्यान्सरको रोकथामका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ ।
- बासी खाना, साँदेका पुराना अचार, ढुसी परेको अन्न वा गेडागुडी खानु हुँदैन ।
- धूवाँ, धूलो र अन्य प्रदूषणबाट जोगिनुपर्छ । घरेलु धूवाँ पनि हानिकारक भएको हुनाले धूवाँ नआउने आधुनिक चुल्हो,गोबर ग्यास, बिजुली आदिको प्रयोग गर्नुपर्छ ।
- खाना खाएपछि नियमित रूपमा मुख कुल्ला गर्नुपर्छ ।
- धेरै जनासँग यौन सम्पर्क राख्ने व्यक्तिलाई एड्स र क्यान्सरको खतरा बढी हुने हुनाले एक स्त्री एक पुरुषको नियममा बस्नुपर्छ ।
- रंगीचंगी खाना खानु हुँदैन । घरमै बनाइएको ताजा खाना खानुपर्छ ।
- यौन सम्बन्धमा रहेका २० देखि ५० वर्ष उमेर समूहका महिलाहरूले वर्षमा एकपटक गर्भाशय स्राव परीक्षण गर्नुपर्छ, जसले पाठेघरको क्यान्सरबाट बचाउँछ ।

**– डा. हरिप्रसाद**
**पो.ब.नं. २६८९, काठमाडौं नेपाल**

## परिकार

### साबुदानाको बर्फी

**सामग्री** : १ कप साबुदाना, सख्खर १ कप, पीठो आधा कप, नरिवल २ चम्चा (धूलो पारेको), इलाइँची पाउडर (धूलो पारेको), घिउ पर्याप्त मात्रामा ।

**विधि** : साबुदानालाई घिउमा तारेर एकातिर राख्ने । चिनी, सक्खर र आधाकप पानी कराहीमा हाल्ने । चास्नी जमेर कडा भएपछि चुल्होबाट उतार्ने । थोरै घिउमा पीठो भुटेपछि त्यसमा चास्नी मिसाएर तुरुन्त तारेको साबुदाना, नरिवल र इलाइँची पाउडर मिसाउने । त्यसपछि माथिबाट धूलो नरिवल छर्की इच्छाअनुसार काट्ने । चिसो भएपछि स्वादिष्ट बर्फी खानका लागि तयार हुन्छ ।

## साताका श्रीमान्

**तपाईंले कुन विवाह रोज्नुभयो ?**
मैले घरपरिवारको सहमतिअनुसार प्रेमविवाह गरेको हुँ ।
**पहिलो पटक रिमालाई कहाँ देख्नुभयो ?**
स्टुडियोमा भेटेको थिएँ । त्यहाँ उनी गीत रेकर्डिङ गर्ने सिलसिलामा आएकी थिइन् ।
**आफूले रोजेको व्यक्ति, त्यसमा पनि गायिका श्रीमती पाउँदा कस्तो अनुभव भयो ?**
आफ्नो सपना पूरा भएझैं लाग्यो । गायिका श्रीमती पाएकोमा गर्व अनुभव हुन्छ ।
**अन्तर्जातीय विवाह गर्दा कत्तिको गाह्रो हुन्छ ?**
हाम्रो अन्तर्जातीय विवाह भए पनि परिवारको सहमतिअनुसार नै भएकाले केही गाह्रो भएको छैन ।
**तपाईंको क्यासेट कम्पनी भएकाले रिमाजीलाई गायनक्षेत्रमा कतिको सजिलो भएको अनुभव गर्नुहुन्छ ?**
उनी व्यावसायिक गायिका भएकाले आफ्नै कम्पनीबाट उनको गीत बजारमा आउनुपर्छ भन्ने छैन । उनले सान्त्वनाबाट केवल एउटा एल्बम निकालेकी छिन् ।

एक दशकभन्दा लामो समयदेखि 'सान्त्वना रेकर्ईस' कम्पनीबाट नयाँ-नयाँ गीतका एल्बम बजारमा ल्याई क्यासेट वितरक तथा उत्पादक रूपमा चिनिँदै आएका निर्मल हेडा गायिका रिमा गुरुङ हेडाको जीवनसाथी हुन् । २०५६ सालमा वैवाहिक जीवनमा गाँसिएका निर्मलको जन्म ३२ वर्षअघि चाबहिलमा भएको हो । निर्मल एक कुशल श्रीमान्का साथसाथै एक छोराको बाबु पनि हुन् ।



**अहिले क्यासेट बिक्री-वितरणको अवस्था कस्तो छ ?**
पहिलेझैं छैन, ०५०-०५५ सालमा धेरै राम्रो थियो तर आजकाल गीत कपी गर्ने, सुन्ने भन्दा हेर्ने चलनले क्यासेट विक्री-वितरणमा कमी आएको छ ।
**नयाँ गीत बजारमा ल्याउनुका अतिरिक्त अरू के गर्नुहुन्छ ?**
अहिले श्रोता-दर्शकहरू सुन्नभन्दा पनि हेर्न मन पराउने भएकाले नयाँ गीतलाई छायांकन गर्नुपर्ने हुन्छ । यो आवश्यकतालाई पूरा गर्ने टेलिभिजन गीत पनि तयार गर्छु ।
**गीत लोकप्रिय हुनुमा छायांकनले कतिको सहयोग गर्छ ?**
एउटा गीत सुन्दा हाम्रो कानले मात्र त्यता ध्यान दिन्छ, तर त्यही गीत हेर्दा कानका साथै आँखा, मस्तिष्क पनि त्यतै केन्द्रित हुन्छ । राम्रो गीतलाई अझ राम्रो तथा नयाँ गीतलाई लोकप्रिय बनाउन गीत छायांकनको ठूलो भूमिका हुन्छ ।
**छायांकनमा कत्तिको कठिनाइ भोग्नुपर्छ ?**
यो गीत छायाङ्कन गरिरहनेहरूका लागि त्यति गाह्रो कुरा होइन । कहिलेकाहीं छायांकन गर्नेहरूका लागि भने मोडल खोज्ने, छायांकन स्थल रोज्नेजस्ता सबै व्यवस्था मिलाउन कठिनाइ हुन्छ ।
**निमा रुम्बाको आऊ आऊ गीतमा तपाई ड्रमरका रूपमा देखिनुभएको छ । के तपाई ड्रमसेट बजाउनुहुन्छ ?**
म यो व्यवसायतिर लाग्नुअघि ड्रमसेट बजाउँथे, अहिले यसलाई सौखका रूपमा मात्र लिएको छु ।
**व्यवसायबाहेक अरू केहीमा व्यस्त हुनुहुन्छ कि ?**
म क्यासेट कम्पनीसँगै कपडा पसलमा पनि व्यस्त छु ।
**क्यासेट कम्पनी र कपडा पसल कुन व्यवसायले आर्थिक पक्षलाई बलियो बनाएको अनुभव हुन्छ ?**
आर्थिक पक्षभन्दा पनि कपडाको व्यवसाय मेरो पैतृक व्यवसाय हो भने क्यासेटको व्यवसाय मेरो रुचि र खुसी हो ।
**गायिका श्रीमती हुँदा आफ्नो व्यवसायमा कतिको सहयोग भएको अनुभव हुन्छ ?**
उनले क्यासेट व्यवसायमा धेरै सहयोग गरेकी छिन् । उनी उपयोगी सल्लाह-सुझाव दिन्छिन्, विशेषतः नयाँ गीत कसरी बजारमा ल्याउँदा अझ बढी राम्रो हुन्छ भन्ने जस्ता कुरामा सहयोग पाउँछु ।
**रिमा गायिका हुनुमा तपाईंको योगदान कत्तिको छ ?**
मेरो योगदानभन्दा पनि उनको प्रतिभा र उनमा भएको क्षमताले गर्दा उनी गायिका भइन् । आफूले जाने-बुझेको सल्लाह-सुझाव दिएर उनलाई यो क्षेत्रमा लागिरहन प्रेरित गर्छु ।
**श्रीमती कामकाजी हुँदा कत्तिको आर्थिक सहयोग हुन्छ ?**
घरमा दुवैले कमाउने हुँदा आर्थिक पक्ष बलियो हुन्छ । आफ्ना लागि आफैं खर्च निकाल्ने र घरमा आवश्यक परेको समयमा खर्च गर्नु पनि ठूलो सहयोग हो ।
**तपाईंलाई रिमाको मन पर्ने र मन नपर्ने बानी के हो ?**
कुरै नबुझी रिसाउने बानी मन पर्दैन भने हरेक कुरामा ध्यान दिने बानी मन पर्छ ।
**आफू जस्तो अरू श्रीमान्लाई केही सल्लाह-सुझाव दिन चाहनुहुन्छ ?**
नारीलाई सबैले सम्मान गर्नुपर्छ । यदि उनीहरूमा कुनै प्रतिभा छ भने त्यसलाई घरभित्रै मात्र सीमित नराखी बाहिर ल्याउन सबै दाजुभाइ, श्रीमान् तथा आमाबाबुलाई अनुरोध गर्छु ।

**–अरुणा भट्टराई**


प्राईभेट TEST/SLC मा
अन्तिम भर्ना
कक्षा ८/ ९/१० पास/फेल भई वा विविध समस्याले पढ्नबाट बञ्चित विद्यार्थीहरूलाई ध्यानमा राखी विशेष कक्षाहरु संचालन भईरहेको छ ।
कक्षा समय :- बिहान, दिउँसो र बेलुकी
कक्षा माध्यम :- नेपाली, अंग्रेजी दुवै
Computer Basic course, Tally\Fact Rs.999/- मात्र
छोटो समयमा नै अंग्रेजी भाषा बोल्न र लेख्न
GEMS जेम्स इन्टरनेशनल इन्ष्टिच्यूट
नयाँ बानेश्वर, कान्तिपुर अस्पताल संगै
फोन नं. ०१६२२३२५१

केश झर्न तुरुन्तै रोकी उमार्ने तेल Herbal44 Before After Rs. 750/-
बेदाग, गोरो मुहारको लागि रूपअमृत (R. Water, Sunscreen & Shampoo Free) - 1600/-
चाउरीपना हटाउने क्रिम - 1050/-
स्तन बढाउने (क्रिम/VBR) - 1650/-
शरीरको उचाई बढाउने - 1250/-
ग्याष्ट्रिक / दम / बाथ - समाधान - 350/-
प्रेसर/सुगर/ढाड दुखाई-समाधान - 550/-
मोटोपना घटाउने बेल्ट - 2400/-
Natural Treatment 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
Mob.: 9841719077, 9845062538 चितवन

STAR होटलमै तालिम
Cook 5000/-
Waiter 2500/-
Job Guarentee
विदेशको लागि छुट्टै प्याकेज
Crystal Training Plus Job Link
Setopul, Maitidevi
Phone: 4417438
Mobile: 9803243059

B.Sc. NURSING/BPH
(New Batch Starting from 13th Jestha at 7AM)
STAFF NURSE
Entrance Preparation Conducted by Doctors & Nurses of TU Teaching Hospital
B.N. Entrance Preparation
For TU & PU (The Only Institute Conducting BN Entrance Preparation)
IME
A gateway to medical education
INSTITUTE OF MEDICAL EDUCATION
(In Front of TU Teaching Hospital, Maharajgunj)
Ph: 2150826
Mob: 9851018284, 9851101929, 9851077307

2064 मा Private Test SLC
दिन चाहने विद्यार्थीलाई सूवर्ण अवसर
कक्षा ८ वा ९ पास गरि तथा कक्षा ९, Test वा SLC फेल भएर स्कुल जान नसकी जि.शि.का. मार्फत सञ्चालन हुने Private Test, SLC दिन चाहने विद्यार्थीहरुका लागि कक्षा १० को मात्र पाठयवस्तु पढाइने १ वर्षे कोचिङ्ग कक्षामा भर्ना खुल्यो ।
विद्यार्थीको सफलता र विश्वासले गर्दा नै हामी छैठौं वर्षको कक्षा संचालन गर्दैछौं ।
Dynamic Institute
(नयाँ बानेश्वर शिवदर्शनहल अगाडी)
फोनः४४८०२०५,९८४१४४३०९४,९८४१४३४८०७

PRIVATE TEST/SLC
२०६४ को लागि विशेष छुटका साथ भर्ना खुल्यो
कक्षा ८/९ पास गरी स्कूल जान नसकेका, कक्षा ९ पास/फेल, Test/SLC फेल भएका हरुका लागि अध्ययन गर्ने सुवर्ण अवसर
COSSET EDUCATION CENTER
Ph: 2160736, लाजिम्पाट प्रहरी बिट सँगै

प्राइभेट Test / S.L.C.
विगत ५ बर्ष देखि Private Test/ S.L.C. मा 100% विद्यार्थी उत्तीर्ण गराउन सफल एक मात्र Institute मा २०६४ सालको लागि नयाँ भर्ना खुल्यो ।
कक्षा समयः बिहान र दिउँसो माध्यमः English र नेपाली
साथै कोरियन र अंग्रेजी भाषाको नयाँ कक्षाहरु संचालन भइरहेको छ ।
Model Educational Institute
बागबजार (P. K. Campus को गेट अगाडी), Tel: 4-218146

Anchoring
Radio Technician
Digital Audio Editing
Audio Library M.
जेष्ठ १५ गतेसम्म भर्ना हुनेलाई विशेष छुट
स्तरीय तालिम अनि अवसर पनि
आफ्नै स्टुडियोमा 100% Practical Class
प्रशिक्षकहरु
दिपक समीर
नरेश भट्टराई
रीता लिम्बु
दिपकराज पाण्डे
बलराम श्रेष्ठ
दिपक हमाल
साथमा अन्य चर्चित RJ/VJ हरु
Echo Media (पुरानो बसपार्क पछाडी) 2004655



# प्रेमी-प्रेमिकाको प्रेम जाँच्ने उपाय

**प्रेम** सुन्दैमा आनन्द आउने शब्द । प्रेम गर्नेहरू भन्छन्- प्रेम जति गर्‍यो त्यति गरूँगरूँ लाग्छ । हुन त मानिसले संसारमा आएपछि कसै न कसैलाई प्रेम गरिरहेकै हुन्छ, कसैले आमा-बाबुलाई, कसैले दाजु-भाइलाई, कसैले छोराछोरीलाई कसैले प्रेमीले प्रेमिकालाई गर्ने प्रेम त कसैले प्रेमिकाले प्रेमीलाई गर्ने प्रेम । प्रेम जसले जसलाई गरे पनि भावना एउटै हुन्छ तर पनि मानिसको स्वभावैपिच्छे प्रेमको सारतत्त्वमा फरक पाइन्छ । प्रेमका विविध रूप हुन्छन् । मानिसहरू स्वार्थपूर्तिका लागि मात्र पनि प्रेम गरेझैं गर्छन् । समाजलाई नियाल्दा देख्न पाइन्छ- कतिपय छोराछोरीहरू सम्पत्ति पाउन मात्र आमाबाबुलाई प्रेम गरिरहेका हुन्छन् । शारीरिक इच्छा पूर्ति गर्न प्रेमीले प्रेमिकालाई प्रेम गरिरहेको हुन्छ त प्रेमिका प्रेमीको सम्पत्तिमा मोज गर्न उसलाई प्रेमको जालोमा उनीहरेकी हुन्छे ।

प्रेमका भुक्तभोगीहरू भन्छन्- प्रेम अन्धो हुन्छ तर पनि यो तीतो यर्थाथ प्रेमको संसारमा हराएकाहरूलाई बकबास लाग्न सक्छ । यसो भन्नुको आशय सबै प्रेम गर्नेहरूको प्रेम झूठो हुन्छ भन्ने होइन तर पनि वर्तमान समयमा मानिस यति स्वार्थी भएको छ कि जसले जति प्रेम गरे पनि एक पटक ध्यान दिएर सोच्नुपर्ने भएको छ- कहीं यो प्रेम झूठो त होइन ?

उहिल्यै हाम्रा बाजेको पालामा तन्नेरीले मनपरेकी तरुनीलाई हेर्न र तरुनीले मनपरेको तन्नेरीसँग बोल्न, मनको कुरा भन्न मुस्किल थियो । मनको कुरा व्यक्त गर्न पनि मुस्किल भएको त्यस्तो समयमा डेटिङ र लभ म्यारिजको त कल्पना नै गर्न सकिंदैनथ्यो । कति छट्पटाउँथे होला अहिले दिनमा दस पटक आफ्नी प्रेमिकालाई फोन गर्ने हरिश त्यतिबेला जन्मिएका भए ? कति छट्पटाउँथिन् होला फुर्सद पाउनसाथ प्रेमीसँग जुका टाँसिए झैं टाँसिंदै बाइकमा पछाडि बसेर नगरकोट घुम्न पल्किएकी प्रियंका ।

हुन त माया-प्रेममा उमेरको हदबन्दी हुँदैन । के पाका के अधवैंशे सबैले एक न एकजनासँग प्रेम गरेकै हुन्छन् तर प्रेमको स्वाद बढी नै चाख्नेहरूमा कोही पर्छन् भने ती हुन्– आजभालिका युवापुस्ता । आजभोलिका युवा माया-प्रेमको चक्करमा यति लीन छन् कि बालबालिकाहरू पनि आफ्ना दाजु-दिदीसँग तपाईंको गर्लफ्रेन्ड, ब्वाइफ्रेन्ड कोही छैन भनेर सोध्ने भएका छन् । हुन पनि युवापुस्ता गर्लफ्रेन्ड र ब्वाइफ्रेन्ड नभए संसारमा कोही नभएको जस्तो गर्ने वा सोच्ने भएका छन् । सबै प्रेम गर्नेहरूको प्रेम सफल नहुन पनि सक्छ । आफूलाई प्रेम गर्नेले धोका दिंदा कोही जिन्दगीभर धुरूधुरू रोएका हुन सक्छन् त कसैको जीवन नै समाप्त पनि हुनसक्छ । त्यति मात्र होइन हामीले देखेका छौं लहैलहैमा प्रेम गर्नेहरू फुर्सदमा पछुताइरहेका छन् तथा प्रेम गरेका कारण जीनव बर्बाद गरिरहेका छन् । त्यसैले साथीभाइ प्रेमी/प्रेमिकाको बाहुपासमा बाँधिएको देखेर मन कुँडयाएर बस्नेहरूले सोच्नुपर्छ- कहीं म पनि आरिस गर्दै प्रेम गरेर त्यस्तै हुने त होइन ? कहीं मैले माया गरेको मानिसले मलाई धोका दिइरहेको त छैन ? कहीं ऊ माया गर्ने नाममा मसँग खेलबाड त गरिरहेको छैन ?

प्रेमको प्रस्ताव तपाईंका प्रेमी-प्रेमिकाले सोझै तपाईंसँग राखेको हो कि साथीभाइमार्फत वा आफ से आफ भएको हो ? आफ से आफ भएको हो भने राम्रो हो-होइन चलचित्रमा झैं एक दिन बाटोमा भेट भयो मुसुक्क हाँस्यो अनि प्रेम भैहालेको हो भने त्यो प्रेम त्यसरी नै छिट्टै टुट्न सक्छ ।

प्रेमी-प्रेमिकाले कतै बाहिर जानुपर्दा खबर गर्छन् कि गर्दैनन् ? वा कतै टाढा गएर धेरै दिनपछि फर्केर ए मैले त खबर गर्नै बिर्सेछु पो भन्छन् कि ? यदि त्यस्तो हो भने विचार गर्नुहोस् त्यस्ता मानिसले भोलि अरूसँग विवाह गरेर ए मैले त तिमीलाई भुसुक्कै बिर्सेछु भन्न बेर लगाउँदैनन् ।

तपाईंका प्रेमी-प्रेमिकाले तपाईंसँग भेट भएको समयमा यौनसम्बन्धी कुरा गर्छन् कि गर्दैनन्, वा यौन सम्पर्क मात्र राख्न खोज्छ/खोज्छे वा एउटा अभिभावकले झैं यौनसम्बन्धका राम्रा-नराम्रा कुराहरूमा बारेमा सम्झाउँछन् । यौनसम्बन्धका राम्रा-नराम्रा कुराहरूका बारेमा सम्झाउँछन् भने उनीप्रति पूरा विश्वास गर्नुहोस् । उनी तपाईंको कुभलो चाहँदैनन् । होइन उनी तपाईंसँग भेट हुनासाथ टाँसिन खोज्दै आफ्नो प्यासमात्र मेट्न खोज्छन् भने विचार गर्नुहोस् त्यस्तो मायामा केही स्वार्थ छ । त्यस्तो माया हानिकारक हुन सक्छ ।

कतै टाढा जानुपर्दा प्रेमी-प्रेमिकाहरूले कसरी बिदा गर्छन् त्यसबाट पनि उनको प्रेम जाँच्न सकिन्छ । यदि हाँसीहाँसी विदा गर्छन् भने उनी त्यति प्रतिबद्ध छैनन् । यदि उनी जानुको कारण अर्थ्याउँदै जानैपर्ने बँध्यता दर्शाउँदै सम्झाउँछन् वा उनको मुहारमा विछोडको पीडा देखिन्छ भने उनी आफ्ना प्रेमी-प्रेमिकाको बाहिरी व्यक्तित्वलाई मात्र होइन मनलाई पनि माया गर्छन् ।

प्रेमी-प्रेमिकाहरू आफूलाई दुःख पर्दा दुखित देखिने वा समस्या निराकरणतर्फ पाइला चाल्न प्रयासरत देखिन्छन् कि के चिन्ता मानिरहेको भनेर कुरा अन्यत्र मोड्छन् । त्यतिबाट मात्र पनि मानिसको पहिचान हुन्छ । मानिस आफ्नो र अर्काको दुःखमा चिनिन्छ । सूत्रअनुसार प्रेमी-प्रेमिकाको आफूप्रतिको माया जाँच गर्ने हो भने को असल र को खराब छुट्याउन सकिन्छ ।

आफ्नो परिवारका सदस्यसँग भेट हुँदा उनको प्रतिक्रिया कस्तो हुन्छ त्यो पनि उनको मायाप्रतिको इमान्दारिता जाँच्ने गतिलो उपाय हो । यदि उनी दुईजनाबीचको प्रेम परिवारलाई थाहा नदिऊँ भन्ने चाहन्छन् भने त्यसमा केही समस्या हुनसक्छ । त्यस्तै उनी तपाईंको परिवारका सदस्यहरू देख्दा के गर्छन् ? आदर अनुसारको सम्मान गर्छन् वा वास्ता गर्दैनन् ? राम्रै सम्मान गर्छन् भने ठीकै हो होइन भने भविष्यमा उनको व्यवहार नराम्रो हुनसक्छ ।

तपाईंका प्रेमी/प्रेमिका तपाईंसँग भविष्यका बारेमा कत्तिको कुरा गर्छन् त्यसबाट पनि उनको इमान्दारिता जाँच्न सकिन्छ । यदि उनी जीवन र भविष्यका बारेमा सम्झाइरहन्छन् भने उनी तपाईंका लागि योग्य छन् होइन भने विचार गर्नुहोला ।

प्रेम गर्नु फेसन गर्नु जत्तिकै भएको वर्तमान समयमा पाइला-पाइलामा विचार गर्नुपर्ने भएको छ । साथीभाइ, प्रेमी-प्रेमिकासँग हिंडेको देखेर मन कुँड्याएर नबुझी प्रेम गर्ने हो भने त्यो प्रेमले दुःखको भूमरीमा रुमल्याइरहनेछ । यदि तपाईंले प्रेमी-प्रेमिकाको व्यवहार एवं स्वभाव नबुझी उनीसँग विवाह गर्नुभयो भने झन् ठूलो आपत आइलाग्न सक्छ । आजभोलि हामी के देख्छौं भने प्रेमविवाह चाँडै विछोडमा परिणत हुन्छन्, हिंजोसम्म आफ्ना प्रेमी-प्रमिकाको बखान गरेर नथाक्नेहरू उनैलाई नानाभाँती गाली गरिरहेका हुन्छन् । यो सबै पहिले प्रेमी/प्रेमिकालाई नबुझी सम्बन्ध राख्दाको परिणाम हो ।

अहिले प्रेम गरेपछि यौन सम्बन्ध राख्नु सामान्य हुँदै गएको छ । त्यसबाट भोलि आफ्नो अरू कसैसँग विवाह भए वैवाहिक सम्बन्ध तहसनहस हुन सक्ने सम्भावना त छँदै छ त्योभन्दा बढी खतरा यौनजन्य रोगहरू लाग्न सक्ने सम्भावनाको छ । गर्भ रहेर समाज-परिवारमा अपहेलित हुन सक्ने सम्भावनालाई पनि नकार्न सकिंदैन । ठीकै छ गर्भ रहे अहिले एबोर्सन गरौंला तर त्यसको असर जीवनभर पहिरहन सक्छ ।

प्रेममा अन्धो भएर गरिने क्रियाकलाप प्रेमी-प्रेमिकाप्रति गरिने अति विश्वास, रमाइलोका लागि वा कुखुर बैंसको प्यास मेटाउन गरिने यौनसम्पर्क, प्रेमी/प्रेमिकाको वास्तविकता नबुझी गरिने प्रेमले मानिसको जीवनलाई अन्धकारमय बनाउन कत्ति बेर लगाउँदैन । प्रेम गर्नेहरूले प्रेमी/प्रेमिकालाई जाँचेर मात्र प्रेम गर्नुपर्छ । प्रेमी/प्रेमिका भएनन् भनेर छट्पटाउनेहरूले प्रतीक्षा गरेर बस्न सक्नुपर्छ, यदि तपाईंको भाग्यमा छ भने एक दिन न एक दिन कसैसँग प्रेम हुने नै छ । भगवान्ले तपाईंका लागि साँचेर राखेको त्यो व्यक्ति तपाईं सामु आएर अवश्य भन्नेछ/भन्नेछिन्– आइ लभ यु..., म तिमीबिना बाँच्नै सक्दिन ।

**–माधव पौडेल**

# पति-पत्नीबीचको आधुनिक सम्बोधन



**ए... ओई...** झोक्किँदै .. ए मानिस.. ..

म अचम्ममा परें । कस्तो सम्बोधन हो यो ? म मावल गएका बेला एक जना वृद्ध हजुरबाको सम्बोधन हजुरआमालाई थियो त्यो । अहिले पनि श्रीमान्ले श्रीमती र श्रीमतीले श्रीमान्लाई गर्ने यस्ता अनौठा सम्बोधन प्रशस्त सुन्न पाइन्छ । यदाकदा पुरातनवादी धारणाले गर्दा श्रीमान्ले श्रीमतीको र श्रीमतीले श्रीमान्को नाम लिएर बोलाउनु हुँदैन भन्ने अन्धविश्वासका कारण पनि हाम्रा अग्रजहरूमा यस्तो दुविधा बढेको हो । कसै-कसैले छोराछोरी नजन्मिउन्जेल जसोतसो सम्बोधन नगरी बिताउँछन् भने सन्तान भएपछि त्यही सन्तानको नाममा आमा-बा जोडेर सम्बोधन गर्छन् । जस्तै : रोनिसको बुबा, सरिनकी ममी, प्रवीणको बुबा आदि ।

धनकुटा देव्रेवासकी रेखा लामिछानेले आफ्ना श्रीमान्लाई बाबा भनी सम्बोधन गरेको सुनेर एक जना हजुरआमालाई असह्य भएर भन्नुभयो : ए रेखा □ मोहन त रेमनको पो बुबा हो त । तिमीले किन बाबा भनेको ? हाल आएर आधुनिक युवापुस्ताका श्रीमान्-श्रीमतीले एक-अर्कालाई नामैले बोलाएको पनि पाइन्छ तर श्रीमान्ले जति सजिलै श्रीमतीलाई नामबाट सम्बोधन गर्छन् त्यति सजिलै श्रीमतीले सम्बोधन गर्न सक्दिनन् । प्रेमविवाह गर्नेहरूलाई सम्बोधनमा त्यति गाह्रो पर्दैन । प्रेमविवाह गर्ने जोडीभन्दा मागी विवाह गर्ने जोडीलाई सम्बोधनमा दुविधा हुने गरेको पाइन्छ ।

राकेश राई र मनीषा पोखेलको जोडीले आफ्नो चार वर्षको प्रेमलाई भर्खरै अन्तर्जातीय विवाहमा परिणत गरे । उनीहरू आफ्नो सम्बोधनलाई समयसापेक्ष बनाएका छन् । राकेश मनीषालाई नानी भनेर बोलाउँछन् भने मनीषाचाहिँ राकेशलाई राकेश नै भनेर सम्बोधन गर्छिन् । सम्बोधनले पारिवारिक सम्बन्धमा कुनै असर नपर्ने र दुवैलाई स्वीकार्य सम्बोधन गर्दा फरक नपर्ने उनीहरूको धारणा छ ।

हाल विभिन्न सञ्चार माध्यमबाट प्रसारण हुने नाटक, टेलिश्रृखला, चलचित्र आदिको प्रभावले गर्दा पनि नेपाली समाजमा आधुनिकता भित्रिएको अनुभव हुन्छ । युवापुस्ताका विवाहित जोडीहरूमा त्यस्ता सञ्चारका माध्यमको प्रभावले सम्बन्धमा खुलापन ल्याएको पाइन्छ । युवापुस्तामा नानी, बाबा जस्ता मायालु शब्दहरू प्रयोग गर्ने प्रचलन पनि भित्रिएको पाइन्छ । श्रीमान्-श्रीमती भनेका एउटै रथका दुई पाङ्ग्रा हुन् । जुनसुकै बेला जुनसुकै अवस्थामा श्रीमान्लाई श्रीमती र श्रीमतीलाई श्रीमान्को आवश्यकता पर्छ । त्यो अवस्थामा उचित सम्बोधनको अभावमा छेउमै गएर कोट्याएर आफ्नो कुरा भन्नुपर्दा दुःख त पाइन्छ नै, समय पनि बर्बाद हुन्छ । अहिलेको युवापुस्ताले ल्याएको संस्कार विभेदकारी बोलीचालीको अन्त्य र समावेशी नीतिको पक्षमा देखिन्छ ।

उहिलेको जस्तो धेरै औपचारिकतामा पतिभक्त भएर गोडामा शिर पुर्‍याउनुपर्ने महिलाहरूको बाध्यता पनि आधुनिकतासँगै घट्दै गएको छ । हजुर, तपाईं, खाइस्योस्, बसिस्योस्, ज्यूनार होस् जस्ता औपचारिकताले समाजमा श्रीमान् र श्रीमतीबीच सानो-ठूलोको भेद झल्किने देखेर नै युवापुस्ताले सँगै बसौं, सँगै मरौं भनेझैं बाँचुन्जेल सँगै र समान रूपमा जीवन जिउने कसम खाएका हुन्छन् र त्यसैअनुरूप आफ्नो बोलीचालीलाई परिमार्जन गर्दै लगेका छन् ।

यो प्रसङ्गमा आफू तथा समाजलाई उचित लाग्ने किसिमको सम्बोधन गर्नु उचित हुन्छ । श्रीमान्-श्रीमतीको सम्बन्धलाई अझ बढी सुमधुर र प्रगाढ बनाउन उनीहरूबीच गरिने सम्बोधनले पनि ठूलो प्रभाव पार्छ । त्यसैले पनि श्रीमान्-श्रीमतीले उचित किसिमको सम्बोधन गर्नु आवश्यक छ ।

**–चन्द्रमणि बराल**

# विवादको भुमरीमा एन्फा




विगत केही वर्षदेखि अखिल नेपाल फुटबल संघ (एन्फा) मा देखा परेको विवाद साम्य हुनुभन्दा नयाँ-नयाँ ढंगले अघि बढिरहेको छ। एन्फामा देखिएको विवाद साम्य बनाउनेभन्दा चर्काउनेहरू सक्रिय छन् भने एन्फामा भएको वैदेशिक लगानी तथा विभिन्न समूहमा विभाजित गुट-उपगुट समस्या समाधानमा बाधक देखिन्छन्।

एन्फामा पछिल्लो पटक देखिएको विवादको टुङ्गो गत शनिबार ५ गते लागे पनि प्राविधिक गडबडी भन्दै संघर्षरत समूहले फेरि विवादलाई उचाल्न थालेको छ, जसका कारण नेपाली फुटबलको भविष्य कतातिर जाने हो, अनिश्चित नै छ।

नेपाली फुटबलमा एकछत्र राज गर्दै आएका गणेश थापालाई वि.सं. २०५७ सालमा गीता राणाले एन्फा अध्यक्षबाट हट्नुपर्ने चुनौती दिइन। त्यतिखेर राणाले थापालाई झन्डै डेढ वर्षसम्म एन्फा कम्प्लेक्सबाट बाहिर्याइन्, तर फेरि नेपाली फुटबलको बागडोर थापालाई नै सुम्पियो। गत वर्ष राष्ट्रिय खेलकुद परिषद् (राखेप) को नयाँ नेतृत्वले 'माघ १९' पछि गठन भएका खेलसंघहरूको निर्वाचनलाई खारेज गर्दा थापाको कार्यसमिति पुनः अप्ठ्यारोमा पर्यो। राखेपले उक्त कदम एन्फामा थापाको एकाधिकार तोड्न लक्षित गरिएको विश्लेषण गरियो। यसका बाबजुद थापा उक्त विवाद साम्य बनाउन सफल भए।

अहिले फेरि चौथो पटक एन्फामा विवाद आएको छ, यद्यपि एन्फा अध्यक्ष गणेश थापा भने यसलाई बेअर्थको विवाद भन्छन्। उता पछिल्लो पटक एन्फा नेतृत्वलाई चुनौती दिने समूहका संयोजक मथुरामान श्रेष्ठ थापाले झुक्याएर सहमति गराएका कारण आन्दोलन फेरि सुरु भएको बताउँछन्।

संयुक्त संघर्ष समितिको आरोप छ- 'एक दशकयता एन्फामा व्यापक आर्थिक अनियमितता भएको छ, नेपाली फुटबल टिमको अन्तर्राष्ट्रिय प्रदर्शन लगातार रूपमा खस्कँदो छ, नेतृत्वमा हैकमवादी प्रवृत्ति हावी छ, समग्रमा एन्फा एकल निर्णयको बन्दी भएको छ। विधान संशोधन गरी चुनावी प्रक्रियामा जानुपर्यो।'

नेपाली फुटबलका चर्चित नामहरू यसरी सङ्गठित रूपमा थापाविरुद्ध ओर्लिएको यो पहिलो अवसर हो। २०५७ साल गणेश थापाविरुद्ध गीता राणाको लडाइँ थियो। अहिले कुनै समय थापाकै निकट सहयोगी रहेकाहरू उनका विरुद्ध खुलमखुल्ला आएका छन्।



लोकबहादुर शाही लामो समयसम्म एन्फाको महासचिव भैसकेका व्यक्ति हुन् भने भीम थापा एन्फा एकेडेमीका निर्देशक। त्यस्तै, टासी घले कुनै समय थापाका विश्वासपात्र मानिन्थे, तर यसअघिका चुनौतीहरू पार गर्न सफल थापालाई एन्फाबाट विस्थापित गर्नु उनीहरूका लागि सजिलो भने छैन। फिफा तथा एएफसीसँगको सामिप्य, राजनैतिक चतुर्याइँ अनि पद र पैसाको प्रभावका कारण थापाले यसअघिका अप्ठ्यारा पार गर्दै आएका हुन्।

नेकपा (माओवादी) को साथ लिई फेरि एकपटक आफूविरुद्धको चुनौतीलाई माथ दिने रणनीति थापाको थियो, तर उनी यसमा सफल हुन् सकेनन्। माओवादीका नेता अनन्त भन्छन्- 'एन्फामा देखिएको विवाद सही हो, मुलुकका अन्य पक्षमा झैँ एन्फामा पनि परिवर्तन हुनुपर्छ। यो विवाद पनि चाँडै नै अन्त्य हुनुपर्छ।'

नेपाली खेलकुदमा माओवादीहरूले प्रभाव जमाउन खोजिरहेकै बेला थापाले उनीहरूको साथ लिन खोज्नु नौलो थिएन, तर गणतान्त्रिक खेलकुद महासंघ तथा माओवादी दुवैले एन्फाको लोकतान्त्रीकरण तथा त्यसको आर्थिक कारोबारमा पारदर्शिता ल्याउनुपर्ने थियो। नेतृत्व परिवर्तनसँगै यी पक्षमा



ध्यान दिइएन भने एन्फामा नयाँ अनुहार ल्याउनुको पनि अर्थ छैन।

नेपाली खेलकुदको बागडोर सम्हालेर बसेका राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव जीवनराम श्रेष्ठ भने चुनावका लागि चुनावभन्दा पनि विवादको अन्त्य भनेकै चुनाव हो भन्छन्। एन्फामा लामो समय बिताएका टासी घले भने थापालाई नमुना खेलाडीका रूपमा उभ्याउँछन्। उनी थापामा जुझारु क्षमता भएको बताउँछन्। हरेक क्षेत्रमा आएको परिवर्तनसँगै एन्फा पनि परिवर्तन हुनुपर्ने मान्यता उनको छ। एन्फालाई नजिकबाट नियालेका घले अब पहिलेको जस्तो अवस्था नहुने बताउँछन्। सबैको मान्यता चुनाव हो। यसका लागि तीन महिनाको समय पनि दिइसकेको छ।

एन्फामा देखिएको विवादले नेपाली फुटबलमा निकै प्रभाव पनि पार्न थालेको छ। १३ वर्षदेखि नेपाली फुटबलले कुनै अन्तर्राष्ट्रिय प्रतियोगितामा सफलता हात पार्न सकेको छैन। एसियाली फुटबलमै पनि नेपाली फुटबल 'सी' वर्गमा उभिन थालेको छ। अन्तर्राष्ट्रिय फुटबल महासंघ फिफाले निकाल्ने वरियताक्रममा १ सय ३७ स्थानमा रहेको नेपाली फुटबल अहिले झरेर १ सय ८६ औं स्थानमा पुगेको छ। यो अवस्था हेर्दा सम्पूर्ण विवादको जड भनेको एन्फामा प्रजातान्त्रीकरणको अभाव तथा त्यसको समाधान भनेको चुनाव नै हो भन्छिन्- पूर्व एन्फा अध्यक्ष गीता राणा। हामीलाई अहिलेसम्म साधारण सभा सदस्यहरू को-को छन्, त्यो पनि राम्रोसँग थाहा छैन। त्यसैले अन्तर्राष्ट्रिय सहमति तथा राष्ट्रिय खेलकुद परिषद्को रोहवरमा निर्वाचन हुनुपर्छ।

## करातेमा दुई किशोरी



पोखरा- दुई कलकलाउँदा किशोरीले छोटो अवधिमै सितोरियो करातेमा अब्बल प्रदर्शन गरेर सफलता हात पारेका छन्। आधा दशकअघिदेखि निरन्तर कराते खेलेर थुप्रै पदक जितिसकेका संगीता लामा र सुषमा गुरुङ ६ महिनाअघि जापानमा सम्पन्न विश्व कराते च्याम्पियनसिपका लागि छनौट भएका थिए तर प्रतियोगितामा सहभागिता हुन नसक्दा उनीहरूको मन अहिलेसम्म पनि पोलिरहेको छ। आर्थिक अभावका कारण संगीता लामा र सुषमा गुरुङले यति ठूलो अवसर गुमाएका थिए।

छनौट भएर पनि जान नसकेको विषयमा उनीहरू भन्छन्- 'खेलकुद परिषद्ले आर्थिक सहयोग गरिदिएन।' मोफसलका खेलाडीलाई राजधानीमा बस्नेहरूले खासै चासो नदिएको उनिहरूको गुनासो छ। नोभेम्बर २००६ मा भारतको आन्द्रप्रदेशमा सम्पन्न प्रथम राजीव गान्धि मेमोरियल एसियन ओको च्याम्पियनसिपमा संगीताले ५० केजी तौल समूह तथा सुषमाले ५५ केजी तौलसमूहमा प्रथम स्थान हासिल गरेका थिए। आफूहरू यहाँसम्म आइपुग्नुमा प्रशिक्षक तथा गुरु फत्तबहादुर गुरुङको योगदानलाई कहिल्यै भुल्न नसक्ने उनीहरू बताउँछन्।

कसरी होमिन आइपुगिन् त संगीता लामा करातेको संसारमा ? आफ्नै दाजु कुष्णकुमार लामाले कराते खेलेर घरमा पदक र प्रमाणपत्र भित्र्याएको देखेपछि उनी पनि लोभिइन्। करातेमै केही गर्नुपर्छ भनेर उनले २०५७ देखि करातेको प्रशिक्षण लिन थालिन्। पहिलो पटक २०५८ मा कास्की जिल्ला च्याम्पियनसिपमा प्रतिस्पर्धा गरिन्। पहिलो पटकमै आफ्ना ६० जना प्रतिस्पर्धीलाई पराजित गर्दै उनी प्रथम भइन्। त्यसपछि उनलाई एकपछि अर्को सफलता हात लाग्दै गयो। प्रशिक्षक फत्तबहादुर गुरुङ भन्दै थिए- 'छोटो समयमा लामाले प्रदर्शन गरेको खुबी देखेर म सन्तुष्ट छु।' विद्यालय जीवनमै दौडिरहेकी संगीताले पढाइसँगै खेलकुदलाई अघि बढाइरहेकी छिन्। खेलजीवनमा पाएको पदक र प्रमाणपत्रले उनको घरको कोठा चिरिच्याँट्ट भएको छ।

उता संगीतासँगै खेलयात्रा प्रारम्भ गरेकी सुषमाले सुरुमा त धेरैको नानाभाँती कुरा सुन्नुपर्यो। साथीसँगी र आफन्तहरूले छोरीमान्छे पनि केको कराते खेलमा लागेको सम्म भने। उक्त कुराले उनको मनमा सियोले घोचेजस्तै भयो। उनी अब केही गर्नुपर्छ भनेर कुरा काट्नेहरूको पछि भन्दा पनि खेलको पछाडि दौडिइन्। अरूको कुरा सुनेको भए अहिले मैले यो स्थान पाउने थिइनँ, सुषमाले भनिन्- 'आज केही नपाए पनि नामसम्म पाएकी छु।' उनले अहिलेसम्म प्रतिस्पर्धा गरेका प्रतियोगिताहरूमा रित्तै हात फर्कनुपरेको छैन। कास्कीजस्तो जिल्लामा पनि कराते खेलका लागि सरकारले कुनै प्रशिक्षक राख्न नसकेकोमा उनको गुनासो छ। गुरुङ भन्छिन्- 'हामीलाई गुरुले व्यक्तिगत रूपमा प्रशिक्षण दिँदै आउनुभएको छ।' भर्खर कलेजजीवनमा प्रवेश गरेकी सुषमा खेललाई व्यावसायिक रूपमा अघि बढाउने योजनामा छिन्।

दुवै किशोरीले मोफसलमा बसेर पनि सफलता हात पारेका छन्। जति राम्रो खेले पनि मोफसलमा बसेपछि ओझेलमै रहनुपर्छ, प्रशिक्षक फत्तबहादुर गुरुङ भन्छन्- 'खेलकुदमा विकेन्द्रीकरण हुन सकेको छैन।' केन्द्रीकरणकै कारण प्रतिभा भएर पनि संगीता र सुषमाले खुम्चनुपरेको गुनासो गुरुङको छ।

**शिव शर्मा**

## ५ प्रश्न

नेपाल क्रिकेट संघ (CAN) अध्यक्ष विनयराज पाण्डेको कार्यकालमा नेपाली क्रिकेटले नयाँ रूप धारण गरेको छ। नेपाल क्रिकेट संघको सक्रियतामा काठमाडौं मूलपानीमा एसियन क्रिकेट काउन्सिलको सहयोगमा अन्तर्राष्ट्रिय स्तरको राष्ट्रिय एकेडेमीको शिलान्यास सम्पन्न भएको छ।



**क्रिकेट एकेडेमी निर्माण गर्नुको उद्देश्य के हो ?**

सन् २०११ को विश्वक्रिकेटमा नेपाललाई सहभागी गराउने संघको लक्ष्य छ, त्यसलाई सहयोग पुर्याउनुका साथै समग्रमा क्रिकेट खेलको विकासका लागि यसको निर्माण हुन लागेको हो।

**एसियन क्रिकेट एकेडेमी बनाउने हल्ला चलेको थियो नि ?**

एसियन क्रिकेट एकेडेमी बनाउने भनिएको थियो, तर राष्ट्रिय खेलकुद परिषद् तथा क्रिकेट संघबीच एकेडेमी काठमाडौं वा पोखरामध्ये कहाँ बनाउने भन्ने विवादका कारण एसियन क्रिकेट काउन्सिलले त्यो बेला समर्थन जनाएन। त्यसपछि तीन-चार वर्षभित्र श्रीलंका, भारत, पाकिस्तान र बंगलादेशले आ-आफ्नो एकेडेमी बनाएपछि यहाँ निर्माण सम्भव नभएको हो।

**बजेट कति छ ?**

अहिले प्रारम्भिक चरणका लागि १ लाख अमेरिकी डलर एसीसीले छुट्याइदिएको छ। सम्पूर्ण कार्यका लागि हामीले एक करोड पचास लाख डलरको प्रपोजल पेस गर्ने तयारी गरेका छौं।

**एकेडेमीको क्षमता कति छ ?**

पहिलो चरणमा हामी मैदान निर्माण गर्छौं, त्यसपछि मात्र एकेडेमीमा के-कति सेवा-सुविधा उपलब्ध गराउने भन्ने निर्णय हुन्छ, तथापि २५ देखि ४० खेलाडी तथा ४-५ हजार दर्शकको चापलाई थेग्न सक्ने ठाउँ निर्माण गर्ने सोच छ।

**निर्माणकार्य कहिले पूरा होला ?**

२००८ को अक्टोबरसम्म निर्माण सक्ने योजना छ।

प्रस्तुति : प्रतिमा बाँस्कोटा

## करौंते तथा किक बक्सिङ प्रतियोगिता

हेटौंडा– मकवानपुरको चुरियामाई खेलकुद विकास समितिको आयोजना एवं सितोरियो करौंते महासंघको प्राविधिक सहयोगमा नारायणी अञ्चलस्तरीय प्रथम करौंते तथा किक बक्सिङ प्रतियोगिता जेठ ५ शनिबार सम्पन्न भएको छ। चुरियामाई गाउँ विकास समितिको आर्थिक सहयोगमा सम्पन्न प्रतियोगतामा मकवानपुर, चितवन, रौतहत, बारा, पर्सा तथा सिन्धुली जिल्लाका १ सय ७० खेलाडी सहभागी थिए। करौंतेतर्फ मकवानपुरका नवीन राई र पर्साकी सपना लामा उत्कृष्ट खेलाडी घोषित भए भने किक बक्सिङतर्फ मकवानपुरका महेश लामा उत्कृष्ट खेलाडी घोषित भए।

अफिसियल करौंतेतर्फ २० केजी तौल समूहमा चितवनका सुरेश लामा प्रथम भए। २५ केजी तौल समूहमा सिमाराका दिनेश लामा, ३० केजी तौल समूहमा सुरज गुप्ता, ३५ केजी तौल समूहमा चितवनका विवेक लामा प्रथम भए। त्यस्तै ४० केजी तौलसमूहमा चितवनका विशाल चेपाङ, ४५ केजी तौल समूहमा मकवानपुर जीवन मोक्तान, ५० केजीमा मकवानपुरकै दिलीप मोक्तान, ५५ केजीमा चितवनका राजु बुढाथोकी, ६० केजी तौल समूहमा मकवानपुरका राजन थिङ तथा ६५ केजी समूहमा चितवनका रुद्र गुरुङ प्रथम भए।

किक बक्सिङतर्फ ५० केजी तौल समूहमा मकवानपुरका महेश लामा, ५५ केजीमा चितवनका राजु बुढाथोकी, ६० केजीमा मकवानपुरका राजन थिङ प्रथम भए। त्यस्तै महिलातर्फ २५ केजी तौल समूहमा मकवानपुरकी दीपा मोक्तान प्रथम भइन् भने ३० केजी चितवनकी सविना लामा र ३५ केजी तौलसमूहमा चितवनकी शोभा लामा प्रथम भएकी छिन्। पुरुष कातामा मकवानपुरका दिलीप मोक्तान प्रथम भए भने महिलातर्फ मकवानपुरकै दीपा मोक्तान प्रथम भइन्।

**–रुपेश दुलाल**

## दृष्टिविहीन क्रिकेट

पोखरा- नेपाल नेत्रहीन सङ्घ, कास्कीले गत सातादेखि पृथ्वीनारायण क्याम्पस, पोखराको अन्नपूर्ण रङ्गशालमा दृष्टिविहीनहरूका लागि क्रिकेट प्रशिक्षण प्रारम्भ गरेको छ। प्रशिक्षणमा पहिलो पटक महिलाहरू पनि सहभागी भएका छन्।

क्रिकेटको बढ्दो लोकप्रियतासँगै आत्मबल र विश्वास बढाउँदै दृष्टिविहीनहरूलाई क्रिकेटमा सक्षम बनाउन दृष्टिविहीन केन्द्रीय क्रिकेट सङ्घको सहयोगमा एकहप्ते प्रशिक्षण सुरु गरिएको हो। प्रशिक्षणमा पृथ्वीनारायण क्याम्पस तथा अमरसिंह उच्च मा.वि.मा अध्ययनरत छात्रछात्रासहित ६५ जना सहभागी छन्। सहभागीहरूमध्ये महिला र पुरुषको सङ्ख्या बराबर छ। दृष्टिविहीन पनि खेलमा सक्षम छन् भन्ने उद्देश्यले प्रशिक्षण सुरु गरिएको दृष्टिविहीन सङ्घ, कास्कीका सचिव लक्ष्मण सुवेदीले बताए।

दृष्टिविहीन क्रिकेट संघका केन्द्रीय अध्यक्ष पवन घिमिरे, उपेन्द्र श्रेष्ठ र गङ्गा खड्काले सहभागीहरूलाई प्रशिक्षण दिनुहुनेछ। आउँदो नोभेम्बरमा पाकिस्तानमा हुने दृष्टिविहीन क्रिकेट प्रतियोगितालाई दृष्टिगत गरी यो प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको हो। यसअघि गत चैतमा राजधानीमा दृष्टिविहीनहरूको क्रिकेट प्रतियोगिता सम्पन्न भएको थियो।

## गो-कार्टिङ प्रतियोगिता



काठमाडौं– काठमाडौं मेट्रो-राउन्ड टेबल-४ को आयोजनामा विद्यालय निर्माण तथा व्यवस्थापन परियोजनाको सहयोगका लागि खुला गो-कार्टिङ प्रतियोगिता हुने भएको छ। स्वयम्भूस्थित टाइगर टप्स गो-कार्टमा हुने यो प्रतियोगिताबाट उठेको सम्पूर्ण रकम विद्यालय सहयोगका निम्ति खर्च गरिने बताइन्छ। मेट्रो-राउन्ड टेबल-४ का कोषाध्यक्ष तथा प्रतियोगिता संयोजक शक्ति बेगानीका अनुसार संस्थाले हाल प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा करिब ७ हजार बालबालिकाको शिक्षाका निम्ति सहयोग गर्दै आएको छ।

आगामी जेठ १२ गते शनिबार हुने प्रतियोगितामा बढीमा ९६ वटा समूहले सहभागिता जनाउन सक्छन्। त्यसका लागि तीन जनाको एक समूहलाई १५ हजार रुपैयाँ शुल्क निर्धारण गरिएको छ। एक दिने यो प्रतियोगिता अवधिभर सहभागीहरूलाई विशेष कार्यक्रममा समेत सहभागी गराइने बेगानीले बताए। बेगानीका अनुसार उक्त अवसरमा फन् कार्यक्रम एवं फुड फेस्टिबलसमेत आयोजित हुनेछ। प्रतियोगितामा पहिलो, दोस्रो तथा तेस्रो हुनेहरूले विशेष पुरस्कार पाउनेछन् भने क्रेजी ड्रेसिङ, योङ्गेस्ट पार्टिसिपेट, बेस्ट लेडी पार्टिसिपेट शीर्षकमा पनि पुरस्कारहरू राखिएको छ।

## ग्लोबल क्रिकेट फेडरेसनको जित

बुटवल– बुटवलमा सञ्चालित दुई दिवसीय इन्डो-नेपाल च्याम्पियनसिप ट्रफी क्रिकेट प्रतियोगिताको उपाधि भारतीय टिम ग्लोबल क्रिकेट फेडरेसन अफ इन्डियाले जितेको छ। बेस्ट अफ थ्रीका आधारमा लुम्बिनी वाणिज्य क्याम्पसको मैदानमा मंगलबार सम्पन्न खेलमा भारतीय टिम २-० ले विजयी हुँदै उपाधि हात पार्न सफल भएको हो। प्रतियोगिताको दोस्रो खेलमा भारतीय टिमले नेपाली टिमलाई २ विकेटले पराजित गरेको थियो। टस जितेर ब्याटिङ रोज्दै नेपाली टिमले निर्धारित २० ओभरको खेलमा ६ विकेट गुमाएर १ सय १५ रन बनाएको थियो। नेपालका लागि जगतले ४४ बलमा ३ छक्का र २ चौकाको मद्दतले ४३ रनले १६ तथा शेषमणिले १५ रन जोडेका थिए भने राहुलले ४ विकेट लिएका थिए। भारतीय टिमले १९ दशमलव ३ ओभरमा ८ विकेट गुमाएर विजय लक्ष्य १ सय १६ रन बनाएको थियो। भारतका गोल्डीले ४२ तथा सोनु मलिकले २१ रन जोडेका थिए। खेलमा नेपालका जगत र भारतका गोल्डीलाई संयुक्त रूपमा म्यान अफ द म्याच घोषित गरिएको थियो।

## टेबुलटेनिसमा सागर र प्रिया प्रथम

बुटवल– मदन-आश्रित स्मृति दिवसको अवसर पारेर बुटवलमा सञ्चालन भएको विद्यालयस्तरीय विभिन्न तहको टेबुलटेनिस प्रतियोगिताको फाइनल खेल शुक्रबार सम्पन्न भएका छन्। जिल्ला खेलकुद विकास समिति रूपन्देहीको आयोजनामा छात्रछात्रा गरी १ सय ५० जनाले भाग लिएको प्रतियोगिताअन्तर्गत छात्र सिङ्गलतर्फ बुटवल इलिट इङ्लिस स्कुलका सागर थापा प्रथम, न्यू होराइजनका उज्ज्वल गौचन द्वितीय तथा बुटवल इलिटकै रोहित गुप्ता तथा मुनाल बोर्डिङका सन्दिप खत्री तृतीय भएका छन्। यस्तै छात्रा सिङ्गलतर्फ मुनालकी प्रिया भण्डारी प्रथम, मिलिम गुरुङ द्वितीय र आकृति विक तथा उमा न्यौपाने तृतीय भएका छन्। प्रतियोगिताको ओपन म्यान्स सिङ्गलतर्फ महेश खनाल प्रथम, महेश थैव द्वितीय तथा रोहित गुप्ता तथा सुजित गुप्ता तृतीय भएका छन्। लेडिज सिङ्गल ओपनतर्फ पूनम खनाल प्रथम, अनमिका ओझा द्वितीय तथा विभा श्रेष्ठ तथा अलिशा ओझा तृतीय भए। टिचर्स ओपनतर्फ महेश खनाल प्रथम, सुरेन्द्र शाक्य द्वितीय तथा हेमन्त श्रेष्ठ एवं राजु तिमिल्सेना तृतीय भएका थिए।

## खेलाडीहरू सम्मानित

बुटवल– रूपन्देही जिल्लाको प्रतिनिधित्व गर्दै विभिन्न खेलमा राष्ट्रिय-अन्तर्राष्ट्रिय ख्याति कमाएका खेलाडीहरूलाई जिल्ला खेलकुद विकास समिति रूपन्देहीले बुटवलमा सम्मान गरेको छ। मदन-आश्रित स्मृति जिल्लास्तरीय खेलकुद प्रतियोगिता समापनको अवसर पारेर जिल्लाका सात जना खेलाडीलाई कदरपत्रले सम्मान गरिएको हो। सम्मानित हुनेहरूमा तेक्वान्दोका गोल्ड मेडलिस्ट आलोक राना, कोसिस खड्का, राजु क्षेत्री, फुटबलका दिलीप क्षेत्री, मधु थापा (महिला), क्रिकेटका शक्ति गौचन तथा एथलेटिक्सकी साह बानो पठान छन्।

**– टोपराज शर्मा**



# दोस्रो पटक पिङ्क सुन्दरी



**साप्ताहिक समाचार–**

काठमाडौं– तपाईं प्रधानमन्त्री हुनुभएको भए नेपालमा के परिवर्तन ल्याउनुहुन्थ्यो ? मिस पिंक प्रतियोगितामा मिस युनिभर्सिटी नेपाल उषा रजकको यो प्रश्नको उत्तर दिंदै भूमिका श्रेष्ठले भनिन्– 'मजस्ता अल्पसंख्यक तेस्रो लिङ्गीहरू जो नागरिक भएर पनि अनागरिक सरह बाँच्नुपरेको छ, उनीहरू प्रधानमन्त्री हुनु टाढाको कुरा हो तर असम्भव नै भने होइन । यदि प्रधानमन्त्री भएको भए सम्पूर्ण नेपालीको हक-अधिकार सुनिश्चित गर्ने थिएँ । पिछडिएका समुदाय जस्तै– महिला, पुरुष, बालबालिका, अपाङ्ग, दलित, मधेसी, जनजाति तथा हामीजस्तै अल्पसंख्यकहरूका लागि राम्रो शिक्षा, स्वास्थ्य र रोजगारको प्रबन्ध मिलाउँथे अनि विश्वमा आफ्नो देशको नाम चम्काउने थिएँ ।'

भूमिकाको यो उत्तरले प्रश्नकर्ता मात्र होइन, दर्शकदीर्घाको पनि मन जित्यो । त्यसैगरी प्रतियोगितामा ललितपुरकी पुष्पा लामा फस्ट रनर अप भइन् भने पोखराकी विन्ध्या गौतमले सेकेण्ड रनर अपको मुकुट हासिल गरिन् ।

अल्पसंख्यक यौनव्यवहार रुचाउने तेस्रो लिङ्गीयहरूको सौन्दर्य प्रतियोगिता 'मिस पिङ्क' गत जेठ ३ गते बिहीबार सम्पन्न भएको थियो । यसअघि मिस मेटी शीर्षकमा हुने प्रतियोगितालाई यस पटकदेखि समलिङ्गी घृणाविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसर पारेर आयोजना आयोजना गर्न थालिएको छ ।

'तेस्रो लिङ्गीय पनि मानिस नै हो, ऊमाथि मानिसको जस्तै समान व्यवहार गरौं' नारा राखिएको यसपटकको प्रतियोगिता तयारीका साथ आयोजना गरिएकाले सफल भएको यसअघिको प्रतियोगिताकी फस्ट रनरअप मनीषा विष्टले बताइन् । विष्टका अनुसार राष्ट्रिय स्तरको यो प्रतियोगिता हुनुअघि इटहरी तथा पोखरामा क्षेत्रीय स्तरका प्रतियोगिता सम्पन्न भएका थिए ।

ब्लु डायमन्ड सोसाइटी नेपालको आयोजनामा सम्पन्न मिस पिंक प्रतियोगितामा १८ प्रतियोगीले प्रतिस्पर्धा गरेका थिए । काठमाडौं, पोखरा, इटहरी, जनकपुर, नेपालगन्ज, भैरहवा तथा ललितपुर गरेर सातवटा सहरका प्रतियोगीले भाग लिएको प्रतियोगितालाई चार चरणमा विभाजन गरिएको थियो ।

## समलिङ्गी चलचित्र महोत्सव सम्पन्न



ब्लु डाइमन्ड सोसाइटी नेपालको आयोजनामा गत जेठ ३ गतेदेखि ५ गतेसम्म समलिङ्गी विषयवस्तुमा आधारित चलचित्र महोत्सव सम्पन्न भएको छ । समलिङ्गी पुरुष तथा महिलाहरूका बारेमा जनचेतना फैलाउने उद्देश्यले आयोजित उक्त महोत्सवमा १४ वटा चलचित्र प्रदर्शन गरिए ।

चलचित्र निर्देशक तुलसी घिमिरेले उद्घाटन गरेको महोत्सवको पहिलो दिन हिन्दी डकुड्रामा 'गुलावी ऐना' प्रदर्शन गरिएको थियो । प्राकृतिक स्वरूपभन्दा पृथक् यौनचाहना तथा जीवनशैली अँगाल्न खोज्दा समाजले गरेको व्यवहारलाई प्रदर्शनीमा प्रस्तुत चलचित्रहरूले समेटेका थिए । महोत्सवमा अल्पसंख्यक यौनव्यवहार रुचाउनेहरूका विभिन्न समस्याका बारेमा पनि प्रशस्त छलफल भयो, आयोजक ब्लु डायमन्ड सोसाइटीका अध्यक्ष सुनीलबाबु पन्तले भने– 'अल्पसंख्यक यौनव्यवहारअन्तर्गत पनि समलिङ्गी, तेस्रो लिङ्गीजस्ता थुप्रै व्यवहार अँगाल्नेहरू रहेको पनि चलचित्र हेर्नेले थाहा पाएका छन् ।'

महोत्सवमा भारतको बहुचर्चित सलाम बम्बे, नेपाली डकुमेन्ट्री अस्तित्वको खोज, क्यानाडाको द अफरिङ आदि समावेश थिए । महोत्सवका क्रममा सुन्धारा बेकरी क्याफे तथा थापाथलीस्थित मार्टिन चौतारीमा चलचित्र प्रदर्शन गरिएका थिए । महोत्सवमा क्यानेडाली चलचित्र द अफरिङका निर्देशक पाउल लीले दर्शकहरूसँग अन्तर्क्रिया गरेका थिए । महोत्सव उद्घाटनको अवसरमा सोसाइटीले पिंक म्यागजिन पत्रिका पनि सार्वजनिक गरेको थियो ।

## फुर्सदको कुराकानी




**मुकुट पहिरिँदा कस्तो अनुभव भैरहेको छ ?**

सबैभन्दा मुख्य कुरा लैङ्गिक असमानताका विरुद्ध आयोजित यो प्रतियोगितामा सहभागी भएर आफ्ना कुरा राख्ने इच्छा थियो । जुन यो प्रतियोगिताले अवसर जुटाइदियो । प्रतियोगिता भनेपछि हारजित अवश्य हुन्छ, मेरो पर्फर्मेन्स राम्रो भएकाले हुनसक्छ, मैले सर्वोत्कृष्ट हुने मौका पाएँ, अत्यन्तै खुसी लागेको छ ।

**मुकुट जित्छु भन्ने लागेको थियो ?**

सबै साथीभाइ तथा परिवारले प्रोत्साहन गर्दा मैले केही न केही उपाधि जित्छु जस्तो लागेको थियो, तर जब अन्य १८ जना प्रतिस्पर्धीमध्ये सबै एकसेएक देखें, त्यतिबेला मेरो आत्मविश्वास लडखडाएको थियो । पहिलो चरणमा राम्रोसँग उत्तर दिन नसक्दा अझ डर लागेको थियो । जब चौथो चरणमा पुगें, त्यतिबेला मात्र अब उपाधि जित्छु भन्ने लाग्यो ।

**मिस पिंक भएपछि के हुन्छ जस्तो लाग्छ ?**

यस पटकको उपाधि विजेताले पहिलो पटक अन्तर्राष्ट्रिय स्तरको पिंक पेजेन्टमा सहभागिता जनाउन सम्पर्क भैरहेको छ । यसभन्दा अघि एउटा सामान्य परिचय भएकी भूमिकालाई अहिले धेरैले चिन्न थाल्नुभएको छ । यो समग्रमा तेस्रो लिङ्गीयहरूको स्पष्ट पहिचान गराउने कार्यक्रम भएकाले त्यसमा म प्रमुख पात्र बन्न सफल भएकी छु ।

**यो पेजेन्टलाई किन पिंक भनिएको हो ?**

पिंक अर्थात् गुलाबी कलरलाई तेस्रो लिङ्गियहरूले प्रयोग गर्ने भएकाले पिंक पेजेन्ट भनिएको हो । पिंक कलर सबैको रोजाइ पनि हो ।

**तपाईंले विवाह गर्नुभएको छ ?**

छैन, विवाह गर्ने सोच आएको छ, चाँडै नै गर्छु होला, अहिले अफेयर चलिरहेको छ ।

**यो प्रतियोगितामा भाग लिन विवाहले समस्या पार्छ कि पार्दैन ?**

पार्दैन, यो प्रतियोगिता विवाहसँग सम्बन्धित छैन । विवाह भैसकेकाले पनि यसमा भाग लिन सक्छन् ।

**तेस्रो लिङ्गीयहरूको वैवाहिक जीवन कस्तो हुन्छ ?**

जसरी सामान्य महिला-पुरुष दम्पतीले जीवन-निर्वाह गर्छन्, त्यसरी नै तेस्रो लिङ्गीयहरूले विवाह गरेर रमाइलो जीवन-यापन गर्न सक्छन् । सन्तान जन्माउन असमर्थ भए पनि यही समाजमा बाँझोपन बेहोरेका दम्पती पनि त छन् नि, केही न केही विकल्प त निस्किहाल्छ नि ।

**यस्तो विवाहले कानुनी मान्यता पाउँछ ?**

हाम्रो कानुन अस्पष्ट छ । त्यसैले अहिलेसम्म यस विषयमा कानुनी आधार निर्माण भैसकेको छैन । नयाँ नेपालको नयाँ संविधानले यो व्यवस्थालाई पनि समेट्नुपर्छ भनेर हामी आन्दोलनरत छौं ।

–बिख

सबै भन्दा पुरानो ! सबैभन्दा विश्वासिलो ! !
अत्याधुनिक प्रविधि ! हजारौं लाभान्वित ! !
● फोटोग्राफी ● फोटोएडिटीङ्ग ● भिडियोग्राफी ● भिडियो एडिटीङ्ग
● फोटो ल्यामिनेसन ● दुई हप्ते HOBBY फाटोग्राफी / भिडियोग्राफी
सम्पर्कः अरुण दत्त पन्त द्वारा वि.सं. २०५३ देखि निरन्तर
नेपाल फोटोग्राफी ट्रेनिङ इन्ष्टिच्यूट
(मान्यता प्राप्त पहिलो फोटो/भिडियो इन्ष्टिच्यूट) भोटाहिटी साझा भण्डार माथिल्लो तल्ला
२१९१०३७ ४२१६२९१

भर्ना खुल्यो
प्राइभेट टेष्ट/ एस.एल.सी. २०६४
हाम्रा विशेषताहरू :
✔ उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति ।
✔ विगत वर्षहरूमा उत्कृष्ट नतिजा ।
✔ विहान, दिउसो र बेलुका तीनवटै समयमा पढाई हुने ।
✔ अंग्रेजी, विज्ञान र गणित विषयलाई विशेष ग्राह्यता दिने ।
✔ अनुभवी शिक्षकद्वारा अध्यापन गराइने ।
✔ होस्टलको सुविधा ।
पाइथागोरस एकेडेमी
पुतलीसडक, काठमाडौं
फोन : ४२६०६३२
पाइथागोरस एस.एल.सी.
होस्टल, न्यूरोड, पोखरा
०६१-५४२०९४

होटल तालीम
छुट्(%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)
(शनिवार बिहान १०:०० देखि दिउसो २:०० सम्म)

प्राइभेट Test/SLC
2064 मा भर्ना खुल्यो ।
विगतका वर्षहरूमा प्रथम श्रेणी सहित उत्कृष्ट नतिजा ल्याउन सफल ।
WISDOM
EDUCATION FOUNDATION
Ph.: 2340337,
Bagbazar (मितेरी अस्पताल अगाडि)




हरेक महिलाले जान्नै पर्ने
बेकरी/कुकिङ्ग
जमलेश्वर इन्स्टिच्यूट
(first & the foremost)

अंग्रेजि
दुई महिना मै!
*Basic *Intermediate *Advanced
जान्दै नजान्ने हरुको लागी विशेष व्यवस्था
Free:Books, Cassets & Video-CDs
TOEFL, IELTS
Study in:
UK, USA, Australia
Free: Email & Internet
Computer:
Basic to Diploma
Member Of ECAN
Getway ☎ 4241870
Educational Consultancy P. Ltd
Bagbazar, KTM.

निःशुल्क ब्युटिसियन ट्रेनिङ्ग
Basic, Diploma, Advance, Beautician Teacher Training, Hair dressing / Special Short
SLC दिनेकालाई विशेष प्राथमिकता



**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल ।**